CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकर लघु ग्रन्थत्रय

(१) गोविन्दाष्टक
(२) श्रीदक्षिणामूर्ति स्तोत्र
(३) उपदेशपञ्चक

ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकर लघु ग्रन्थत्रय

वेदान्त
८६३१

(१) गोविन्दाष्टक
(२) श्रीदक्षिणामूर्ति स्तोत्र
(३) उपदेशपञ्चक

वेदान्त
१६०

लेखक
श्रोत्रिय ब्रह्मनिष्ठ श्रीगुरुदेव
डॉ० क्षितीशचन्द्र चक्रवर्ती
(एम० ए० डी० फिल० बी० एल०)
संस्थापक–अद्वैत संस्था,
कुलपति–अखिल अद्वैत विश्वविद्यालय
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

□ प्रकाशक :
श्री अरिमर्दन मास्के,
विराटनगर कोशी अञ्चल,
नेपाल

□ सर्वाधिकार सुरक्षित :
अद्वैत संस्था, नेपाल

□ प्रकाशन तिथि :
वि० सं० २०३३ मार्ग शुक्ल भृगुवार
(सीता विवाह पञ्चमी)

□ प्रथम संस्करण : ११००

□ मूल्य : ७.००

□ मुद्रक :
श्री माहेश्वरी प्रेस,
भाट की गली (गोलघर),
वाराणसी-२२१००१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिको निःसन्दिग्ध बाटो

जुन श्रीगुरु मेरो अनन्त जन्मको कारणरूप अज्ञानलाई विनष्ट गराउन विषयाकार वृत्तिरहित मेरो शान्त अखण्ड अन्तः-करणमा प्रगट हुनुभएर, ज्ञानको क्रमिक बाटोलाई प्रदर्शन गराएर, श्रुतिको साररूप भएको यो भगवान शंकराचार्यको स्तोत्रहरू लेख्न आफै प्रेरणा दिनुभएर गोविन्द नाम र तडिल्लिपि उपाधियुक्त बनाएर साक्षात् जन्म-मरणको नाशको उपायरूप यी स्तोत्रहरू प्रदान गर्नुभएको छ; मेरो वास्तव स्वरूपदेखि अभिन्न यस्ता परम दयालु श्रीगुरुदेवमा सर्वतोभावले वन्दना गर्दछु ।

श्रीगुरुका यी कृतिहरूद्वारा यो स्पष्ट र निःसंदिग्ध जानिन्छ कि उहाँ हुनुहुन्छ साक्षात् ज्ञानको मूर्ति । जसरी वशिष्ठको उपदेशद्वारा राम, कृष्णको उपदेशद्वारा अर्जुन संसार सागरबाट पार तर्नुभएको थियो, ठीक त्यसरी नै कलियुगका हामी—जो अद्वैत-वासनायुक्त र साधन सम्पन्न मुमुक्षु शुद्धचित्त भएका छौं—श्रीगुरुको शरणापन्न भएर सजिलोसित ब्रह्मसाक्षात्कार प्राप्त गरीकन मुक्तहुन सक्दछौं, यसमा तिलभर पनि शंका छैन ।

जो अश्रद्धालु, संशयात्मा छन्, उनीहरूका लागि असंभव भए तापनि संसारबाट वीतरागी भएका मुमुक्षुहरूका लागि यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु, यस्तो संस्था र यस्ता नेपाली ग्रन्थ पाएको बखतमा मुक्त हुनु कुनै असंभव छैन। किनकि यो मुक्ति किम्वा आफ्नो स्वरूपको प्राप्ति कुनै नयाँ वस्तुलाई प्राप्त गर्नु ह्वैन।

यस्तो भवसागरतारक जहाजरूप यो अद्वैत संस्था पाएको बखत जो तर्दैन र तर्ने कोशिस गर्दैन भने स्पष्ट थाहा हुन्छ कि उसको चित्त शुद्ध भएको छैन। यस्तो मानिस आवश्यक निष्काम-कर्म र भगवद्भक्ति अर्जनद्वारा शुद्धचित्त बनीकन फेरि अद्वैत संस्थामा प्रवेश गरेर मुक्त हुन सक्नेछ।

जो अद्वैत-संस्थामा (अद्वैत आफ्नु वास्तव स्वरूपमा) स्थित हुँदैन—यो जन्ममा होस किम्वा सयजन्म पछि होस्—त्यसको मुक्ति हुँदै हुँदैन। यो हो गीतादि शास्त्रमा प्रसिद्ध कुरा।

श्रीगुरुको आज्ञानुसार यी साक्षात् संसारतापनाशक स्तोत्र-हरूलाई प्रकाशित गरीकन प्रकाशक अरिमर्दनज्यूले आफ्नो नामलाई सार्थक गर्नुभएको छ (शत्रुहरू माथि विजय प्राप्त गर्नु भएको छ)।

विनीत
गोविन्दराम सरस्वती
सभापति
अद्वैत संस्था, नेपाल

वाराणसी
०३३।८।३।५·

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकर लघु ग्रन्थत्रय

परमपूज्य श्रीगुरुदेव पं० शिवराम पुरुषोत्तमानन्द
(डा० क्षितीशचन्द्र चक्रवर्ती एम० ए० डी० फिल० वी० एल०)
जन्मतिथि :— सन् १८९९ वैशाख शुक्ल पञ्चमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्वचन

अद्वैत संस्थाका भक्तहरूबाट प्रकाशित पुस्तक पुस्तिकाहरूको यो विशेषता हुन्छ कि तिनीहरूमा संपूर्ण द्वैत प्रपञ्चको श्रुति, युक्ति र विद्वद्अनुभवद्वारा निरसनपूर्वक केवल परिशिष्ट स्वयं प्रकाशमान अद्वैत निजी स्वरूपको प्रतिपादन गरिन्छ। प्रसंगवश ईश्वरतत्त्व र मनुष्यको प्रारब्धमा अधिष्ठित भएको ईश्वर स्वरूपको निरूपण पनि उपलब्ध हुन्छ। ईश्वरस्वरूपको निरूपण हो केवल द्वैत प्रपञ्चको आत्यन्तिक निरसनको लागि। यसप्रकार जब निर्गुण ईश्वरको भक्तिपूर्वक जगतको निरसन हुन्छ, तब त्यो निरसनको अवधिरूपले ब्रह्मदेखि अभिन्न निर्गुण ईश्वररूप मुमुक्षुको आफ्नो निजी वास्तव स्वरूप स्वयं प्रकट भइहाल्छ। यसप्रकार ब्रह्मको अभिव्यक्ति केवल निश्चल (अखण्डाकार) बुद्धिमा संभव हुन्छ।

अद्वैत संस्थाका भक्तहरूद्वारा प्रकाशित अद्वैत-तत्त्वका प्रतिपादक पुस्तक पुस्तिकाको प्रकाशनमा मेरो हृदयतः आशीर्वाद छ। यसप्रकार अद्वैत विषयक पुस्तक प्रकाशनबाट भगवान पशुपतिनाथ प्रसन्न भएर प्रकाशकको हृदयमा स्थित पारमार्थिक अन्धकारलाई विनष्ट गरिदिनुहुन्छ र भक्त ईश्वरविज्ञानी बनिहाल्छ।

—क्षितीशचन्द्र चक्रवर्ती

लक्ष्मी निवास
२२ कांग्रेस एक्जिविशन रोड,
कलकत्ता-१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तावना

परमेश्वरको अनुग्रह विना ज्ञानवान गुरु र वेदान्तशास्त्र मिल्नु संभव छैन। सद्गुरुको अनुग्रहपूर्वक उपदेशलाई प्राप्त गरीकन त्यसको मनन र ध्यान समाधिको नित्य निरन्तर दीर्घकालीन अभ्यास भए जगद्वासनाको क्षय हुन्छ। फल स्वरूप अखण्डाकार वृत्तिको उदय हुन्छ र त्यसमा अभिव्यक्त भईकन परमात्माले अज्ञानलाई विनष्ट गरिदिनुहुन्छ। यस्को फलले सर्वदुःखनिवृत्तिपूर्वक निरतिशय आनन्दको प्राप्तिरूप मोक्षपद उपलब्ध हुन्छ। यसरी अनेक जन्मको सुकृतिबाट अन्तःकरण शुद्ध भए परमात्मा सद्गुरु र सच्छास्त्र प्राप्त गराइदिनुहुन्छ। जस्तो कि आज हामीलाई प्राप्त गराइदिनुभएको छ।

श्रीगुरुदेवको लेखनी अविरल गतिले चलिरहेको छ। मुमुक्षुहरूलाई मोक्षको उपाय सरलभन्दा सरलढंगले प्रदर्शन गरिवक्सँदै मोक्षको साक्षात् साधन ज्ञानतिर अग्रसर गरिवक्सने क्रम रोकिएको छैन। अद्वैत संस्था र नेपाली ग्रन्थहरू यसमा ज्वलन्त उदाहरण हुन्। आज भारत र नेपालका ज्ञानपिपासुहरू करुणामूर्ति श्रीगुरुदेवका अमृतमय उपदेशधाराबाट आप्लावित भैरहेकाछन्। वेदान्त जगत्यति धन्य भएको छ कि यो युग वेदान्तीहरूको लागि स्वर्णिम युग बन्न पुगेको छ। यसको महिमा भारत र नेपाल को इतिहासमा स्वर्णाक्षरले लेखिनेछ।

प्रस्तुत तीन ग्रन्थ भगवान शंकरका प्रकरण ग्रन्थ हुन। गुरुभक्त पं० ज्ञानहरि सरस्वती (पद्मपाद) ज्यूको अनुरोध अनुसार गोविन्दाष्टक र भक्तवर पं० नरपतिलाल त्रिवेदीजी राजस्थानको आकांक्षा अनुरूप श्रीदक्षिणामूर्ति स्तोत्रको व्याख्या लेख्ने संकेत हामीलाई गत भाद्र महिनाको कलकत्ता यात्राको अवसरमा बक्सेको थियो। त्यसै वेला कार्तिकमा काशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सवारी होइबक्सने निर्णय अनुसार कार्तिक १९ देखि २५ गतेसम्म काशी वालाजी मन्दिरमा "उपदेश पञ्चक"को व्याख्याद्वारा उपदेश वक्स्यो। पहिलेका दुई स्तोत्र काशी हाटकेश्वर भवनमा लेखाइवक्स्यो। उपदेश पञ्चक विशिष्ट गुरुभक्त तडिल्लिपि श्रीगोविन्दराम सरस्वती (हस्तामलक) ले उपदेशको वेला ज्यौंका त्यौं टिप्नुभयो। त्यसको सबैजसो अंश यहाँ परेको छ।

गोविन्दाष्टक—भक्तहरूको अन्तःकरणलाई शुद्ध तुल्याउन भगवान श्रीकृष्णका चरित्रहरूको यो अष्टकमा गाना गरिएको छ। यसका साथै भगवान् वास्तवमा मायाशक्तिरहित निर्गुण हुनुहुन्छ भन्ने श्रुतिको सिद्धान्त-लाई प्रतिश्लोकमा दर्शाइएको छ। श्रीगुरुदेववाट मुमुक्षुहरूलाई श्लोकहरूको अर्थ सुगम तुल्याउन कति सरल तरीका अपनाइवक्सेको छ, त्यो स्वयं पाठकहरू बुझ्न सक्नुहुने छ। यो अष्टक हो उपासनाप्रधान, गौणरूपले-यहाँ ज्ञान बताइएको छ।

श्रीदक्षिणामूर्त्यष्टकमा दश श्लोक छन्। तिनीहरूमध्ये प्रारंभका आठ श्लोकमा अद्वैत वेदान्तको मर्म प्रतिपादित भएको छ र पछिल्ला दुई श्लोकमा साधनाको उल्लेख छ। यो अष्टक हो ज्ञानगर्भित। यहाँ कर्मोपासना छैन। सम्पूर्ण वेदान्तवाट आचार्य शंकरले वेदान्तवाट अद्वैतामृत निकाल्नु भएर यो स्त्रोत्रमा सुरक्षित राखिदिनुभएको कुरा श्रीगुरुदेव आज्ञा हुन्छ। अनि वेदान्तमा प्रतिपादित भएका खास खास मसिना कुराहरूलाई श्रीगुरुदेवले साह्रै ठूलो दया गरीकन स्पष्ट पारिदिवक्सेको छ। यो स्तोत्र-मा चतुर्थ श्लोक हो ज्यादा प्रणिधान योग्य।

उपदेशपञ्चक—कर्मयोगदेखि शुरू गरीकन विदेहमुक्ति सम्मका सबै क्रमिक साधनहरूको आचार्य शंकरले यो पञ्चकमा उल्लेख गर्नु भएको छ। ज्ञानवानको आशयलाई ज्ञानीले नै जान्न सक्नुहुन्छ। अत एव प्रत्येक साधनलाई सुस्पष्ट पारिबक्सँदै श्रीगुरुदेववाट सातदिन सम्म यो उपदेश-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चकको अपठित सीदा सादा अद्वैत संस्थाका ज्ञानी भक्तहरूका निमित्त व्याख्या गरिबक्सेको छ ।

यसरी तीव्र मोक्षको कामना राख्ने सज्जनहरूको हातमा यो 'शंकर लघु ग्रन्थत्रय' विना यत्न प्राप्त भएको छ । यो हो भक्त जनमाथि परमात्मा-को ठूलो अनुग्रह ।

काशी समारोहको पछि यो ग्रन्थ छाप्न श्रीगुरुदेवको आज्ञा पाएर म काशीमा रहन पाएँ । कापी उतार्ने, प्रूफ हेर्ने आदि कार्य गर्न पाउँदा यी ग्रन्थहरूको आशयलाई झन झन बुझ्न पाएँ । यो हो श्रीगुरुदेवको मप्रति असीम कृपा । म सदैव उहांप्रति नमस्तक छु ।

यस्तो पवित्र काममा भाग लिन सदैव प्रेरणा र सहयोगको भाव राख्नुहुने हाम्रा अद्वैत संस्थाका आदरणीय वन्धुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रकाशनसम्बन्धी कामका अतिरिक्त धैरै प्रकारको सहयोग गर्ने धर्मनिष्ठ सदैव धन्यवादका पात्र छन् । ग्रन्थ-प्रकाशनमा आर्थिक अभिभारा वहन गर्नुहुने श्रीमास्केज्यूप्रति शतशः धन्यवाद दिन्छु ।

रामघाट, वाराणसी
०३३ मार्ग शु० पञ्चमी

गुरुचरणरजः
ज्ञानेश्वर सरस्वती 'देवेश्वर'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ग्रन्थप्रकाशक श्री अरिमर्दनमास्के

जन्मभूमि—पूर्व धनकुटा जलजले। जन्मतिथि—सं० १९५६ मार्ग २९ गते। पितृनाम—स्व० पद्मसिह मास्के र मातृनाम—स्व० कृष्णकुमारी। हाल—निवास विराट नगर। प्रतिष्ठित खानदानी परिवार। सरल स्वभावका धर्म कर्ममा रुचि राख्ने। ०३२ सालमा अद्वैत संस्यासित सम्पर्क। सत्संगमा अभिरुचि। ०३३ साल कार्तिकमा सर्वप्रथम श्रीगुरुदेवको काशीमा दर्शन पाएपछि विशेष प्रभावित। वेदान्तका जिज्ञासु सज्जन गुरुभक्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तलको चित्र-परिचय

अँगाडिपट्टि, दाहिनेबाट—श्रीविश्वनाथ पाण्डेय शाखाप्रमुख वाराणसी, अद्वैत विश्वविद्यालय सभापति श्रीवसन्तलाल सरस्वती (आनन्दज्ञान), अद्वैत संस्था केन्द्रीय सभापति श्रीगोविन्दराम सरस्वती (हस्तामलक), केन्द्रीय सचिव श्रीज्ञानेश्वर सरस्वती (देवेश्वर), श्रीरत्नवहादूर के० सी० सर्वप्रधान अद्वैतसम्वर्द्धक, धर्मनिष्ठ डिल्लीराज सरस्वती अञ्चलप्रमुख लुम्बिनी ।

पछाडिपट्टि, दाहिनेबाट—श्रीदेवनाथ वाँस्तोला अञ्चल उपप्रमुख नारायणी, अद्वैत संस्थाका प्रेमी सज्जन वासी, श्रीमनवल्लभ काफ्ले अञ्चल सचिव नारायणी, श्रीछविलाल ज्ञवाली शाखाप्रमुख रिडी, श्रीभद्र-वहादूर प्रधान जिल्लाप्रमुख रूपन्देही, श्रीविकुलाल श्रेष्ठ जिल्लाप्रमुख मकवानपुर, श्रीसुरेशप्रसाद पाण्डेय 'व्यास' वाराणसी ।

↓

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्रीगुरुदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

(काशीसमारोह ०३३।७।२४)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुवन्दना

सर्वोपरि शास्त्र हो वेद। त्यस्को पनि अन्तिम सार हो वेदान्त वेदान्त शास्त्रको सहारा विना मानिसको सर्वदुःखनिवृत्तिपूर्वक अन्तिम सुख-प्राप्ति हुनु संभव छैन। त्यसोहुनाले विभिन्न युगमा भिन्न भिन्न आचार्यहरूको रूप लिएर यस पृथ्वीमा ज्ञानवानहरू आविर्भूत हुनुहुन्छ। वेदान्तको उपदेश दिने एकमात्र यस्ता श्रोत्रिय ब्रह्मनिष्ठ गुरुलाई अधिकार छ। गुरुको सेवा गरीकन आफ्नो स्वरूप जान्ने इच्छा भएका नम्र शिष्यहरूलाई श्रीगुरु उपदेश दिनुहुन्छ। गीता ४।३४ (गीतामृत पृष्ठ १३३–३४)।

जसरी भगवान वशिष्ठसंग राम भगवानले नम्रतापूर्वक प्रश्न गर्नु-भएको थियो। वशिष्ठको उपदेशवाट रामको अज्ञान निवृत्त भएको थियो। कृष्णको उपदेशबाट अर्जुनको। जुन ब्रह्म विद्याको वारेमा आद्य जगद्गुरु शंकराचार्यले पनि धेरै ग्रन्थहरू बनाएर जानुभयो, त्यसरी नै आज प्रातः-स्मरणीय पूज्य गुरुदेवद्वारा अद्वैतसंस्था, अद्वैत महाविद्यालय एवं अद्वैत विश्वविद्यालयको स्थापन गरी नेपाली ग्रन्थरत्नहरू स्वयं श्रीमुखवाट प्रदान गरिवक्सेर मुमुक्षुहरूलाई आफ्नो सच्चित् हिस्सा हो आनन्द र अद्वितीय ब्रह्म, भनी स्पष्ट अनुभव गराइदिवक्सिएको छ।

जीवको उपाधि अन्तःकरण र ईश्वरको उपाधि जो माया किम्वा अविद्या हो त्यसलाई निवृत्त गरी अखण्डाकार वुद्धिमा प्रतिविम्वित भैकन अज्ञान र त्यस्को कार्य अन्तःकरणको नाश गरी स्वयंप्रकाशरूपले परिशिष्ट रहने प्रातः स्मरणीय श्रीगुरुदेवमा वन्दना गर्दछु।

यो ग्रन्थरत्नलाई प्रकाशन गर्न काशीमा वसी सहयोग गर्नु भनी श्रीचरणवाट आज्ञा वक्सेकोमा काशीमा रहेर ज्ञानलाई दृढ गर्ने अमूल्य मौका पाएँ। श्रीगुरुका अत्यन्त प्रियशिष्य श्रीदेवेश्वर गुरु—जसले निरन्तर नेपाली किताबको मर्म बुझाइदिइरहनुहुन्छ, उहाँको सदैव म ऋणी छु।

तारक भवन थोर्गा
०३३ विक्रम मार्गशीर्ष पञ्चमी

श्रीगुरुदेवको कृपापात्र
धर्मनिष्ठ डिल्लीराज सरस्वती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शङ्कर लघु ग्रन्थत्रय
प्रतिपाद्य विषय-सूची

गोविन्दाष्टक : पृष्ठ

१. परमात्माको पारमार्थिक स्वरूप र मायिक लीलाको वर्णन (श्लोक–१) १
२. ईश्वरलाई कुनै शिक्षाको प्रयोजन छैन (श्लोक–२) १२
३. श्रीकृष्णको कृत्य र स्वरूपको वर्णन (श्लोक–३) १७
४. परमात्मा परमार्थतः चिद्रूप भए पनि लीलाद्वारा भक्त जन माथि अनुग्रह गर्नुहुन्छ (श्लोक–४) २२
५. "ब्रह्म हो शास्त्रप्रमाणको गम्य" यसको वर्णन (श्लोक–५) २६
६. जीवन्मुक्त पुरुषको लीलावर्णन (श्लोक–६) ३२
७. भक्त वत्सल परममंगलरूप परमात्माको स्तुति (श्लोक–७) ३६
८. देवताहरूको दर्पलाई दलन गर्ने वृन्दावनविहारीको स्तुति (श्लोक–८) ३९
९. गोविन्दाष्टक स्तोत्रको पाठको माहात्म्य (श्लोक ९) ४२

श्रीदक्षिणामूर्त्यष्टक :

१. जगतको अधिष्ठान भएको हुनाले प्रत्यक्चैतन्य हो परमेश्वर—त्वंपदार्थको विवेक (श्लोक–१) ४५
२. माया शब्दको व्याख्या—तत्पदार्थको प्रतिपादन (श्लोक–२) ५३
३. पदार्थद्वयको ऐक्यरूप महावाक्यको अर्थ वर्णन (श्लोक–३) ५९
४. आत्मसत्ताबाट जगत् प्रकाशित र सत्तायुक्त भैराखेको छ (श्लोक–४) ६३
५. ब्रह्म र आत्मस्वरूपको एकताको बारेमा प्राप्त विरोध शंकाको परिहार (श्लोक–५) ७४
६. सुषुप्ति अवस्थामा आत्माको अस्तितताप्रतिपादन (श्लोक–६) ७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ

७. आत्माको स्थायित्वमा प्रमाण प्रत्यभिज्ञाको स्वरूप र प्रयोजन (श्लोक–७) ८५

८. ब्रह्मसाक्षात्कार नहुनुसम्म मायावशात् सारा व्यवहार घटिरहन्छ (श्लोक–८) ९३

९. मन्द अधिकारीको लागि उपासना र उत्तम अधिकारीको लागि विचार प्रदर्शन (श्लोक–९) ९६

१०. स्तोत्रपाठको फल सर्वात्मभावको प्राप्ति (श्लोक–१०) १००

उपदेशपञ्चक :

१. निष्काम कर्मरूप परमात्माको अर्चना हो पापरूप मल-दोषको निवारणको उपाय (प्रथम दिनको उपदेश–मंगलाचरण) १०५

२. कर्मानुष्ठान र कर्मपरित्याग (द्वितीय दिनको उपदेश श्लोक–१) १११

३. विविदिषा प्राप्ति र महावाक्यार्थको श्रवण (तृतीय दिनको उपदेश श्लोक–२) ११६

४. वाक्यार्थ विचार, कुतर्कको परित्याग, ब्रह्मध्यान र देहाभिमानको परित्याग (चतुर्थ दिनको उपदेश श्लोक–३) १२२

५. सत्त्वगुणको विकासको उपाय–सन्तोष तितिक्षा आदि गुणावली (पाँचौ दिनको उपदेश श्लोक–४) १२७

६. आत्माकार वृत्तिको परित्यागपूर्वक ब्रह्माकार वृत्तिको उदय जीवन्मुक्ति (छैठों दिनको उपदेश श्लोक पञ्चमको पूर्वार्द्ध) १३३

७. ब्रह्माकार वृत्तिको भंग विदेहमुक्ति (सातौं दिनको उपदेश श्लोक पञ्चमको उत्तरार्द्ध) १३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोविन्दाष्टक

प्रथम श्लोक

अवतरणिका

जस्को शुभ चरित्रलाई सनकादि मुनिहरूले (श्लोक ८ हेर्नु) प्रतिदिन गाना गर्नुहुन्छ, जो हुनुहुन्छ सारा विशेष-रहित साच्चित् आनन्द स्वरूप अद्वितीय परमात्मा—यस्ता श्रीकृष्णचन्द्र यो जगत्मा सारा जीवको कल्याणको लागि—र पृथिवी देवताको सविनय प्रार्थनालाई सुनीकन त्यसको भार हरण गर्ने इच्छाले—यदु कुलमा अवतार ग्रहण गरीकन पिता नन्दको मन्दिरमा लीलाविहार गर्नु-भएको थियो; त्यो लीलाविहारको कथा भगवान् शंकराचार्य यो स्तोत्रमा आठ श्लोक द्वारा कथन गरीकन श्रीकृष्ण परमात्माको स्तुति गर्नुहुन्छ ("ईश्वरविज्ञान" ग्रन्थ पृष्ठ २५–२७ हेर्नु)—

सत्यं ज्ञानमनन्तं नित्यमनाकाशं परमाकाशम् ।
गोष्ठप्राङ्गणरिङ्गणलोलमनायासं परमायासम् ॥
मायाकल्पितनानाकारमनाकारं भुवनाकारम् ।
क्ष्मामानाथमनाथं प्रणमत गोविन्दं परमानन्दम् ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वय, पदच्छेद र शब्दार्थ

सत्यम् = जो तीनै कालमा अबाधित हुनुहुन्छ, उहाँलाई

ज्ञानम् = जो ज्ञानस्वरूप (स्वयं प्रकाशमान हो), उहाँलाई

अनन्तम् = जो देश, काल र वस्तुकृत परिच्छेदरहित हुनुहुन्छ, उहाँलाई

अनाकाशम् = जो आकाशदेखि भिन्न (अर्थात् जो उत्पत्तिरहित) हुनुहुन्छ (आकाशको उत्पत्ति हुन्छ, ब्रह्मसूत्र ३।३।१), उहाँलाई

परमाकाशम् = जो हुनुहुन्छ साराको प्रकाशक (सूर्य चन्द्रको प्रकाशक), उहाँलाई

गोष्ठप्रांगणरिङ्गणलोलम् = गौशालाको आँगनमा खेल्नको लागि जो चञ्चल हुनुभएको-छ, उहाँलाई

अनायासम् = जो वास्तवमा श्रमरहित (क्रियारहित निर्विकार) हुनुहुन्छ, उहाँलाई

परमायासम् = जो अविद्यावशात् कर्तृत्व भोक्तृत्वयुक्त अर्थात् आयासयुक्त भनी प्रतीत हुनुहुन्छ, उहाँलाई

मायाकल्पितनानाकारम् = जो मायाशक्तिकासाथ सम्बन्धयुक्त भएर अनेक शरीर आदि आकारमा प्रतीत हुनुहुन्छ, उहाँलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनाकारम् = जो वास्तवमा शरीर भोगरहित भएकोहुनाले नित्य मुक्त हुनुहुन्छ, उहाँलाई

भुवनाकारम् = ब्रह्मादेखि शुरू गरीकन स्तम्बपर्यन्त मायामय जस्को आकार हो, उहाँलाई ("हरिस्तोत्र"को सर्वत्रास्ते सर्वशरीरी भन्ने श्लोक १२ पृष्ठ ५१ हेर्नु)

क्ष्मामानाथम् = जो पृथ्वीदेवी र लक्ष्मी देवीका पति हुनुहुन्छ (अन्तर्नियामक हुनुहुन्छ, बुद्धिवृत्तिको प्रेरक हुनुहुन्छ), उहाँलाई

अनाथम् = जो आफू स्वतन्त्र हुनुहुन्छ, उहाँलाई

परमानन्दम् = उपमानरहित (तुलनारहित) आनन्दरूप (निरतिशय आनन्दस्वरूप) भगवान् श्रीकृष्णलाई,

गोविन्दम् = जो वेदको महावाक्य द्वारा हृदयमा उपलब्ध हुनुहुन्छ, त्यो गोविन्द भगवान् श्रीकृष्ण परमात्मालाई

प्रणमत = हे जीवहो, तपाईंहरू श्रद्धाभक्तिपूर्वक नमस्कार गर्नुहोस्; अर्थात् शरीर मन र वाणीद्वारा अर्चना गर्नुहोस (जसको फलले परमेश्वरको प्रसादबाट सत्य ज्ञानादि लक्षण परमार्थलाई तपाईंहरू प्राप्त गर्नुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावार्थ

जो परमात्मा तीनै कालमा विद्यमान हुनुहुन्छ, जो स्वयं प्रकाश र सारा परिच्छेदरहित हुनुहुन्छ, जो उत्पत्ति-रहित र निराकार भैकन पनि साकार रूपले प्रकट भएर व्रजको गोशालाको प्रांगणमा गोवत्सहरूको पछि पछि दगुर्दै चपल वालकृष्ण श्रीश्यामसुन्दर रूपले प्रसिद्ध हुनुहुन्छ, वास्तवमा जो सारा संसारको श्रमबाटरहित निर्विकार कूटस्थ भैकन पनि अनादि अविद्याको सम्पर्कले कर्तृत्व भोक्तृत्व आदि धर्मको अनुभवपूर्वक श्रमयुक्त प्रतीत हुनुहुन्छ। यद्यपि भगवान् कृष्ण निर्गुण निराकार हुनुहुन्छ तापनि अघटन घटना पटु मायाशक्तिको प्रभावले जो अनेक शरीर आदि आकारमा प्रतीत हुनुहुन्छ र सम्पूर्ण चतुर्दश भुवनको आकारमा प्रतीत भैराख्नुभयो। जो हुनुहुन्छ पृथ्वी देवता र लक्ष्मी देवीका स्वामी (अन्तर्यामी पुरुष)। तर वास्तवमा हुनुहुन्छ अन्तर्नियमन क्रियादेखि अतीत, यस्ता परमात्मस्वरूप गोविन्द भगवान् श्रीकृष्णलाई हे जीव हो, तपाईंहरू श्रद्धाभक्तिपूर्वक शरीर, मन र वचन-द्वारा अर्चना गर्नुहोस। यसको फलले मात्र भगवान् प्रसन्न भईकन तपाईंहरूको हृदयमा स्पष्टरूपले अभिव्यक्त भएर तपाईंहरूको सारा दुःख नष्ट गरिदिनुहुन्छ (ईश्वर विज्ञान पृष्ठ २८–२९ हेर्नुस्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशद व्याख्या

एक अद्वितीय त्रिविध परिच्छेदरहित ब्रह्म माया शक्ति द्वारा जगतलाई सृष्टि गरीकन त्यसको भित्र प्रविष्ट हुनु भएको छ। जो जड चेतन रूप सृष्ट प्रपञ्चको भित्र प्रवेश गर्नुभएको छ, उहाँलाई "प्रवेष्टा" भनिएको छ। जो भित्र स्थित भइराखेको छ, त्यसलाई प्रविष्ट भनिएको छ। यसरी वास्तवमा प्रविष्ट जीव (साक्षिचैतन्य) प्रवेष्टा परमात्मादेखि भिन्न हैन, किन्तु अन्तःकरणसित मिलनको (मिल्नुको, अध्यासको) फलले जीवात्माको जाग्रत आदि अवस्थाहरूसित सम्बन्धवशात् आत्मा तीन अवस्थासित युक्त प्रतीत हुन्छ। परमात्मा हो अवस्थात्रयदेखि अतीत। आत्मा सुषुप्ति अवस्थामा (अवोधपूर्वक) ब्रह्म-भाव (आफ्नो वास्तव निरूपाधिक ब्रह्मस्वरूप) प्राप्त गर्छ। स्वप्नमा इन्द्रिय विना विषयहरूलाई ग्रहण गर्छ। जाग्रत अवस्थामा इन्द्रिय द्वारा विषयलाई ग्रहण गर्छ। यसरी निरन्तर विद्यमान भएको हुनाले यसलाई आत्मा भनेको छ। परमानन्दरूप भगवान गोविन्दलाई भक्ति श्रद्धापूर्वक अर्चना गरे मुमुक्षु पुरुष आफ्नो हृदयमा अखण्डाकार वृत्तिमा अभिव्यक्त सत्य ज्ञानादि लक्षण परमात्मास्वरूप-को साक्षात् अनुभव गर्न सक्छ (यसरी प्रविष्ट पुरुषले आफ्नो वास्तव स्वरूप प्रवेष्टासित एकताको अनुभव गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्छ, यो नै हो अर्चनाको मुख्य फल, अर्थात् सारा बन्धन-बाट मुक्ति)। भगवद् गीता १८।६५ गीतामृत पृष्ठ ६२० हेर्नु।

गोविन्द शब्दको अर्थ हो "तिमी ह्वौ परमात्मस्वरूप" यो महावाक्य द्वारा अभेदले जस्को उपलब्धि हुन्छ त्यो परमात्म वस्तु। आत्माको (शरीरको भित्र अनुप्रविष्ट पुरुषको) एकमात्र कर्तव्य हो परमात्मा आफ्नो वास्तव स्वरूप प्रवेष्टाको साथ निर्विकल्प समाधिमा बोधपूर्वक एकताको अनुभव गर्नु। सुषुप्ति अवस्थामा अवोधपूर्वक र समाधिमा बोधपूर्वक ब्रह्मभाव प्राप्त हुन्छ। **त्यसको एकमात्र साधन हो अतिशय भक्तिश्रद्धापूर्वक भगवान गोविन्दलाई नमस्कार गर्नु।**

"सत्य"—जो कहिले पनि बाधित (अरू ज्ञानद्वारा असत्य रूपले निर्णीत) हुन सक्दैन; जस्तो विवेक ज्ञान-द्वारा सिपीमा चाँदी मिथ्यारूपले निर्णीत हुन्छ। परमात्मा भगवान गोविन्द हो अकल्पित वस्तु। त्यसको कहिले पनि रूपान्तर प्राप्ति संभव छैन। सत्य वस्तु हो एक र नित्य।

प्रश्न—परमात्माको सत्यताको बारेमा प्रमाण छ कि ? यदि छ तब त्यो प्रमाणको विषय भएको हुनाले घटादि झैं असत्य हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर—यो ठीक हैन । परमात्मा हो स्वयं प्रकाश (ज्ञानस्वरूप र नित्य सिद्ध)।

प्रश्न—परमात्मा कसरी अनन्त हुन सक्छ ?

उत्तर—त्यसको इयत्ता नभएको हुनाले। त्यो सारा ठाउमा सारा कालमा (अतीत वर्तमान र भविष्यमा) सारा पदार्थमा विद्यमान भैराखेको छ। परमात्मा हो सर्वगत (देशकृत परिच्छेदरहित)। परमात्मा जन्म ग्रहण गर्नुहुन्न र विनाश प्राप्त हुनुहुन्न (कालकृत परिच्छेद रहित)। परमात्मा हो सारा पदार्थको उपादान (वस्तु-कृत परिच्छेद रहित); परमात्मा बाहेक अरू कुनै वस्तु छैन।

प्रश्न—अच्छा, नाना वस्तु त छ नि।

उत्तर—यो नाना वस्तु पहिले (अतीत कालमा) विद्यमान थिएन र पछि (भविष्यत्मा) पनि विद्यमान रहँदैन। त्यसकारण ऐले पनि (वर्तमानमा पनि) वास्तवमा छैन। सम्पूर्ण द्वैत पदार्थ हो अनादि अविद्या द्वारा परि-कल्पित मात्र।

प्रश्न—यस्को हेतु के हो ?

उत्तर—रज्जु सर्पादि झैं केवल दृश्य भएको हुनाले यो हो अधिष्ठान मात्र स्वरूप। अधिष्ठान परमात्मा हो नित्य (अविनाशी)—सर्वदा विद्यमान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—अच्छा, नित्य आकाश आदि उत्पन्न भएको हुनाले अनित्य भनि सिद्ध भो । त्यस्तै नित्य आत्मा पनि किन अनित्य हुँदैन ?

उत्तर—आत्मा हो आकाश देखि विलक्षण; त्यस-कारण भगवानलाई अनाकाश भनिएको छ । परमात्मा हो संगरहित—सर्वसंगविनिर्मुक्त ।

प्रश्न—-भगवानलाई परमाकाश किन भनिएको छ ?

उत्तर—गोविन्द भगवान (श्रीकृष्ण परमात्मा) हुनुहुन्छ सूर्य चन्द्रको पनि प्रकाशक; उहाँ शरीरको भित्र प्रविष्ट भैकन जब "म" रूपले (अस्मत् प्रत्यय रूपले किम्वा प्रत्यगाकार बुद्धि वृत्तिरूपले) बुद्धिको सात्विक हिस्सामा प्रतिफलित हुनुहुन्छ तब **त्यो प्रकाशको अन्तर्भूत भैकन साभास बुद्धिको तामसिक हिस्सारूप सूर्य चन्द्र आदि प्रकाशित** हुन्छ । यस्को स्वरूप हो—"म प्रकाशमान सूर्य चन्द्रलाई जान्दछु" । श्रुतिमा भनेको छ—(म रूपले) तिनी प्रकाशमान भएमा नै त्यो प्रकाशको अन्तर्भूत भएर सारा वस्तु प्रकाशित हुन्छ । स्मृतिमा पनि भनेको छ— "सूर्यको जो प्रकाश हो, चन्द्रको जो प्रकाश हो र अग्निको जो प्रकाश हो त्यो सारा हो मेरो प्रकाशको अन्तःपाती (परम प्रकाशरूपममा अध्यस्त मात्र) । गीता १५।१२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीदक्षिणामूर्ति स्तोत्र श्लोक ४, "शतश्लोकी" श्लोक ६० र "विवेक चूडामणि" श्लोक ३८१ हेर।

प्रश्न—वर्तमान स्तोत्रको प्रतिपाद्य विषयसित यस्को सम्बन्ध के हो ?

उत्तर—नन्दगृहमा लीला विहारको वर्णना द्वारा त्यो परमाकाश रूप गोविन्द भगवानको स्तुति गरिएको छ। जो ज्योतिका पनि ज्योति हुनुहुन्छ त्यस्ता श्रीकृष्ण परमात्मा नै नन्दगृहमा जन्म लीकन यो स्तोत्रमा वर्णित लीलाहरू गर्नु भएको थियो, अरू कोही हैन। स्तुतिको योग्य हो केवल (कृष्णरूपले अवतीर्ण) परमात्मा। ईश्वर विज्ञान पृष्ठ २८–२६ हेर।

प्रश्न—गोशालाको प्रांगणमा गोवत्सहरूको पछि पछि कृष्णको खेलको वर्णनाको आशय के हो ?

उत्तर—गोष्ठ = चैतन्य द्वारा अधिष्ठित अहंकार; त्यो अहंकार हो अभिव्यक्तिस्थान (प्रांगण)। कस्को ? नन्द दुलारको खेल्नेको (रिंगणाको)। खेल्नुको आशय हो कार्यकारण संघातको प्रेरकता।

प्रश्न—यसको स्पष्टीकरण गर्नुहोस्।

उत्तर—अहंकारद्वारा जीवको जो चेष्टा हो त्यो हो परमेश्वरको प्रेरणाको फल। परमेश्वर हो अन्तर्यामी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहाँ सारा जीवको भित्र स्थित भैकन देह, इन्द्रिय, मन, बुद्धिलाई नियमन (नियंत्रण) गर्नुहुन्छ (बुद्धिलाई प्रेरणा गर्नुहुन्छ। गीता १८।५९-६१ हेर्नु (गीतामृत पृष्ठ ६१४-१५ हेर्नु) र हरिस्तोत्र श्लोक २१ पृष्ठ ९१-९२ हेर्नु।

प्रश्न—कृष्णलाई "लोल" किन भनेको छ ?

उत्तर—कार्यकारण संघातको प्रेरक भएको हुनाले उहाँ श्रमयुक्त (चञ्चल) भनी प्रतीत हुनुहुन्छ।

प्रश्न—तब त उहाँ विकारो हुनुभयो ?

उत्तर—वास्तवमा उहाँ आयास रहित हुनुहुन्छ। किनकि बुद्धिको सान्निध्यवशात् (बुद्धिको समीपमा स्थित भएको हुनाले) बुद्धिको प्रेरक भनी प्रतीत भए तापनि वास्तवमा कृष्ण परमात्माको कुनै आयास (परिश्रम) छैन। जस्तो आयास विना चुम्बकले फलामलाई प्रेरणा गर्छ (चलाईहाल्छ)। त्यस्तै प्रेरक भए तापनि ईश्वर हो श्रमरहित।

प्रश्न—तब परमायास किन भनेको छ ?

उत्तर—मन बुद्धि चित्त अहंकार द्वारा (बुद्धिधर्मको अध्यास द्वारा) कर्ता भोक्ता सुखी दुःखी भएको हुनाले ईश्वर अत्यन्त श्रमयुक्त भनी प्रतीत हुनुहुन्छ। आयास =

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ता भोक्ताभाव । गीता १५।७-९ (गीतामृत पृष्ठ ५१६-१७ हेर) ।

प्रश्न—एक ईश्वरमा दुवै भाव (अनायास म, परमायास म) कसरी संभव हुन्छ ?

उत्तर—मायाद्वारा कल्पित भएको हुनाले दुवै संभव हुन्छ। शरीर आदि मायाकृत भएकोले तज्जनित आयास पनि हो मायाकल्पित (मिथ्या) ।

प्रश्न—परमात्मा अनाकार भए "भुवनाकार" कसरी हुन्छ ?

उत्तर—ईश्वर सबमा विद्यमान छ। सारा शरीर हो ईश्वरको, यो हरिस्तोत्रमा पनि उक्त भएको छ। पृष्ठ ५२ हेर ।

प्रश्न—"क्ष्मामानाथ" शब्दको अर्थ के हो ?

उत्तर—पृथ्वी र लक्ष्मीको स्वामी (दुवैको अन्तर्नियामक पुरुष) ।

प्रश्न—परमेश्वर अनाथ किन ?

उत्तर—परमेश्वर हो आफू स्वतंत्र (असंग); किनकि सारा भेदरहित एक र अद्वितीय वस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय श्लोक

अवतरणिका

श्रुतिमा उक्त भएको छ कि माता पिता आचार्य आदिको उपदेश द्वारा मनुष्यलाई ज्ञान हुन्छ। त्यस्तै ईश्वरको पनि कोही शिक्षक होला ? यसको जबाफमा भनिएको छ कि ईश्वरलाई कुनै शिक्षाको प्रयोजन छैन।

मृत्स्नामत्सीहेति यशोदाताडनशैशवसन्त्रासम्।
व्यादितवक्त्रालोकितलोकालोकचतुर्दशलोकालिम् ॥
लोकत्रयपुरमूलस्तम्भं लोकालोकमनालोकम्।
लोकेशं परमेशं प्रणमत गोविन्दं परमानन्दम् ॥२॥

अन्वय, पदच्छेद र शब्दार्थ

इह = यो दूध, दहि, मख्खन आदि सारा खाद्य पदार्थयुक्त मेरो घरमा बसीकन पनि।

मृत्स्नाम् अत्सि = तिमी माटो खाइराखेका छौ।

इति = यसरी।

यशोदाताडनशैशवसन्त्रासम् = जो यशोदा आमाबाट ताडना हुँदा वालकोचित भययुक्त हुनुभएको थियो, उहाँलाई (श्रद्धा भक्ति पूर्वक नमस्कार गर)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यादितवक्त्रालोकितलोकालोकचतुर्दशलोकालिम् = "मैले माटो खाएको हैन, मेरो मुख हेर्नुस्" यति भनेर मुख खोलीकन जसले आमालाई मुखको भित्र चौध लोकको समुदाय दर्शन गराउनुभएको थियो, ती श्रीकृष्णलाई (नमस्कार गर)।

लोकत्रयपुरमूलस्तम्भम् = जो प्रभु श्रीकृष्ण हुनुहुन्छ भु:भुव: स्व: यो तीन लोकरूप पुरीको कारणरूप आधार उहाँलाई (नमस्कार गर)।

लोकालोकम् अनालोकम्=जो ब्रह्मादेखि शुरू गरीकन तृण सम्मको प्रकाशक र स्वयं ज्योति हो उहाँलाई,

लोकेशम्=वायु अग्नि आदिको जो प्रेरक हुनुहुन्छ, उहाँलाई,

परमेशम्=ब्रह्मा विष्णु आदिका जो प्रेरक हुनुहुन्छ, उहाँलाई,

परमानन्दम्=निरतिशय आनन्दस्वरूपलाई,

गोविन्दम्=गोविन्द भगवान श्रीकृष्ण परमात्मालाई,

प्रणमत=हे जीव हो, तपाईंहरू श्रद्धा भक्तिपूर्वक नमस्कार गर्नुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावार्थ

"हे कृष्ण, दूध, दहि, मख्खन आदि सारा खाद्य पदार्थयुक्त यो मेरो घरमा रहीकन तिमी माटो खाइ-राखेका छौ" यसरी यशोदा आमाले ताडना गरेपछि भययुक्त बालक कृष्णले "आमा, मैले माटो खाएको हैन, तपाईंले मेरो मुख हेर्नुस" भनी आफ्नो मुख खोलेर आमालाई मुखको भित्र स्थित लोकालोक पर्वत समेत चौध लोकको समुदाय देखाउनुभएको थियो, ती श्रीकृष्ण हुनुहुन्छ तीन भुवनका एक मात्र आधार, ब्रह्मा देखि शुरू गरीकन स्तम्ब सम्म सारा लोकका प्रकाशक र आफू स्वयं प्रकाशमान । उहाँ अग्नि वायु आदि देवताका प्रेरक हुनुहुन्छ र ब्रह्मा विष्णु आदि देवताका पनि नियन्ता हुनुहुन्छ ती सर्वज्ञ सर्वेश्वर कृष्ण भगवानलाई हे जीव हो, तिमीहरू मन, वाणी र कर्म द्वारा भक्ति श्रद्धापूर्वक अर्चना गर (पूजा गर) ।

विशद व्याख्या

हे कृष्ण, यो क्षीर आदि नाना भोग्य वस्तु सम्पन्न मेरो गृहमा तिमी किन माटो खाइरखेका छौ ? यसरी यशोदाले ताडना गरेपछि कृष्ण बालक झैं भीत हुनुभएको थियो र माटो खानुको अपराध-परिहारको लागि आमालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वरूप देखाउनुभएको थियो । मुखलाई प्रसारित गरीकन त्यो मुखको भित्र भुर्लोक आदि सप्त लोक र अतल वितल आदि सप्त लोक यो चदुर्दश लोक (चतुर्दश लोकको आलि किम्वा श्रेणी) देखाउनुभएको थियो । ती कृष्ण परमात्मा हुनुहुन्छ भुर्भुवः स्वः यो तीन भुवनको स्थितिको हेतु । गीता १५।१२ अनुसार (गीतामृत पृष्ठ ५२२–२३ हेर) ब्रह्मादेखि तृणसम्मका पदार्थको प्रकाशक भैकन पनि कृष्ण हुनुहुन्छ स्वयं प्रकाशमान (अर्थात् लोकको आलोक भैकन पनि उहाँ आफू हुनुहुन्छ अरू आलोकरहित किम्वा अनालोक) । उहाँ आफू आलोक किन ? किनकि त्यसो नभए अनवस्था प्रसंग प्राप्त हुन्छ । जो लोकको आलोक हो त्यो आलोकान्तररहित वस्तु सिद्ध हुन्छ ।

कृष्ण हुनुहुन्छ **स्वयं प्रकाश** । यसको अर्थ यो हो कि श्रद्धालु मुमुक्षु पुरुषका लागि (१) अवेद्य भैकन पनि (किनकि मुमुक्षु पुरुषको स्वरूपदेखि भगवान् कृष्ण भिन्न हैन) मुमुक्षु पुरुषले उहाँलाई आफूदेखि पृथक् भनी अनुभव गर्दैन, किन्तु आफ्नो वास्तव स्वरूप भनी अनुभव गर्छ । यसैलाई नै साक्षात् अनुभव, अद्वैतानुभव, अपरोक्ष अनुभव किम्वा साक्षात्कार भनेको छ । (२) उहाँ हुनुहुन्छ **अपरोक्ष अनुभवको योग्य वस्तु** । जसले हामीहरूलाई सृष्टि गरीकन हामीहरूको शरीरभित्र प्रवेश गर्नुभएको छ, उहाँ नै हुनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ हाम्रो वास्तव स्वरूप। प्रविष्ट पुरुष (त्वं पदार्थ) हो प्रवेष्टा पुरुष (तत्पदार्थ) देखि अभिन्न। यसको प्रमाण हो वेदको महावाक्य। वेद हो अभ्रान्त र अज्ञात ज्ञापक ("अद्वैत तात्पर्य" पृष्ठ ७९–८० हेर)।

कृष्ण हुनुहुन्छ लोकेश। "परमेश्वरको डरले वायु चलिरहेकोछ" यो श्रुति अनुसार परमात्मा श्रीकृष्ण हुनुहुन्छ वायु, अग्नि आदि देवताहरूको प्रेरक (अन्तर्नियामक)। वायु आदि देवता महावीर्यशाली भए तापनि परमेश्वरको डरले भीत भएर आफ्नो आफ्नो काममा प्रवृत्त भैरहन्छन्।

कृष्ण केवल लोकेश मात्र हुनुहुन्न, उहाँ हुनुहुन्छ परमेश। ब्रह्मा, विष्णु आदि ब्रह्माण्डको स्रष्टा र पालक भैकन पनि कृष्ण परमात्मा द्वारा नियन्त्रित भैकन आफ्नो आफ्नो काममा प्रवृत्त भैरहन्छन्। त्यसैले भगवान् कृष्ण हुनुहुन्छ परमेश्वर (गीता १८।६१ हेर)।

त्यसकारण उहाँको नै भक्ति श्रद्धापूर्वक अर्चनाद्वारा उहाँकै प्रसादले सारा दुःखको निवृत्तिपूर्वक निरतिशय आनन्दको प्राप्ति हुन्छ (गीता १८।६२, ६६ हेर)। ईश्वर-विज्ञान पृष्ठ २८ र ५५ हेर)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय श्लोक

अवतरणिका

यो श्लोकमा भगवान् कृष्णको कृत्य र स्वरूपको वर्णना गरिएको छ। उहाँले कंस आदिको वध गर्नुभएको-थियो र पृथ्वीको पापमय भार हरण गर्नुभएकोथियो। भगवान् कृष्ण हुनुहुन्छ भवरोगको विनाशकर्ता; सद्गुरु रूपले उहाँ स्वरूप साक्षात्कारको साधनरूप योगको उपदेश दिनुहुन्छ। साक्षात्कार वृत्ति किम्वा ब्रह्मविद्यामा आरूढ भैकन (साक्षात्काररूप भैकन) संसारको निवृत्ति गरिदिनुहुन्छ। यसरी उहाँ निरतिशय आनन्द प्राप्तिरूप कैवल्यको प्रदाता हुनुहुन्छ। (गीता १५।१५, गीतामृत ५२४ र ५२२, ईश्वर विज्ञान पृष्ठ ५४, ५५, ३५–३६ हेर्नु)। त्यसकारण भगवान् कृष्ण हुनुहुन्छ सम्पूर्ण वेद-शास्त्रको तात्पर्य।

त्रैविष्टपरिपुवीरघ्नं क्षितिभारघ्नं भवरोगघ्नं।
कैवल्यं नवनीताहारमनाहारं भुवनाहारम् ॥
वैमल्यस्फुटचेतोवृत्तिविशेषाभासमनाभासम्।
शैवं केवलशान्तं प्रणमत गोविन्दं परमानन्दम् ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वय, पदच्छेद र शब्दार्थ

त्रैविष्टवीरघ्नम् = जो स्वर्गको शत्रु रावणादि वीरहरूको हर्ता हुनुहुन्छ उहाँलाई (नमस्कार गर) श्लोक ४ हेर ।

कैवल्यम् = जो मोक्षस्वरूप हुनुहुन्छ, उहाँलाई,

नवनीताहारम् = जो प्रेम भक्तिको वशले (पिता नन्दको घरमा) मख्खन भोजन गर्नुभएको थियो, उहाँलाई (नमस्कार गर)

अनाहारम् = जस्ले वास्तवमा आहार गर्दैन (जो आहार रहित हो) उहाँलाई

भुवनाहारम्=जो नामरूपात्मक जगतलाई आहार गर्नुहुन्छ (स्वरूप साक्षात्कार द्वारा जसले संपूर्ण जगतलाई चिन्मात्र अवशेष गर्नुहुन्छ) उहाँलाई (नमस्कार गर) ।

वैमल्यस्फुटचेतोवृत्तिविशेषाभासम्=जो रागादि रहित चैतन्य प्रदीप्त अखण्डाकार वृत्तिमा (निश्चल अन्तःकरणमा) अपरोक्ष रूपले अभिव्यक्त हुनुहुन्छ, उहाँलाई (नमस्कार) ।

अनायासम्=तर जो ज्ञानको विषयरूपले (कर्मरूपले, मुमुक्षु पुरुष देखि भिन्न रूपले) अनुभूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुन्न—चिदाभासद्वारा प्रकाशित हुनुहुन्न, किनकि आफू स्वयं प्रकाश हुनुहुन्छ (ज्ञानको फलले जो स्वतः स्फुरित हुनुहुन्छ) उहाँलाई (नमस्कार गर)।

शैवम्=जो कल्याणरूप हुनुहुन्छ।

केवलशान्तम्=साक्षात्कार वृत्तिको उदयको फलरूपले जो केवल चिन्मात्र रूपले अवशिष्ट हुनुहुन्छ, उहाँलाई (नमस्कार गर)।

परमानन्दं गोविन्दं प्रणमत=हे जीवहो, निरतिशय आनन्द स्वरूप गोविन्द परमात्मालाई देहेन्द्रिय मनद्वारा अर्चना गर ("ईश्वर विज्ञान" पृ० ३८ हेर)।

भावार्थ

जो प्रभु (परमात्मा) ले देवताका शत्रु दानवहरूलाई मार्नुभएको थियो (पृथ्वीको भार हरण गर्नुभएको थियो)। जो सद्गुरुरूपले संसारको जन्ममरण रूप रोगलाई विनष्ट गर्नुहुन्छ, जो हुनुहुन्छ मोक्षस्वरूप, प्रेमभक्तिको वशले जसले यशोदाको घरमा मख्खन भोजन गर्नु भएको थियो, जो वास्तवमा आहाररहित हो, जो सच्चिदानन्द स्वरूपको साक्षात्कार द्वारा संपूर्ण जगतलाई चिन्मात्ररूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवशिष्ट राख्नुहुन्छ, जो रागादिदोषरहित चैतन्य प्रदीप्त अन्तिम ब्रह्माकार वृत्तिमा साक्षात् अनुभूत हुनुहुन्छ (गीतामृत ३०१–२ हेर); ज्ञानको फलरूपले जो स्वत: प्रकाशित हुनुहुन्छ, जो हो कल्याणरूप, ज्ञान भए जो केवल चिन्मात्ररूपले परिशिष्ट रहनुहुन्छ—त्यो निरतिशय आनन्दस्वरूप परमेश्वर श्रीकृष्णलाई हे मुमुक्षुजन हो, तिमीहरू भक्ति श्रद्धापूर्वक नमस्कार गर।

विशद व्याख्या

त्रिविष्टपम्=स्वर्ग; त्यहाँ जो वसेकाछन् तिनीहरू हुन् त्रैविष्टप (देवता)। तिनीहरूका शत्रु हुन् दानवहरू; तिनीहरूका भित्र जो शूर वीर रावण आदि हुन् तिनलाई हनन गर्नुभएको थियो उहाँ हुनुहुन्छ "त्रैविष्टप वीरघ्न" उहाँलाई हे मुमुक्षुहरू हो, तिमीहरू नमस्कार गर।

पृथ्वीको भार हरण गर्नुमा नै सारा अनर्थको निवृत्ति हुँदैन, त्यसकारण कृष्ण परमात्मा हुनुहुन्छ भवरोगको विनाशक, संसारको वैद्य। यस्को कारण यो हो कि उहाँ हुनुहुन्छ "कैवल्य"—अर्थात् गुरुको शरण ग्रहणपूर्वक महावाक्यको श्रवण, मनन र निदिध्यासन द्वारा साक्षात्कार प्राप्त भए मुमुक्षु पुरुष निरतिशय आनन्द प्राप्त गरिहाल्छ। यो हो भगवान् को प्रसाद परम्पराको फलरूप (ईश्वर विज्ञान पृष्ठ ५५ हेर)। विष्णु पुराण (५।१८।५०) मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिएको छ—"भूतात्मा, इन्द्रियात्मा, प्रधानात्मा, आत्मा र परमात्मा यो सारा हो भगवान नै, एक भगवान नै यो पाँच रूपले स्थित हुनुहुन्छ" यो अध्यारोपवशात् संभव हुन्छ। यसरी भगवान कृष्णलाई यो श्लोकमा "नवनीताहार" भनिएको छ; अर्थात् जो नूतन शरीर द्वारा विषयजातरूप आहार प्राप्त गर्नुभएको छ (अविद्या अवस्थामा जो विषय समूहको भोक्ता हुनु भएको छ), उहाँलाई नमस्कार गर।

भुवनाहारम्—जो नामरूपात्मक जगतलाई आहार गर्नुहुन्छ (जगतलाई चिन्मात्ररूपले परिशिष्ट राख्नुहुन्छ) त्यो भगवान कृष्णलाई कसरी कहाँ उपलब्ध गर्न सकिन्छ ? यसको जबाफ यो हो कि कृष्ण परमात्मा पापरहित बुद्धिमा **श्रुति र आचार्यको प्रसादले उपलब्ध हुनुहुन्छ**। गीता ६।२८। पाप किम्वा मलदोष हो बुद्धिको बहिर्मुखता (किम्वा विषय पट्टी अभिमुख हुनु)। यो नै "वैमल्यस्फुटचेतोवृत्तिविशेषाभासम्" शब्द द्वारा उल्लिखित भएको छ; अर्थात् रागादिदोष रहित भए (वैमल्य) चैतन्य द्वारा प्रदीप्त (स्फुट) जो अखण्डाकार वृत्ति (चेतोवृत्ति) उदित हुन्छ त्यसमा अपरोक्षरूपले जस्को आभास (विशेषाभास) किम्वा अभिव्यक्ति हुन्छ, त्यसलाई नमस्कार गर (ईश्वर विज्ञान पृष्ठ ५१–५४ हेर)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—भगवान यदि बुद्धि द्वारा ग्राह्य हो तब जडत्व प्रसंग प्राप्त भयो ।

उत्तर—यस्को उत्तरमा "अनाभासम्" भनिएको छ । अर्थात् भगवानको आभास किम्वा भान हो त्यो विषयरूपले (किम्वा कर्मरूपले) हैन । अखण्डाकार वृत्तिमा भगवान स्वतः स्फुरित हुनुहुन्छ । (अद्वैत तात्पर्य पृष्ठ ८० र अद्वैत चिन्तामृत पृष्ठ २३९–४० हेर) ।

•

चतुर्थ श्लोक

अवतरणिका

कृष्ण परमात्मा यदि चिद्रूप हुनुभयो तब उहांले भक्त जनको माथि अनुग्रह कसरी गर्नुहुन्छ ? यस्को जबाफमा यो श्लोकमा भनिन्छ कि उहां अचिन्त्य शक्तिमान भएको हुनाले स्वेच्छा विहार र लोक लीला द्वारा उहांले भक्तजनमाथि अनुग्रह गर्नुभएको थियो । पारमार्थिक दृष्टिमा भगवान चिद्रूप हुनुभए तापनि व्यावहारिक दृष्टिमा उहाँ सर्वदा भक्त जनको अनुग्रह गर्नुहुन्छ । गीता ६।२२ "गीतामृत" पृष्ठ ८२–८३ र "तत्त्व प्रकाश" पृष्ठ ५१–५२ हेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपालं प्रभुलीलाविग्रहगोपालं कुलगोपालम् ।
गोपीखेलनगोवर्द्धनधृतलीलालालितगोपालम् ॥
गोभिर्निगदितगोविन्दस्फुटनामानं बहुनामानम् ।
गोधिगोचरदूरं प्रणमत गोविन्दं परमानन्दम् ॥४॥

अन्वय, पदच्छेद र शब्दार्थ

गोपालम्=जो ग्वाला वेशमा पशुपालन गर्नुहुन्छ, उहाँ-लाई (नमस्कार गर) ।

प्रभुलीलाविग्रहगोपालम्=जो गर्न नगर्न र अन्यथा गर्न समर्थ हुनुहुन्छ उहाँ स्वेच्छा शक्ति द्वारा शरीर (विग्रह) ग्रहण गरीकन वेद (गो) मूलक यज्ञादिलाई रक्षा (पालन) गर्नुहुन्छ उहाँलाई ।

कुलगोपालम्=जो भूमिमा लीन हुन्छ त्यसलाई कुल (शरीर) भनेको छ । इन्द्रियलाई "गो" भनेको छ । जो शरीर इन्द्रियलाई पालन (रक्षा) गर्नुहुन्छ । अर्थात सुषुप्ति र मूर्च्छादि अवस्थामा "फलाना मरिसकेको छ" यसप्रकार भ्रमलाई निवारण गर्नुको लागि प्राण समेत शरीर आदिलाई जसले रक्षा गर्नुहुन्छ उहाँलाई (नमस्कार गर) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपीखेलनगोवर्द्धनधृतलीलालालितगोपालम् = गोपीहरूका साथ विहरणको लागि वनमा जानु भएर वर्षा हुँदा त्यसको निवारणका निमित्त श्रीकृष्णले गोवर्द्धन पहाडलाई धारण गर्नु-भएको थियो। यो हो लीला। किनकि कृष्णको लागि यो पहाड धारण गर्नु यत्नसाध्य हैन। त्यो अयत्न सिद्ध लीलाद्वारा उहाँले गोपहरूलाई पालन गर्नुभएको थियो उहाँलाई (नमस्कार गर)।

गोभिर्विगदितस्फुटनामानम्=जस्को वेदमा गोविन्द नाम प्रसिद्ध छ उहाँलाई (नमस्कार गर)।

बहुनामानम्=जसको राम, कृष्ण आदि असंख्य नाम छ उहाँलाई; पुराणमा भनेको छ—यो सारा नाम हो परमात्मा हरिको। परमात्माको असंख्य नाम हो।

गोधिगोचरदूरम्=जो वाणी (गो किम्वा इन्द्रिय) र बुद्धिको अतीत; निर्गुण निष्कल परमानन्दरूप ब्रह्ममा कुनै प्रकार प्रवृत्तिको हेतु संभव छैन, ती कृष्ण परमात्मालाई (नमस्कार गर)।

गोविन्दं परमानन्दं प्रणमत=ती निरतिशय आनन्दस्वरूप गोविन्द भगवानलाई प्रणाम गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावार्थ

जसले गाईहरूलाई पालन गर्नु भएको थियो, सर्वशक्तिमान भएको हुनाले स्वेच्छाले शरीर धारण गरीकन जो वैदिक मर्यादालाई रक्षागर्नुहुन्छ; जसले जीवको शरीर प्राणलाई रक्षा गर्नुहुन्छ, जो गोपीहरूका साथ विहार गरीकन वनमा गएर गोवर्द्धन पर्वतलाई अंगुली माथि धारण गरेर गोपहरूको रक्षा गर्नुभएको थियो। वेदमा जसको गोविन्द नाम प्रसिद्ध छ र जसको राम कृष्ण आदि असंख्य नाम हो। जो इन्द्रिय र बुद्धिको विषयता देखि टाढा हुनुहुन्छ (अर्थात् जो मन र वाणीको अगोचर हो), ती परमानन्द स्वरूप भगवान श्रीकृष्णलाई हे जीव हो, तिमीहरूले श्रद्धा भक्तिपूर्वक नमस्कार गर।

विशद व्याख्या

भगवान आफ्नो अचिन्त्य शक्ति द्वारा स्वेच्छा विहार र लोक लीला गरीकन भक्तहरू माथि अनुग्रह देखाउनुहुन्छ (ईश्वर विज्ञान पृष्ठ २५–२६ हेर)। उहाँ स्वेच्छाले दिव्य शरीर धारण गरीकन वैदिक मर्यादाको रक्षा गर्नुहुन्छ। उहाँले गोवर्द्धन पहाडलाई धारण गरेर गोपहरूको पालन गर्नु भएको थियो। भगवानको गोविन्द नाम हो वेदमा प्रसिद्ध; त्यसो भए पनि उहाँको असंख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम छ । यसको वारेमा शंकराचार्यको विष्णुसहस्रनाम भाष्य प्राणिधान योग्य हो ।

नाम र रूपका साथ भगवानको वास्तव सम्बन्ध छैन । उहाँ हुनुहुन्छ सर्वसंगरहित र मन वाणीको अगोचर ।

•

पञ्चम श्लोक

अवतरणिका

पूर्व श्लोकमा परमात्मालाई मन र वाणीको अतीत भनी प्रतिपादन गरिएको छ, तर "त्यो उपनिषद् प्रतिपाद्य पुरुषको बारेमा म जान्न खोजेको छु" यसप्रकारको वचन सित यस्को स्पष्ट विरोध देखिन्छ । त्यो शंकाको समाधान यो श्लोकमा गरिएको छ । आत्मस्वरूपमा अविद्या द्वारा अध्यारोपित अनात्मधर्मको निरसन द्वारा श्रुतिले कथञ्चित् आत्मस्वरूपलाई प्रतिपादन गर्दछ, यो नै हो त्यो वचनको आशय । "ब्रह्म वस्तु हो यसप्रकार" यसरी शास्त्रले ब्रह्मस्वरूपलाई प्रतिपादन गर्न सक्दैन । तर "यो हैन, यो हैन" यसप्रकार शरीर आदि अनात्म धर्मदेखि आत्मालाई भिन्न भनी निर्देशनपूर्वक उपनिषद्ले निषेधमुखले आत्मस्वरूपलाई प्रतिपादन गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिमुखले परमात्मस्वरूपको प्रतिपादन संभव नभएको हुनाले ब्रह्म हो शब्द ज्ञानको अविषय; "यो हैन, यो हैन" यसरी प्रतिपादित भएको हुनाले ब्रह्म हो शास्त्र प्रमाणको अगम्य ।

गोपीमण्डलगोष्ठीभेदं भेदावस्थमभेदाभम् ।
शश्वद्गोखुरनिर्धूतोद्धृतधूलिधूसरसौभाग्यम् ॥
श्रद्धाभक्तिगृहीतानन्दमचिन्त्यं चिन्तितसद्भावम् ।
चिन्तामणिमहिमानं प्रणमत गोविन्दं परमानन्दम् ॥५॥

अन्वय, पदच्छेद र शब्दार्थ

गोपीमण्डलगोष्ठीभेदम्=जो गोपिनीहरूका साथ क्रीडा विशेष (रासक्रीडा) गर्नुभएको थियो, उहाँलाई (नमस्कार गर)।

मण्डल=समूह, गोष्ठीभेद=क्रीडा विशेष ।

भेदावस्थम्=रास क्रीडाको लागि जो भिन्न भिन्न रूपले अवस्थित हुनु भएको थियो; नाना उपाधिवशात् जो अनेक रूप ग्रहण गर्नु भएको थियो उहाँलाई (नमस्कार गर)।

अभेदाभम्=कृष्ण भगवान हुनुहुन्छ स्वतः अभिन्न— जसको अभेदले सर्वत्र भान भैराखेको छ (सर्वत्र भान=हो अभान; अभेदले जसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भान हुन्छ त्यो हो "अभेदाभ"), उहाँलाई (नमस्कार गर)।

शश्वद्गोखुरनिर्धूतोद्धृतधूलिधूसरसौभाग्यम् = अनवरत गाईहरूको खुरबाट अत्यन्त कम्पित भैकन जो धूलि उडदछ त्यसबाट ईषद् पाण्डुर (सेतो पहेंलो वर्णयुक्त) हुनुलाई जसले रूप-लावण्य (सौभाग्य) भनी मान्नुभएको थियो उहाँलाई (नमस्कार गर)।

श्रद्धाभक्तिगृहीतानन्दमचिन्त्यम्=जो हुनुहुन्छ श्रद्धा भक्ति पूर्वक मुक्त पुरुषद्वारा गृहीत आनन्दरूप मुक्त पुरुषको निर्वाण सुखरूप र मनको अविषय; क्निकि गीता २।२५ मा यो परमात्मतत्त्वलाई अचित्य भनी भनिएको छ। यसरी यो निर्वाण सुख गृह्य भए तापनि त्यो जड भनीं सिद्ध भएन, त्यसलाई (नमस्कार गर)।

चिन्तितसद्भावम्=यो कृष्णरूप ब्रह्म वस्तु मनको अविषय भए तापनि असत्य भनी सिद्ध भएन; किन्तु यसको सत्ता (सद्भाव) हो निश्चित। चिन्तित=निश्चित, निःसंदिग्ध त्यसलाई (नमस्कार गर)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तामणिम्=जो चिन्तित वस्तु प्रदान गर्नुहुन्छ; त्यस्ता सर्वकामप्रद भगवान कृष्णलाई (नमस्कार गर)।

अणिमानम्=जो हुनुहुन्छ सूक्ष्म किम्वा अप्रतर्क्य, उहाँलाई (नमस्कार गर)।

परमानन्दं गोविन्दं प्रणमत=आत्मस्वरूप गोविन्दलाई नमस्कार गर।

भावार्थ

जो परम प्रेमभक्तिमती गोपिनीहरूसित रासक्रीडा गर्नु भएको थियो। जो गोप, गोपिनी, गौ, वत्स आदि अनेक रूपले गृहीत भए तापनि जसको सर्वत्र अभेदले भान भैराखेको छ (अर्थात जो हो स्वतः अभिन्न रूप)। गाइहरूको खुखाट निरन्तर उडिराखेको परम पवित्र धूलिद्वारा पाण्डुवर्ण भैकन पनि जसले त्यसलाई आफ्नो सौभाग्य भनी मान्नु भएको थियो; जो हुनुहुन्छ शुद्ध भक्तिपूर्वक मुक्त पुरुषद्वारा गृहीत आनन्दरूप र मनको अविषय, किन्तु जसको सद्भाव हो निःसंदिग्ध, जसले चिन्तित वस्तु प्रदान गर्नुहुन्छ र जो हो अप्रतक्य—त्यो निरतिशय आनन्दस्वरूप गोविन्द भगवानलाई हे जीव हो, तिमीहरू श्रद्धा भक्ति पूर्वक पूजन गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशद व्याख्या

कृष्ण भगवानको लीला विशेषमा (रास क्रीडामा) जो त्यसको भिन्न भिन्न रूपले अवस्थान (भेदावस्था) हो त्यो केवल उपाधि वशात् भएको थियो; जो स्वतः हुनुहुन्छ संपूर्ण भेदरहित। आत्माको नानारूपले (अनेक जीवरूपले) प्रतीति हो अनेक उपाधिकृत; उपाधिरहित आत्मा हो एक अद्वितीय। जस्तो एक अखण्ड आकाश घट मठ उपाधिवशात्—उपाधिद्वारा अवच्छिन्न भैकन—अनेक भनी प्रतीत हुन्छ, अथात् घटाकाश मठाकाश यसप्रकार सानो ठूलो आकाश भनी देखिन्छ त्यस्तै एक अद्वितीय ब्रह्म देहादि र तद्धर्मसित अध्यासको फलले देवता-मनुष्य, पशु-पक्षी, वृक्ष-पहाड, कर्ता-भोक्ता, सुखी-दुःखी, बद्ध-मुक्त रूपले प्रतीत हुन्छ। अविद्याकृत अध्यासको निरसन भए आत्मस्वरूपको साक्षात् अनुभव हुन्छ।

अनेक उपाधिवशात्—गोप, गोपिनी, गौ, वत्स यसप्रकार नानारूपले कृष्ण अवस्थित हुनुभएको थियो। जस्तो स्वयं आगो एक भए तापनि पदार्थको भित्र प्रविष्ट भैकन काठ आदि भिन्न वस्तुरूप भैहाल्छ। अग्नि लौह पिण्डमा व्याप्त भैकन लौह पिण्ड आगोरूप देखिन्छ (आगो लोह पिण्ड रूप देखिन्छ); ठीक त्यस्तै बुद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिदात्मा द्वारा व्याप्त भए (चिदात्मा हो बुद्धिको समीपमा अवस्थित) आत्मरूपले (मरूपले) प्रतीत हुन्छ। आगो जस्तो काठको आकारमा प्राप्त हुन्छ, आत्मा पनि त्यस्तै म तिमी नानाकारमा प्रतीत हुन्छ। एक सच्चिदानन्द कृष्ण सारा प्राणीको र पदार्थको अन्तरात्मा भैकन—त्यो त्यो मनुष्य आदि शरीरमा प्रवेश गरेर—त्यो त्यो रूप बनिहाल्छ। प्रपञ्चको बाहिर भए—प्रपञ्चसित सम्पर्क शून्य भए—निरूपाधि अविकृत रूपले अवस्थान गर्छ (अभेदले भान प्राप्त गर्छ)। यसरी परमात्मादेखि जगतको भेद निराकृत भयो। जगत परब्रह्म परमात्मा देखि भिन्न हैन। भगवान श्रीकृष्ण सारा प्राणीहरूको अन्तरात्मा भैकन पनि सारा भ्रमजात देखि विविक्त हो—संपूर्ण संसार दुःख द्वारा असंस्पृष्ट हो।

गुरू र शास्त्रको उपदेश द्वारा त्यो परमात्मस्वरूपको आफ्नो हृदयमा अभिव्यक्ति मुमुक्षुपुरुषको संभव हुन्छ। अखण्डाकार वृत्तिमा ब्रह्मस्वरूपको स्पष्टरूपले भासमान हुनुलाई वृत्तिव्याप्यता भनेको छ; त्यसबाट मूलाज्ञान नष्ट हुन्छ। वृत्तिव्याप्य भएको हुनाले ब्रह्म हो शास्त्ररूप प्रमाणको गम्य किम्वा उपनिषद् वेद्य (औपनिषद् पुरुष)।

श्रद्धा (गीता ४।४०) र भक्ति (गीता १८।५५) द्वारा मुमुक्षु पुरुष अध्यासनिरसनपूर्वक परमानन्दस्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मालाई प्राप्त गर्छ (ईश्वर विज्ञान पृष्ठ ४७–४८ हेर्नु)।

परमात्मा एकमात्र परमार्थ सत्य वस्तु भएको हुनाले त्यसलाई चिन्तामणि भनेको छ। परमात्मा चिन्तित वस्तु प्रदान गर्नुहुन्छ। जसले परमात्माको ध्यान गर्छ (तत्त्व-प्रकाश पृष्ठ ५५–५६ हेर), परमात्मा उसलाई वाञ्छित आयु, आरोग्य, अर्थ र आनुषंगिक भोग प्रदान गर्नुहुन्छ।

परमात्माको ध्यान सबैले गर्न सक्दैनन् (ईश्वर विज्ञान पृष्ठ ३४–३५)। परमात्मा हुनुहुन्छ अत्यन्त सूक्ष्म वस्तु। मन जब सारा अनात्माकार वृत्तिबाट रहित भैकन ब्रह्म-स्वरूपले अवस्थित हुन्छ तब ब्रह्माकार वृत्तिको सहाराले ब्रह्मस्वरूपको अनुभव सम्भव हुन्छ ("कर्म भक्ति और विचार" पृष्ठ ३७–४० हेर)।

•

षष्ठ श्लोक

अवतरणिका

यो श्लोकमा जीवन्मुक्त पुरुषको लीला देखाइएको छ, "परमात्मा भोजन गर्छ, खेल गर्छ, रमण गर्छ" यसप्रकार श्रुतिमा उक्त भएको छ। भगवान् कृष्ण जीवन्मुक्त पुरुषझैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीहरूका साथ लीला गर्नुभएको थियो, यो षष्ठ श्लोकमा वर्णित भएको छ ।

स्नानव्याकुलयोषिद्वस्त्रमुपादायागमुपारूढम् ।
व्यादित्सन्तीरथ दिग्वस्त्रा ह्युपदातुमुपाकर्षन्तम् ॥
निर्धूतद्वयशोकविमोहं बुद्धं बुद्धेरप्यन्तस्थम् ।
सत्तामात्रशरीरं प्रणमत गोविन्दं परमानन्दम् ॥६॥

अन्वय, पदच्छेद र शब्दार्थ

स्नानव्याकुलयोषिद्वस्त्रमुपादायागमुपारूढम्=स्नान गर्नुमा तल्लीन गोपिनीहरूको वस्त्र लीकन जो कदम्बको रूख माथि चढनुभएको थियो, उहाँलाई (नमस्कार गर) अग = वृक्ष

दिग्वस्त्राः=नांगी गपिनीहरू

अथ व्यादित्सन्ती वस्त्रम्=त्यसकारण वस्त्र पहिरनुमा अत्यन्त इच्छुक भएका गोपिनीहरूलाई

उपदातुम् ताः उपाकर्षन्तम्=जसले तिनीहरूलाई वस्त्र दिनका लागि नजीकमा ल्याउनुभएको थियो, उहाँलाई (नमस्कार गर)

निर्धूतद्वयशोकविमोहम्=भगवान कृष्ण स्त्रीलम्पट पुरुष हैन; किन्तु शोक मोह दुवैलाई विनष्ट गर्नुभएको थियो, उहाँलाई (नमस्कार गर)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धम्=प्रबुद्ध भगवान कृष्णलाई (नमस्कार गर)
बुद्धेः अन्तःस्थम्=जो बुद्धिको साक्षीरूपले स्थित हुनुहुन्छ, उहाँलाई
सत्तामात्रशरीरम्=जस्को स्वरूप हो सन्मात्र, उहाँलाई (नमस्कार गर)
प्रणमत गोविन्दं परमानन्दम्=परमानन्दरूप गोविन्द भगवानलाई नमस्कार गर ।

भावार्थ

जो प्रभु कृष्ण स्नान गर्नुमा व्यापृत गोपिनीहरूको वस्त्र लिएर कदम्ब वृक्षमाथि चढ्नुभएको थियो, दिगम्वर हुनुको कारण वस्त्र ग्रहण गर्नका लागि इच्छुक गोपिनी-हरूलाई वस्त्र प्रदान गर्न आफ्नो समीपमा ल्याउनुभएको थियो, जस्को शोक र मोह दुवैको अत्यन्त अभाव थियो, जो पूर्ण ज्ञानवान् (प्रबुद्ध) हुनुहुन्थ्यो र जो बुद्धिको साक्षी-रूपले अवस्थित हुनुहुन्छ, जसको स्वरूप हो सत्तामात्र, ती परमानन्दरूप गोविन्द भगवान श्रीकृष्णलाई हे जीव हो, तिमीहरू भक्तिपूर्वक नमस्कार गर ।

विशद व्याख्या

जो गोपिनीहरू जलक्रीडाका लागि व्याकुल भएका थिए अर्थात् जस्को हर्ष जनित आवेग थियो, तिनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्त्र लिएर जो कदम्व वृक्षमा चढनुभएको थियो; गोपिनीहरू वस्त्ररहित भएका थिए त्यसैले । विशेषरूपले वस्त्र ग्रहण गर्ने इच्छा उनीहरूको थियो । ती स्त्रीहरूलाई वस्त्र दिईकन कृष्णले आफ्नो नजीकमा ल्याउनुभएको थियो । आपात दृष्टिले यो स्त्री लम्पटता र अपूर्णता भनी प्रतीत हुन्छ तर विषयपारवश्य अज्ञानीहरूमा मात्र सम्भव हुन्छ । भगवान कृष्ण पूर्ण ज्ञानवान् (मुक्त) हुनुहुन्थ्यो । जसको शोक र मोह दुवै विनष्ट भएको थियो र जो सबैको मन र बुद्धिको साक्षी रूपले अवस्थित हुनुहुन्थ्यो, जो अन्तर्यामी अर्थात् वास्तवमा भेदरहित ब्रह्मस्वरूप हुनुहुन्थ्यो; किनकि नियम्य र नियामक भाव हो मिथ्या । कृष्ण चिन्मात्र हैन; चेत्यसंस्कार विनष्ट भएको हुनाले चित्त क्षीण भैहाल्छ र परिणामले जड र चेतन दुवैमा अनुगत स्वतःसिद्ध सत्तामात्र परिशिष्ट रहन्छ (तत्त्व प्रकाश पृष्ठ ५९ हेर) । ती कृष्ण परमात्मालाई मुमुक्षुहरू पूजन गर्छन् ।

•

सप्तम श्लोक

अवतरणिका

साधु महात्माहरूको रक्षाको लागि प्रतियुगमा भगवान अवतार ग्रहण गर्नुहुन्छ (गीता ४।७–८) । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता वाक्य अनुसार संसारको रक्षाको लागि जस्ले यादव कुलमा अवतार लिनुभएको थियो, ती अतिप्रसन्न परम मंगल रूप परमात्माको स्तुति यो सप्तम श्लोकमा गरिएको छ।

कान्तं कारणकारणमादिमनादिं कालघनाभासम् ।
कालिन्दीगतकालियशिरसि नृत्यन्तं मुहुर्नृत्यन्तम् ॥
कालं कालकलातीतं कलिताशेषं कलिदोषघ्नम् ।
कालत्रयगतिहेतुं प्रणमत गोविन्दं परमानन्दम् ॥७॥

अन्वय, पदच्छेद र शब्दार्थ

कान्तम् = जो हुनुहुन्छ अत्यन्त सुन्दर, उहाँलाई (नमस्कार गर)।

कारणकारणम्=जो जगतकारण प्रकृतिको पनि कारण (अधिष्ठान) हुनुहुन्छ, उहाँलाई (नमस्कार गर)।

आदिम्=जो जगतको उपादान कारण हो, उहाँलाई (नमस्कार गर)।

अनादिम्=जो स्वयं अनादि हुनुहुन्छ (जस्को आदि किम्वा कारण छैन, अर्थात् स्वतः सिद्ध हुनुहुन्छ), उहाँलाई।

कालघनाभासम्=जो कृष्ण मेघ झैं श्याम सुन्दर हुनुहुन्छ, उहाँलाई।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालिन्दीगतकालियशिरसि नृत्यन्तं मुहुर्नृत्यन्तम् – यमुनामा स्थित कालिय नागको फणाको माथि जो बारम्बार नृत्य गर्नुभएको थियो, उहाँलाई ।

कालम् = जो जगतको संहारकर्ता हुनुहुन्छ, उहाँलाई ।

कालकलातीतम् = जो भूत भविष्यत् वर्तमान र निमेष काष्ठा आदि कलादेखि अतीत (अर्थात् कार्य-कारण संघरहित) हुनुहुन्छ, उहाँलाई ।

कलिताशेषम् = तथापि संसार अवस्थामा सारा जीव जसद्वारा बद्ध भैराखेकाछन् (अर्थात् जो हुनुहुन्छ अभक्तको भयहेतु), उहाँलाई ।

कलिदोषघ्नम् = जो कलिकालको दोषलाई (जो शास्त्रमा विहित भएको छ त्यो नगर्नु र जो प्रतिषिद्ध भएको छ त्यो गर्नु, यसप्रकार दोषलाई) आफ्नो स्मरण द्वारा नष्ट गरिदिनुहुन्छ, ती भगवानलाई ।

कालत्रयगतिहेतुम् = सूर्य रूपले जो प्रातः, मध्याह्न र सायं यो तीन कालको शीघ्रगतिको कारण हो, उहाँलाई ।

परमानन्दं गोविन्दं प्रणमत = परमानन्दरूप गोविन्द भगवान कृष्णलाई श्रद्धा भक्तिपूर्वक नमस्कार गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावार्थ

जो हुनुहुन्छ कमनीय (सुपुरुष), प्रकृतिको पनि अधिष्ठान, जो आकाश आदि जगतको उपादान भैकन पनि स्वत: सिद्ध हुनुहुन्छ, जो हुनुहुन्छ श्याम सुन्दर र जमुनामा कालिय नागको मस्तक माथि बारम्बार नृत्य गर्नु भएको थियो, जो हुनुहुन्छ जगतको संहारकर्ता र वर्तमान आदि तीन कालको र निमेष काष्ठा आदि कलाको अतीत जो हुनुहुन्छ अभक्तको भय हेतु, भक्तहरूको बन्धनिर्वतक र सूर्य रूपले प्रात: मध्याह्न र सायंकालको हेतु। हे जीव हो, तपाईहरू उहाँलाई श्रद्धा भक्ति पूर्वक नमस्कार गर्नुहोस्।

विशद व्याख्या

जो हुनुहुन्छ सुपुरुष र श्याम सुन्दर, प्रकृतिको पनि अधिष्ठान, जसबाट यो जगत उत्पन्न भएको छ, जो हो स्वत: सिद्ध, जो जमुनामा कालिय नागको टाउको माथि बारम्बार नाच्नुभएको थियो, जो जगतको संहारकर्ता हुनुहुन्छ, यद्यपि आफू स्वयं कार्यकारण संघात रहित हुनुहुन्छ, तथापि संसार अवस्थामा जसद्वारा जीवहरू बद्ध भैराखेकाछन् र जो हुनुहुन्छ अभक्तको भय हेतु, जो हुनुहुन्छ भक्तहरूको बन्धको निवर्तक। **जो विहित प्रकरण**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र प्रतिषिद्ध करणरूप कलिको दोषलाई स्मरणमात्र द्वारा नाश गरिदिनुहुन्छ। यस्मा प्रमाण हो धैरै प्रकारको शास्त्र वचन । जस्तो—

(१) यो दोषयुक्त कलिकालमा जस्को मन हो विषयासक्त र जो नाना प्रकारको पाप (प्रतिषिद्ध कर्मको अनुष्ठान) गर्छ, त्यो भगवान गोविन्दको स्मरणबाट शुद्ध भैहाल्छ ।

(२) अतिपापयुक्त पुरुष पनि यदि एक निमेष मात्रको लागि भने पनि अच्युत भगवानको ध्यान गर्छ, तब त्यो अत्यन्त पवित्र भैहाल्छ ।

(३) भगवानलाई ठट्टा गरीकन पनि नमस्कार गर्छ भने त्यो क्षणमा संसारको स्थूल बन्धनबाट मुक्त भैहाल्छ । त्यसकारण गोविन्द भगवानलाई हे जीव हो, तिमीहरू श्रद्धा भक्तिपूर्वक नमस्कार गर ।

अष्टम श्लोक

अवतरणिका

मनुष्य लीलामा पनि जसले सारा देवताहरूको दर्पलाई दलन गर्नुभएको थियो, ती वृन्दावन निवासी गोविन्द भगवानको यो अष्टम श्लोकमा स्तुति गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृन्दावनभुवि वृन्दारकगणवृन्दाराधितवन्द्येहम् ।
कुन्दाभामलमन्दस्मेरसुधानन्दं सुहृदानन्दम् ।।
वन्द्याशेषमहामुनिमानसवन्द्यानन्दपदद्वन्द्वम् ।
वन्द्याशेषगुणाब्धि प्रणमत गोविन्दं परमानन्दम् ।।८।।

अन्वय, पदच्छेद र शब्दार्थ

वृन्दावनभुवि = जुन वृन्दावनको पवित्र भूमिमा

वृन्दारकगणवृन्दाराधितवन्द्येहम् = जस्को प्रशंसनीय क्रीडा देवताहरूद्वारा पूजित भएको थियो, उहाँलाई

कुन्दाभामलमन्दस्मेरसुधानंदम् = कुन्द पुष्पको (चमेलीको) झैं सुशोभित अमृत तुल्य निर्मल मन्द हाँसो द्वारा जसले परमानंद दिनुभएको थियो, उहाँलाई

सुहृदानन्दम् = जो हुनुहुन्छ मुक्त पुरुषको निर्वाण सुखरूप, उहाँलाई

वन्द्याशेषमहामुनिमानसवन्द्यानन्दपदद्वन्द्वम् = जस्को चरण-कमललाई नारद आदि वन्दनीय महामुनिहरू-ले आफ्नो आफ्नो हृदयमा आनन्दपूर्वक ध्यान गर्नुहुन्छ, उहाँलाई नमस्कार गर।

वन्द्याशेषगुणाब्धिम् = जो हुनुहुन्छ शान्ति आदि अशेष श्रेष्ठ गुणहरूको उत्पत्ति स्थान, उहाँलाई (नमस्कार गर)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावार्थ

वृन्दारण्य प्रदेशमा रासक्रीडा प्रवृत्त भए जस्को प्रशंसनीय क्रीडा देवताहरूद्वारा पूजित भएको थियो; चमेली झैं शोभायुक्त जस्को अमृत तुल्य निर्मल मन्द हाँसोबाट अतिशय आनंद आविर्भूत भएको थियो, जो हुनुहुन्छ मुक्त पुरुषको निर्वाण सुखस्वरूप, जस्को चरण-कमललाई नारदादि मुनिहरूले आफ्नो आफ्नो हृदयमा आनंदपूर्वक ध्यान गर्छन् र जो हुनुहुन्छ शांति दांति आदि सारा श्रेष्ठ गुणको आकर (खानी)। हे जीव हो, तपाईं-हरू उहाँलाई श्रद्धा भक्तिपूर्वक नमस्कार गर्नुहोस्।

विशद व्याख्या

वृन्दावनको पवित्र भूमिमा रासलीलाको समयमा देवता समुदायले भगवान कृष्णको प्रशंसनीय क्रीडाको (नरनाट्यको) पूजा गर्नु भएको थियो। चमेलीको फूल झैं अत्यंत कांतियुक्त श्रीकृष्णको निर्मल अमृत तुल्य मंद हाँसोबाट परम आनंद आविर्भूत भएको थियो। "सुहृद" शब्दको अर्थ हो विशुद्धचित्त पुरुष अर्थात् मुक्त पुरुष। "सुहृदानंद" शब्दको अर्थ हो मुमुक्षुहरूको निर्वाण सुख। भगवान कृष्ण हुनुहुन्छ यो सुख स्वरूप। सनकादि मुनि-गण आफ्नो हृदयमा यो अखण्ड आनन्द कन्द भगवान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्णको सर्वदा ध्यान गर्नुहुन्छ । यस्को कारण यो हो कि तत्त्वज्ञ पुरुषहरूको साक्षात्कार (आत्माको बोध) कुनै आवरण द्वारा आवृत हुँदैन । कृष्ण भगवान हुनुहुन्छ शान्ति आदि सारा श्रेष्ठ गुण समुदायको आकर । त्यस-कारण मुमुक्षु पुरुष श्रद्धा भक्तिपूर्वक उहाँको अर्चना गर्नु हुन्छ । लोक शिक्षाको लागि यो पुनः पुनः भनिए-को छ ।

•

नवम श्लोक

अवतरणिका

जसले यो गोविन्दाष्टक स्तोत्रको पाठ गर्छ, त्यो निष्पाप भैकन ब्रह्मस्वरूपलाई (ब्रह्मज्ञानलाई) प्राप्त गर्छ (गीता ६।२६–२७ र २५ हेर)

गोविन्दाष्टकमेतदधीते गोविन्दार्पितचेता ।
यो गोविन्दाच्युतमाधवविष्णो गोकुलनायक कृष्णेति ॥
गोविन्दांघ्रिसरोजध्यानसुधाजलधौतसमस्ताघो
गोविन्दं परमानन्दामृतमन्तस्थं समभ्येति ॥९॥

अन्वय, पदच्छेद र शब्दार्थ

गोविन्दाष्टकमेतदधीते = जसले यो गोविन्दाष्टक स्तो[त्रको]
पाठ गर्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोविन्दार्पितचेताः यः = आफ्नो चित्तलाई भगवान श्रीकृष्ण-
मा एकाग्र गरीकन पाठ गर्नुपर्दछ

गोविन्दाच्युतमाधवविष्णो गोकुलनायक कृष्णेति = हे
गोविन्द, हे अच्युत, हे माधव, हे विष्णु, हे
गोकुलनायक, हे कृष्ण इत्यादि कृष्णका परम
पावन नामलाई भक्तिपूर्वक उच्चारण गरीकन
यो गोविन्दाष्टक स्तोत्रलाई प्रेमपूर्वक पाठ
गर्दछ, त्यसले

गोविन्दांघ्रिसरोजध्यानसुधाजलधौतसमस्ताघः=श्रीगोविन्द
प्रभुको चरणकमलको ध्यानरूपी अमृत जल
द्वारा समस्त पापलाई विनाश गरीकन

गोविन्दम् परमानन्दामृतम् अन्तस्थम् समभ्येति = (त्यसले)
निःसंदिग्ध रूपले परमानन्दस्वरूप अमृतस्वरूप
र सारा भूतहरूको हृदयमा साक्षीरूपले
अवस्थित गोविन्द भगवानलाई प्राप्त गरि-
हाल्छ ।

भावार्थ

आफ्नो चित्तलाई श्रीकृष्णमा एकाग्र गरेर (देहादि फुर्ने विषयको चिन्तन नगरीकन) जो आत्मचिन्तनमा (कृष्ण हुनुहुन्छ प्रत्यगात्मा) रत (गीतामृत १९८–९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र कैवल्य कुञ्जिका ३२–३३ हेर्नु, त्यसलाई आत्मध्यान भनेको छ) । हे अच्युत, हे माधव, हे विष्णु, हे गोकुल नायक, हे कृष्ण इत्यादि प्रभुको परम नामलाई भक्तिपूर्वक उच्चारण गरीकन त्यो भक्त श्रीगोविन्द प्रभुको चरण-कमलको ध्यान रूपी अमृत जल द्वारा समस्त पापलाई विनाश गरीकन निःसन्दिग्ध रूपले परमानन्द स्वरूप, अमृत-स्वरूप र सबैको हृदयमा साक्षी रूपले अवस्थित गोविन्द भगवानलाई प्राप्त गर्छ । चित्त आत्मध्यान (आत्माकार वृत्ति)बाट निवृत्त भैकन निश्चल (वृत्ति रहित) भए मुमुक्षु पुरुष स्वयं नै परमानंद स्वरूप बनिहाल्छ ।

विशद व्याख्या

गोविन्द भगवानको प्राप्तिको उपाय हो—

(१) पापको विनाशपूर्वक मनलाई आत्मस्वरूपमा स्थित राख्नु र

(२) सारा चिन्तनबाट रहित रहनु ।

पहिला उपाय हो सविकल्प समाधि प्राप्त गर्नु र दोस्रो उपाय हो निर्विकल्प समाधिमा स्थित हुनु (गीता ६।२५–२७, "गीतामृत" पृष्ठ १९९ र "तत्त्वप्रकाश" पृष्ठ ५७–५९ हेर्नु) ।

(गोविन्दाष्टक समाप्त)

•

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीदक्षिणामूर्त्यष्टक

प्रथम श्लोक

अवतरणिका

सर्वज्ञ भगवान भाष्यकार शंकराचार्यले केवल लोकानुग्रहको लागि शरीर परिग्रह गर्नुभएको थियो। विचार द्वारा मन्थन गरीकन उहाँले संपूर्ण वेदान्तबाट जो अद्वैतामृत निकाल्नुभएको थियो, त्यो श्रीदक्षिणामूर्ति स्तोत्रमा सुरक्षित राख्नुभएको छ। सबै लोकको अनुग्रहको लागि भगवान शंकराचार्य **यो स्तोत्रमा भोक्ता जीव, भोग्य जगत्, भोगप्रद परमेश्वर र मोक्षप्रद गुरुको भित्र अत्यन्त अभेद देखाउनुभएको छ।** यो स्तोत्रको एकपटक पाठ, श्रवण र त्यस्को अर्थको मनन गरे पछि परम पुरुषार्थ सिद्ध हुन्छ। त्यसोभएको हुनाले **यो स्तोत्र हो वेदान्त शास्त्रको सारभूत नवनीत पिण्डरूप।**

यस्को प्रथम श्लोकमा संपूर्ण जगतको अधिष्ठान भएकोहुनाले प्रत्यक् चैतन्य हो परमेश्वररूप, यो देखाएर शंकराचार्य दक्षिणामूर्ति (= जगतको सृष्टिमा कुशल मूर्तिरहित, अर्थात् दक्षिण + अमूर्ति) रूप परमेश्वरलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनद्वारा पूजन गर्नुहुन्छ (परमेश्वरमा आफूलाई अभिन्न-रूपले समर्पण गर्नुभएको छ) ।

विश्वं दर्पणदृश्यमाननगरीतुल्यं निजान्तर्गतम् ।
पश्यन्नात्मनि मायया बहिरिवोद्भूतं यथा निद्रया ।।
यः साक्षात् कुरुते प्रबोधसमये स्वात्मानमेवाद्वयम् ।
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ।।१।।

अन्वय—दर्पणदृश्यमाननगरीतुल्यम्, निजान्तर्गतम्, विश्वम्, यथा, निद्रया, तथा, आत्मनि, मायया, बहिः, उद्भूतम्, इव, पश्यन्, यः, प्रबोधसमये, अद्वयम्, स्वात्मानम्, एव, साक्षात्, कुरुते, तस्मै, श्रीगुरुमूर्तये, इदं, नमः ।

भावार्थ

ऐनामा देखिएको नगर झैं यो संपूर्ण नामरूपात्मक जगत आफ्नो साक्षी चैतन्यमा अवस्थित भैराखेको छ (जगत् बाहिर स्थित छैन)। तीनै कालमा अविद्यमान भए तापनि जस्तो स्वप्नको जगत् निद्रादोषवशात् बाहिर उत्पन्न र सत्य भनी प्रतीत हुन्छ, तर वास्तवमा स्वप्न प्रपञ्च स्वप्नको साक्षी चैतन्यमा कल्पित भएर दृष्ट हुन्छ; त्यस्तै यो जाग्रत प्रपञ्च तीनै कालमा अविद्यमान भएस्तापनि प्रत्यक् चैतन्यमा अध्यस्त भएर प्रतिभात भैराखेको छ। तत्त्वज्ञान नहुसम्म सत्यरूपले प्रतीत भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तापनि प्रत्यक् ब्रह्मको ऐक्यसाक्षात्कार समयमा त्यो जगत समूल बाधित भैहाल्छ। जसबाट उपदिष्ट भएर यो मोक्षप्रद ज्ञान प्राप्त हुन्छ, त्यो प्रत्यगात्मस्वरूप श्रीगुरुरूपले अवस्थित श्रीदक्षिणामूर्तिलाई म नमस्कार गर्दछु।

(परमेश्वर यो शरीरमा प्रवेश गरीकन प्रत्यगात्मा हुनुभएको छ र प्रत्यगात्मा नै हो ज्ञानोपदेष्टा आचार्य र मुमुक्षुको वास्तव स्वरूप। श्रीगुरुरूपले आविर्भूत शिव-स्वरूप परमेश्वरको अनुग्रहले तत्वसाक्षात्कार उदित हुन्छ।

सामान्य परिचय

यो प्रसिद्ध श्रीदक्षिणामूर्त्यष्टकमा भगवान शंकरले अद्वैत तत्त्वको उपदेश दिनुभएको छ। एक परमेश्वर नै श्रीगुरुरूपले (प्रत्यक् चैतन्यरूपले) र उपसन्न शिष्यरूपले आविर्भूत हुनुहुन्छ। जो साक्षात्कार गर्दछ, त्यो हो अध्यस्त प्रपञ्चको अधिष्ठानरूप प्रत्यगात्मा ("अद्वैत तात्पर्य" पृष्ठ ६१-६२ हेर्नु) र जसलाई साक्षात्कार गरिन्छ त्यो पनि हो अप्रसिद्ध निजी स्वरूप। किनकि एक अखण्ड वस्तु **अज्ञानद्वारा आवृत भएको हुनाले ज्ञेय भनी** कहिन्छ र अज्ञानको प्रकाशक भएकोले ज्ञाता नामलाई प्राप्त गर्दछ। द्वैत प्रपञ्चको प्रतिभास हुनुसम्म परमात्मा त्यसको अवभासक (साक्षी चैतन्य किम्वा एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थ) बन्द छ र अज्ञाननाशको लागि ज्ञेय वस्तुको (तत् पदार्थको) साक्षात्कार आवश्यक हुन्छ। त्वं पदको वास्तव स्वरूप हो अद्वय आनन्द ब्रह्म (तत्पद); त्यस-कारण त्यसको प्रत्यक्ष अनुभव गर्नु आवश्यक छ। साक्षात्कार भए द्वैत विनष्ट भैहाल्छ। यो नै हो भगवान शंकराचार्यको अद्वैतामृत।

द्वैत प्रपञ्च हो अध्यासजनित; जगत हो प्रत्यगात्मा-मा भ्रमले कल्पित, जस्तो सर्पसहित रज्जुमा (रज्जुको स्वरूप नजान्नुको फलले) सर्प कल्पित हुन्छ। जाग्रत जगत हो स्वप्न जगत झैं; आत्मा नै जगतरूपले प्रतिभात भैराखेको छ। जो भित्र भासमान भैराखेको छ, त्यो नै अविचार दशामा बाहिर स्थित छ भनी मानिन्छ र विचार उत्पन्न भए जगत् चिद्भास्य चित्तको वृत्तिरूप भनी अनु-भूत हुन्छ। प्रत्यगात्मादेखि भिन्न देह आदि केही पनि पदार्थ छैन। साक्षीद्वारा अवभास्य सारा त्रिपुटी हो कल्पित र त्यसकारण मिथ्या। परमात्मा सद् वस्तुको वास्तव एकता (अद्वितीयताको साक्षात् अनुभव) हो सारा भ्रम र दुःख राशिको आत्यन्तिक निवृत्तिको लागि अत्यन्त आवश्यक। निद्राबाट जागेपछि जस्तो स्वप्न प्रपञ्च अत्यन्त मिथ्या भनी प्रत्यक्ष अनुभूत हुन्छ, त्यस्तै तत्त्व-साक्षात्कार उत्पन्न भए यो दृश्यमान जगतको त्रैकालिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभाव सिद्ध हुन्छ । जीव वास्तवमा ईश्वरदेखि अभिन्न भए तापनि विचार विना यो जानिदैन । आचार्यको अनुग्रह भए विचारको सहाराले श्रद्धावान पुरुष अखण्डाकार वृत्तिमा आफ्नो वास्तव स्वरूपको साक्षात् अनुभव गर्न सक्छ ।

शब्दार्थ विवेचन र विशद व्याख्या

पूर्वार्द्ध

विश्वम् = विविध प्रत्ययद्वारा ज्ञेय आकाश आदि सम्पूर्ण जगत हो

निजान्तर्गतम् = आफ्नो भित्र प्राप्त; अर्थात् प्रत्यक् स्वरूपमा स्थित,

शंका—निर्विकार अति स्वच्छ र असंग प्रत्यगात्मामा तद्विपरीत जगत कसरी स्थित हुनस क्छ ? यस्को जवाफमा तुल्य दृष्टान्त दिइएको छ :—

दर्पणदृश्यमाननगरीतुल्यम् = असंग स्वच्छ निर्विकार दर्पणमा प्रतिबिम्बित नदी, उपवन र जनसंकुल मार्गद्वारा विभूषित नगर झैं (यो जगत चैतन्यमा स्थित भैराखेको छ) ।

शंका—प्रत्यक् चैतन्यको भित्र यदि सर्वदा जगत अवस्थित छ भने राग आदि झैं जगत भित्र नै अनुभूत हुनेथियो; यस्को जबाफमा भनिन्छ कि—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मनि=स्वप्रकाश प्रत्यक् चैतन्यमा

मायया="म आफूलाई जान्दिन", यसप्रकार भ्रमानुभव सिद्ध माया द्वारा

वहिः=आफूदेखि बाहिर (बाह्य देशमा)

उद्भूतम् इव=आविर्भूत भनी

पश्यन्=अवलोकन गरीकन (जसले ब्रह्मस्वरूपलाई साक्षात् अनुभव गर्छ, यसरी परवर्ती हिस्सासित यस्को साक्षात् सम्बन्ध हो)

शंका—भित्र विद्यमान जगत कसरी बाहिर स्थित छ भनी अनुभव हुन्छ ? त्यसको दृष्टान्त बताइन्छ :

यथा निद्रया=स्वप्नको जगत साक्षी आफ्नो स्परूपमा कल्पित रूपले स्थित भए तापनि—आफूदेखि बाहिर स्थित भनी जस्तो स्वप्नद्रष्टाले अनुभव गर्छ, **त्यस्तै यो जाग्रत् कालीन प्रपञ्च पनि प्रत्यक् चैतन्य आफूमा अध्यस्त रूपले स्थित भए तापनि--आफूमा कल्पित देहादिसित तादात्म्याध्यासवशात् आफूदेखि बाहिर स्थित भनी अनुभूत हुन्छ ।**

यो अध्यास पक्षलाई नमाने पछि प्रत्यक् चैतन्यद्वारा जगतको भान हुनेथिएन (तिमी आफूले जगत देख्नेथिएनौ); किनकि प्रत्यक् चैतन्यसित जड जगतको अरू कुनै प्रकार संयोग आदि सम्बन्ध सम्भव छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँबाट यो सिद्ध भयो कि जगत हो तिम्रो आफ्नो स्वरूपमा (प्रत्यक् चैतन्यमा) कल्पित मात्र। जाग्रत कालीन सम्पूर्ण जगतको निजी चैतन्य स्वरूपमा अध्यस्त भनी अनुभव भए तापनि भ्रमले बाहिर स्थित भनी मानिन्छ।
(यहाँसम्म त्वंपदार्थ भनिएको हो)

उत्तरार्द्ध—

शंका—आफ्नो स्वरूपमा प्रपञ्च यदि अध्यस्त हुने थियो, तब त्यस्को बाघ हुने थियो; तर त्यस्को बाध कहिले पनि अनुभव हुँदैन। त्यसकारण आत्मस्वरूपमा यो जगत अध्यस्त हैन, किन्तु परमार्थतः त्यो बाहिर अवस्थित भैराखेको छ।

यस्को जबाफमा भनिन्छ कि—जस्तो स्वप्न प्रपञ्च अध्यस्त भए तापनि स्वप्न कालमा सत्य भनी प्रतीत हुन्छ, किन्तु निद्राबाट जागे पछि त्यो बाधित भैहाल्छ। त्यस्तै यो जाग्रत प्रपञ्च पनि तत्त्वज्ञान नहुनुसम्म सत्य भनी प्रतिभात भए तापनि परमदयालु परमेश्वरको अवताररूप आचार्यद्वारा उपदिष्ट तत्त्वमसि आदि महावाक्यद्वारा उत्पन्न प्रत्यक्-ब्रह्मको ऐक्य साक्षात्कारको समयमा यो जगत समूल बाधित भैकन प्रत्यक्-अभिन्न अद्वितीय ब्रह्म मात्ररूपले अवशिष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो आशय ऐले बताइन्छ—

यः = अध्यस्त प्रपञ्चको अधिष्ठानभूत प्रत्यगात्मा (त्रिपुटी साक्षी)।

प्रबोधसमये = श्रीगुरुद्वारा उपदिष्ट महावाक्यबाट ज्ञानको उत्पत्ति कालमा।

अद्वयम् = सारा प्रपञ्च समूल बाधित भएको हुनाले आकाश आदि द्वैतरहित।

स्वात्मानम् एव = आकाश आदिको अधिष्ठानभूत ब्रह्मदेखि अभिन्न सच्चिदानन्दरूप प्रत्यक् चैतन्यलाई नै।

साक्षात् कुरुते = "सच्चिदानन्द ब्रह्म हुँ म", यस प्रकार अप्रतिबद्ध र अव्यवहितरूपले अनुभव गर्छ,

तस्मै = उक्तरूप (श्रीगुरुलाई)।

श्रीगुरुमूर्तये = श्रीगुरुरूपले अवस्थित श्रीदक्षिणामूर्तिलाई (जसले ब्रह्मस्वरूपलाई साक्षात् अनुभव गर्नुभएको छ, यसप्रकार त्रिविध परिच्छेदशून्य ज्ञानोपदेष्टा पुरुषलाई)।

श्रीदक्षिणामूर्तये = दक्षिण दिशापट्टि अभिमुख भएको छ जस्को मूर्ति, त्यो शिवस्वरूप परमेश्वरलाई (जो जगतको सृष्टि आदि गर्नुमा निपुण हुनुहुन्छ र आकार विशेषरहित हुनुहुन्छ त्यो परमेश्वरलाई)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इदं नमः=नम्रभाव होस; नम्रभाव हो परमेश्वरमा आफूलाई अभिन्नरूपले समर्पण गर्नु। गुरुरूपले आविर्भूत शिव—हुनुहुन्छ दक्षिणामूर्ति।

(उत्तरार्द्धमा श्रीगुरुमूर्ति र श्रीदक्षिणामूर्ति यो मूर्तिद्वययुक्त तत्पदार्थ बताइएको हो)।

"स्वात्मानम्" र "अद्वयम्" यो दुई पदको सामानाधिकरण्यद्वारा प्रत्यक् ब्रह्मको एकतारूप वाक्यार्थ भनिएको छ। सारा वेदान्तमा प्रसिद्ध यो अर्थ परवर्ती श्लोकहरू द्वारा प्रतिपादित हुनेछ।

द्वितीय श्लोक

अवतरणिका

प्रथम श्लोकमा कथित "आत्मनि मायया बहिरिवोद्भूतम् इव पश्यन्" यस्को भित्र मायया शब्दको व्याख्या द्वितीय श्लोकमा गरिएको छ।

शंका—आत्मस्वरूपमा प्रपञ्चको अवस्थान उपपन्न हुँदैन। किनकि आत्मा जगतको कारण हुन सक्दैन (आत्मा आरंभक हैन, परिणामी पनि हैन)। चिद्रूप अद्वितीय परमात्मामा जड प्रपञ्चको आरंभकता संभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन र निरवयव निर्विकार चैतन्य स्वरूपको परिणाम पनि संभव छैन । चतुर्विध परमाणु हो जगतको आरंभक; परमाणुमा नैं जगत् स्थित भैराखेको छ (यो हो नैयायिक-हरूको सिद्धान्त) ।

अथवा

जड प्रधान हो त्रिगुणात्मक र जगदाकार परिणामी, यो जड प्रधानमा जगत परमार्थतः स्थित भैराखेको छ, चित्स्वरूप आत्मामा हैन (यो हो सांख्यहरूको मत) ।

यस्को उत्तरमा यहाँ भनेको छ कि परमाणुको सद्भावमा कुनै प्रमाण छैन; प्रधान परमाणुवाद पनि हो प्रमाणरहित । **श्रुतिमा चेतन परमात्माबाट जगतको उत्पत्ति भनिएको छ ।** कारणबाट कार्य विलक्षणरूप पनि हुन सक्छ (जस्तो गोमयबाट बृश्चिक (बिच्छी) को उत्पत्ति हुन्छ) । **आरम्भ र परिणामदेखि पृथक् जो-वस्तुबाट अन्यथाभावरूप-विवर्त* हो त्यसबाट कार्यको उत्पत्ति देखिन्छ ।** (जस्तो स्वप्नप्रपञ्च रज्जुसर्प आदि स्थलमा) ।

परमात्माबाट जगतको उत्पत्तिको बारेमा विवर्तवाद किम्वा अध्यास हो श्रुतिको विवक्षित । श्रुतिमा आत्मादेखि

---

* उपादान कारणबाट विषम सत्तायुक्त कार्यको उत्पत्तिलाई विवर्त भन-को छ; जस्तो सूक्तिबाट रजतको उत्पत्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिन्नरूपले जगतलाई जान्नुको निन्दा गरिएको छ । "घट छ", "पट छ", "घट स्फुरित भैराखेको छ", "पट स्फुरित भैराखेको छ", यसरी सत्ता र स्फुरणद्वारा अनुविद्ध भैकन जगत्‌को अनुभव भैराखेको छ; त्यसकारण सत्ता र स्फुरण रूप आत्मा नै हो जगतको उत्पत्ति स्थिति आदिको कारण। **यो नै हो द्वितोय श्लोकको अभिप्राय ।**

वीजस्यान्तरिवाङ्कुरो जगदिदं प्राङ् निर्विकल्पं पुन-
मायाकल्पितदेशकालकलनावैचित्र्यचित्रीकृतम् ।।
मायावीव विजृम्भयत्यपि महायोगीव यः स्वेच्छया
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ।।२।।

भावार्थ

वीजको भित्र अंकुर जस्तो अव्यक्तरूपले विद्यमान रहन्छ, त्यस्तै यो दृश्यमान जगत पहिले मायाविशिष्ट परमात्मस्वरूपमा अव्यक्तरूपले विद्यमान थियो । पछि ईश्वराधिष्ठित मायाद्वारा कल्पित देश, काल, नामरूपले विचित्र सम्बन्धद्वारा नाना प्रकार भेदयुक्त भैकन यो जगत् व्यक्तरूपले प्रकट भएको छ । जस्तो जादूगर किम्वा महा-योगी आफ्नो विलक्षण इच्छाशक्तिद्वारा अनेकरूपले प्रकट हुन्छ, त्यस्तो परमात्माले आफ्नो संकल्पमात्रद्वारा यो जगतलाई उत्पन्न गर्नुभएको छ । श्रीगुरुरूपले अवस्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो शिवस्वरूप परमेश्वरमा (श्रीदक्षिणामूर्तिमा) म आफूलाई अभिन्नरूपले* समर्पण गर्दछु।

सामान्य परिचय

ईश्वरले यदि जगतलाई उत्पादन गरेको हो, तब अद्वैत सिद्धान्तको स्पष्ट विरोध हुन्छ। यस्को उत्तर यो हो कि जगत मायिक (मिथ्या) भएको हुनाले द्वैत प्राप्त हुन पाएन। जो छैन त्यो नै हो माया। जगतको कारण भैकन पनि परमात्मा विकारी हुनुभएको छैन। किनकि जगत-कारणता मिथ्या भनी सिद्धभयो। मायाद्वारा कुनै दोषको सम्भावना हुन सक्दैन। यसरी सत्तास्फुरणरूप प्रत्यगभिन्न ब्रह्म नै हो सारा जगतको उत्पत्ति आदिको हेतु।

अन्वय, शब्दार्थ विवेचन र विशद व्याख्या

इदं जगत्=अनुभूयमान यो सम्पूर्ण जगत
प्राक्=उत्पत्तिको पहिले
निर्विकल्पम्=भोक्ता, भोग्य आदि विकलपरहित आकारमात्ररूपले विद्यमान थियो,

शंका—यस्मा दृष्टान्त के हो? जबाफमा दृष्टान्त देखाइन्छ—

* ईश्वर, गुरु र आत्मा (म)—यो तीन विभाग हो श्रीदक्षिणा मूर्तिको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीजस्य अन्तः अंकुर इव=वीजको भित्र जस्तो अंकुर रहन्छ, त्यस्तै आत्माको भित्र जगत रहन्छ। अंकुर हो उपलक्षण; पल्लव, पत्र, पुष्प, फल, शाखा विटपरूपी वृक्ष जस्तो उत्पत्तिको पहिले निर्विकल्प वीजमात्ररूपले विद्यमान थियो, त्यस्तै—

पुनः=पछि सृष्टिको समयमा।

मायाकल्पितदेशकालकलनावैचित्र्यचित्रीकृतम् = ईश्वराधिष्ठित मायाद्वारा कल्पित जो देश काल हो तिनीहरूको विचित्र संबन्ध (कलनावैचित्र्य) द्वारा नाना प्रकार भेदले विभक्त (चित्रीकृत) हुन्छ।

शंका—बाह्य साधनरहित ईश्वरले कसरी जगतलाई उत्पन्न गर्नु भयो ? संसारमा बाह्य साधनयुक्त कुलाल आदि द्वारा घट आदिको निर्माण संभव हुन्छ। यस्को जबाफमा भनिएको छ कि अनादि अनिर्वचनीय मायाशक्ति द्वारा उपहित ईश्वरले स्वेच्छा मात्रले—ऐन्द्रजालिक पुरुष झैं किम्वा विश्वामित्र आदि झैं—जगतलाई उत्पादन गर्नुभएको छ।

यः=परमेश्वर।

मायावीव=लोक प्रसिद्ध ऐन्द्रजालिक मायावी पुरुष झैं।

महायोगीव=विश्वामित्र आदि महायोगी झैं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वेच्छया=आफ्नो संकल्प मात्रद्वारा ।
विजृम्भयति=यो जगतलाई उत्पादन गरेको छ,

शंका—त्यसो भए द्वैत आइहाल्यो; अद्वैत सिद्धान्त-को भंग भयो; यस्को उत्तर यो हो कि मायाद्वारा द्वैत प्राप्त हुँदैन । किनकि माया हो कल्पित वस्तु । जो छैन त्यसलाई माया भनेको छ । जगतको कारण भए तापनि परमात्मा विकारी हुनु भएन; किनकि जगतकारणता आदि अनादि अनिर्वचनीय माया उपाधिद्वारा साधित भएको हुनाले मिथ्या सिद्ध भयो । मायालाई उपलक्षण माने तापनि त्यसले ब्रह्मस्वरूपमा विकार उत्पादन गर्न सक्दैन । कार्य रहनुसम्म जो भेदको हेतु हुन्छ त्यसलाई **उपाधि** भनेको छ । कादाचित्क भेदबुद्धिको हेतुलाई **उप-लक्षण** भनेको छ । यसरी मायाद्वारा कुनै दोषको संभावना नभएको हुनाले प्रत्यगभिन्न ब्रह्म नै हो सारा जगतको उत्पत्ति, स्थिति र लयको हेतु ।

तस्मै श्रीगुरुमूर्तये श्रीदक्षिणामूर्तये इदं नमः = त्यो मूर्तिद्वय-युक्त परमेश्वरमा आफूलाई अभिन्नरूपले समर्पण गर्दछु । ईश्वर, गुरु र आत्मा हो दक्षिणामूर्तिको तीन विभाग । दक्षिणामूर्ति नै यो तीन भिन्न-रूपले स्थित हुनुभएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय श्लोक

अवतरणिका

प्रथम श्लोकमा सम्पूर्ण विषयको द्रष्टा चिदात्मा त्वं पदार्थ उक्त भएको छ; द्वितीय श्लोकमा मायाद्वारा जगतको उत्पादक सर्वगत चिदात्मा तत् पद उक्त भएको छ। ऐले यो तृतीय श्लोकमा पदार्थद्वयको ऐक्यरूप महावाक्यको अर्थ प्रकाश गरिन्छ।

यस्यैव स्फुरणं सदात्मकमसत्कल्पार्थकं भासते
साक्षात् तत्त्वमसीति वेदवचसा यो बोधयत्याश्रितान् ॥
यत्साक्षात्करणाद्भवेन्नपुनरावृत्तिर्भवांभोनिधौ
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ॥३॥

भावार्थ

प्रत्यगभिन्न परमेश्वरको स्वरूपभूत चैतन्य नै स्वतः सत्तारहित आकाश आदि पदार्थमा प्राप्त भैकन प्रकाशित भैराखेको छ (आकाश आदिको आफ्नो सत्ता र प्रकाश छैन)। जगतको अपरोक्ष प्रतीतिको निवृत्ति केवल अधिष्ठान स्वरूपको साक्षात्कार भएमा नै सम्भव हुन्छ। गुरुरूप परमेश्वर नै उपसन्न शिष्यलाई वेदवाक्यद्वारा त्यस्को आफ्नो स्वरूपलाई अपरोक्षरूपले ज्ञापन गरिदिनुहुन्छ। यसरी साक्षात्कार उत्पन्न भए फेरि संसारमा आगमन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्दैन । त्यो मूर्तिद्वययुक्त परमेश्वरमा म आफूलाई अभिन्नरूपले समर्पण गर्दछु ।

सामान्य परिचय

जगतको निजी प्रकाश छैन; यो अधिष्ठानभूत आत्मप्रकाशद्वारा प्रकाशित भैरहन्छ । त्यसकारण श्रुतिमा प्रपञ्चको निषेध गरिएको छ । प्रपञ्च असद्विलक्षण भएको हुनाले प्रपञ्चको अपरोक्ष प्रतीति संभव हुन्छ । अधिष्ठानस्वरूप आत्माको साक्षात्कार भए आरोपित जगतको आत्यन्तिक निवृत्ति संभव हुन्छ र मुमुक्षु पुरुष मुक्त भैहाल्छ । त्यसकारण अन्त:करणरूप उपाधिको परित्यागपूर्वक आफूलाई परमेश्वरदेखि अभिन्न प्रत्यगात्मस्वरूप भनी निरन्तर प्रयत्नपूर्वक अनुभव गरिरहनुपर्दछ ।

अन्वय, शब्दार्थ विवेचन र विशद व्याख्या

शंका—सारा संसार कसरी निवृत्त हुन सक्ला ? संपूर्ण संसारको मूल कारण के हो ? यस्को उत्तर यो हो कि सारा संसारको निदान हो—(१) असत्य प्रपञ्चमा सत्यताबुद्धि र (२) अनात्म दोहादिमा आत्मबुद्धि । **यसको निवृत्ति भएमा नै सारा संसारको निवृत्ति संभव हुन्छ ।** यो निवृत्ति गुरुबाट उपदिष्ट महावाक्य-जनित अपरोक्ष ज्ञानद्वारा मूलाज्ञानको निवृत्तिपूर्वक संभव हुन्छ, त्यो नै ऐले बताइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यः = गुरुरूप परमेश्वर
आश्रितान् = विधिवत् उपसन्न शिष्यहरूलाई
तत्त्वमसि इति वेदवचसा = "जो जगतकारण परमार्थ सत्य अद्वितीय ब्रह्म हो, त्यो हो तिमी; तिमी ब्रह्मदेखि भिन्न हैन" यसप्रकार वेदवाक्यद्वारा
साक्षात् = अपरोक्षरूपले (ब्रह्मस्वरूपदेखि अभिन्नरूपले) अव्यवहितरूपले
बोधयति = शिष्यहरूको आफ्नो स्वरूपलाई ज्ञापन गर्नुहुन्छ ।

शंका— अल्पज्ञ जीव कसरी सर्वज्ञ हुन सक्छ ?

उत्तर—जीवको अन्तःकरण उपाधि र त्यस्को फल अल्पज्ञता,* ईश्वरको माया उपाधि र त्यसको फल सर्वज्ञता—यो दुई विरुद्ध हिस्सालाई परित्याग गरीकन

---

* मुमुक्षु द्वारा अन्तःकरणको परित्याग हो रहस्य कुरा। प्रमाता र प्रमाणको जो व्यापार हो त्यसको निषेध द्वारा नै श्रुतिले जीवको ब्रह्मत्व ज्ञापन गरेको छ। त्रिपुटीको परित्याग भए नै अखण्डाकार वृत्ति उत्पन्न हुन्छ र त्यस्मा ब्रह्म स्पष्टरूपले भासमान हुन्छ। "बोधेद्ध" यो वृत्तिले मूलाज्ञानलाई नष्ट गरिदिन्छ र ब्रह्म स्वयं प्रकाशित हुन्छ। जीवभावको उपाधि (कार्यकरण संघात) संपूर्ण हो साक्षिचैतन्यमा अध्यस्त; त्यसकारण त्यो हो परित्याग को योग्य। यस्को निराकरण विना वास्तव आफ्नो स्वरूपको साक्षात्कार संभव छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(यसैलाई भागत्याग लक्षणा भनेको छ) जीव र ईश्वर दुवैमा अनुगत अविरुद्ध चिन्मात्रतालाई ग्रहण गरे जीव र ईश्वरको अभेद संभव हुन्छ ।

शंका—वाक्यजन्य ज्ञानद्वारा संसार निवृत्त भए तापनि सुषुप्ति र प्रलयबाट झैं फेरि कदाचित् उद्‌बुद्ध हुन सक्छ, यस्को उत्तर ऐले दिइन्छ—

यत्साक्षात्करणात्=जो स्वप्रकाश निष्प्रपञ्च सच्चिदानन्द-स्वरूप ब्रह्मको अपरोक्ष रूपले "म हुँ त्यो ब्रह्म" यसप्रकार ज्ञान भए ।

भवाम्भोनिधौ=संसार समुद्रमा ।

पुनरावृत्तिर्नभवेत्=फेरि आवर्तन (आगमन) हुँदैन ।

शंका—यस्मा प्रमाण के हो ?

उत्तर—श्रुतिशत यस्मा प्रमाण छ । यस्को कारण यो हो कि महावाक्यजन्य ज्ञानद्वारा मूल अज्ञान नष्ट भैहाल्छ र मुक्त पुरुषको फेरि उत्थान संभव छैन । सुषुप्ति र प्रलयमा मूलाज्ञान (वासना) विद्यमान भैराखेको हुनाले फेरि उत्थान संभव हुन्छ ।

तस्मै श्रीगुरुमूर्तये श्री दक्षिणामूर्तये इदं नमः=त्यो मूर्ति-द्वययुक्त परमेश्वरमा आफूलाई अभिन्नरूपले समर्पण गर्दछु ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ श्लोक

अवतरणिका

जगतको स्वतः सत्ता र प्रकाश छैन, किन्तु केवल आत्मसत्ताबाट जगत प्रकाशित र सत्तायुक्त भैराखेको छ। त्यो नै विशेषरूपले यो श्लोकमा प्रदर्शित भैराखेको छ।

नानाच्छिद्रघटोदरस्थितमहादीपप्रभाभास्वरं
ज्ञानं यस्य तु चक्षुरादिकरणद्वारा बहिःस्पन्दते ॥
जानामीति तमेव भान्तमनुभात्येतत् समस्तं जगत्
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ॥४॥

सानो सानो धेरै छिद्रयुक्त घटको भित्र विद्यमान भाषणशील दीप झैं प्रकाशस्वरूप परमेश्वरको स्वरूपभूत चैतन्य (साक्षीचैतन्य)—जो चाहिं धेरै छिद्रयुक्त देहमा अर्थात् अन्तःकरमा प्रतिबिम्बित हुन्छ। त्यो चक्षु आदि छिद्रद्वारा बाहिर घटादि विषय जहाँ छ, त्यहाँ जान्छ र विषय अन्तःकरणमा प्राप्त भए पछि विषयचैतन्य पनि अन्तःकरणमा प्राप्त हुन्छ र साक्षी चैतन्यले घटादि विषयलाई अवभासित गर्छ। यसरी साक्षी चैतन्यसित सम्बन्धको फलले नै घटादि विषयको भान सम्भव हुन्छ। जो परमेश्वर साक्षी चैतन्यरूपले अवस्थित भैकन जगतलाई प्रकाशित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिराखेको छ, त्यो मूर्तिद्वययुक्त परमेश्वरको मुमुक्षु पुरुषले सर्वदा भावना गरिरहन्छ ।

सामान्य परिचय

अन्तःकरणको रागादि धर्म चैतन्यको प्रतिफलनवशात् त्यसको सत्तामा सर्वत्र भासमान भैराखे तापनि (घटादि विषय ब्रह्मस्वरूपमा अध्यस्त भएको हुनाले) ब्रह्मस्वरूपमा स्थित रहन्छ र जीवको अज्ञात रहन्छ । जब घटादि विषय अन्तःकरणमा प्राप्त हुन्छ (अर्थात् अन्तःकरणको घटादि आकार वृत्ति उत्पन्न हुन्छ), तब वृत्तिचैतन्यसित विषय-चैतन्यको एकीभाव हुन्छ र साक्षी चैतन्यद्वारा घटादिको अज्ञान निवृत्त भए घटादि विषय प्रकाशित हुन्छ (ज्ञात हुन्छ)। यसरी साक्षी चैतन्यसित सम्बन्धको फलरूपले नै बाहिरको विषयको भान संभव हुन्छ । सर्वदा तिनीहरूको भान हुँदैन । साक्षीस्वरूपमा तादात्म्याध्यासद्वारा निष्पन्न अन्तःकरणको व्याप्तिद्वारा मात्र जगतका सारा बिषयको सत्ता र स्फुरण संभव हुन्छ, स्वतः हैन । अन्तःकरणलाई अनातम वस्तुको आकारमा आकारित नगरीकन स्थित भए केवल सुखरूप स्वप्रकाश साक्षी चैतन्यको अनुभव स्वतः सिद्धरूपले भैरहन्छ, जगतको प्रकाश हुनु संभव छैन । निर्विकल्प अनुसन्धानमा आतमा सम्यक् प्रकाशित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्वय, शब्दार्थ विवेचन र विशद व्याख्या

शंका—आत्माको झैं जगतको स्वतः सत्ता माने के हानि हुन्छ ? त्यस्को उत्तर यो हो कि त्यसो भए (१) आत्माको झैं जगतको पनि उत्पत्ति र विनाश नहुनुपर्ने थियो र (२) करणादिको अपेक्षा विना जगतको सर्वदा भान हुनेथियो (त्यसकारण जगतको स्वतः सत्ता र प्रकाश छैन) ।

शंका—संपूर्ण जगत् आत्मस्वरूपमा अध्यस्त होस् तर त्यसको प्रकाशको लागि करण आदिको अपेक्षा किन हुन्छ ? प्रकाशरूप आत्मासित सम्बन्ध हुनुबाट नै सारा जगत सर्वत्र किन भान प्राप्त (प्रकाशित) हुँदैन ? सर्वगत चैतन्य अविरोधी अज्ञानद्वारा आवृत भएतापनि कहिले कहिले जगतको भान कसरी हुन्छ ?

यस्को जबाफमा भनिन्छ कि—

नानाच्छिद्रघटोदरस्थितमहादीपप्रभाभास्वरम्=अनेक छिद्र-युक्त घटको भित्र भासमान दीप झैं प्रकाशस्वभाव

यस्य = परमेश्वरको

ज्ञानम् = स्वरूपभूत चैतन्य (अर्थात् साक्षी चैतन्य) जो चांहि घटको झैं चक्षु श्रोत्र नासिका जिह्वा र त्वक्‌रूप अनेक छिद्रयुक्त देहमा अर्थात् अन्तः-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करणमा प्रतिविम्वित हुन्छ । परमेश्वर नै साक्षी-चैतन्यरूपले शरीको भित्र अवस्थित भैराखेको छ (गीता १८।६१ हेर)।

चक्षुरादिकरणद्वारा बहिः स्पन्दते = परमेश्वरको स्वरूपभूत चैतन्य (जो चाँहि शरीरको भित्र साक्षीरूपले अवस्थित भैराखेको छ) विषयको उपलब्धिको साधन जो **चत्तुःश्रोत्रादि करण** हो **तिनीहरूद्वारा (चत्तु श्रादि त्तुद्रद्वारा—विषयको उपलब्धिको साधनद्वारा) घटादि विषयदेशमा जान्छ** । इन्द्रियसित घटादि विषयको संयोग भए त्यसद्वारा विषय (चैतन्यको उपाधि) अन्तःकरणमा प्राप्त भए विषय चैतन्य (विषयमा प्रतिविम्बित ब्रह्म चैतन्य) पनि त्यो ठाउमा प्राप्त हुन्छ र घटादि विषयलाई अवभासित गर्छ ।

श्रभिप्राय यो हो—

चैतन्य हो अज्ञानको स्वतः अविरोधी; अन्तःकरणमा प्रतिबिम्बित भए चैतन्य अज्ञानको विरोधी वन्दछ (अज्ञान-लाई नष्ट गरिदिन्छ) । त्यसकारण अन्तःकरणको धर्म (प्रतिबिम्बित चैतन्य स्वरूप) जो राग आदि हो त्यो आफ्नो सत्तामा सर्वदा भासमान रहन्छ तर घट, पट आदि विषय बिम्बचैतन्य ब्रह्मस्वरूपमा अध्यस्त भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनाले ब्रह्मस्वरूपमा स्थित रहन्छ। घटादि विषय अन्तः-करणमा प्राप्त भए (घटादि आकार वृत्ति उत्पन्न भए) वृत्तिचैतन्यसित (साक्षीचैतन्यसित) विषयचैतन्यको (घटादि-को अधिष्ठान ब्रह्मचैतन्यको) एकीभाव हुन्छ (किनकि वृत्ति-अवच्छिन्न साक्षी चैतन्यको र विषयावच्छिन्न ब्रह्म-चैतन्यको उपाधि हो एक अन्तःकरण नै)। अन्तःकरण चक्षु आदिद्वारा विषय देशमा गएर घटादिको अधिष्ठान जो ब्रह्मचैतन्य हो त्यसको उपाधि बनिहाल्छ। यसरी एक उपाधिसित सम्बन्धवशात् **अन्तःकरणमा** प्रतिबिम्बितरूपले अवस्थित **साक्षी** चैतन्यसित घटादिको अधिष्ठान ब्रह्म-चैतन्यको एकता हुन्छ। त्यसकारण **साक्षीचैतन्यद्वारा घटादिको अज्ञान निवृत्त भए** घटादि विषय अवभासित हुन्छ, **सर्वदा अवभासित हुँदैन।**

त्यसकारण अज्ञानरूप आवरणको भंगको लागि चक्षु आदि करण र अन्तःकरणको अपेक्षा हुन्छ। यसरी स्वप्रकाश साक्षीचैतन्यसित सम्बन्धको फलरूपले नै घटादि विषयको भान सम्भव हुन्छ, यो नै ऐले बताइन्छ—

जानामीति तमेवभान्तमनुभात्येतत्समस्तं जगत् = "घटादि-लाई मैले जान्दछु" यसरी घटादि विषयसित सम्बन्धयुक्त भैकन साक्षीरूपले अवस्थित परमेश्वर प्रकाशमान हुनुको अनन्तर (तमेव भान्तम् अनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्य, चन्द्र सहित यो सम्पूर्ण जगत प्रकाशित भैहाल्छ (एतत् समस्तं जगत् भाति)। पश्चात् जो जगत् प्रनिभात हुन्छ, त्यो प्रतिभान पनि स्वतः जगतको हैन, किन्तु प्रत्यक् चैतन्यको हो (प्रकाशद्वारा त्यस्मा अध्यस्त त्रिपुटी-रूप जगत प्रतिभात हुन्छ)।

जानामीतिको विशेष व्याख्या

घटादि विषय यदि स्वतः प्रकाशयुक्त हुने थियो तब "घटलाई म जान्दछु" यसप्रकार ज्ञानको आश्रयरूप विषय-को अनुसन्धाताको स्फुरण (ज्ञाता मको अधीन भएर घट-को स्थिति) आवश्यक हुने थिएन।

यो अनुसन्धाता को हो ? निर्विकार साक्षी हैन; (साभास राजसिक बुद्धिवृत्ति) जड अहंकार पनि हैन। फलाम आगोद्वारा व्याप्त भए जस्तो आगोरूप बनिहाल्छ, त्यस्तै बुद्धि चिदात्माद्वारा व्याप्त भए आत्मरूप (म रूप) बनिहाल्छ—जड बुद्धि चेतन आत्माको प्रकाशद्वारा व्याप्त भए चैतन्यरूप (मरूप) प्रतीत हुन्छ। यो चिदाभास (साभास सात्विक बुद्धिवृत्ति) हो अनुसन्धाता। घटाकार वृत्ति (साभास राजसिक वृत्ति) घटको आवरणलाई नष्ट गरिदिन्छ र चिदाभास (साभास सात्विक वृत्ति) घटलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश गर्छ (जानिहाल्छ)। "मोक्षोपाय गुरुचन्द्रिका" पृष्ठ ३२–३४ हेर)।

यसरी ईश्वरको संसर्ग विना जगतको सत्ता र स्फुरण संभव छैन। ईश्वर हुनुहुन्छ नित्य स्वप्रकाश र सद्रूप वस्तु। परमेश्वर नै सबैको हृदयमा साक्षीरूपले अवस्थित हुनुहुन्छ र साक्षी नै मरूपले प्रकाशित हुन्छ। विज्ञानमय कोशमा स्वयं ज्योति आत्मा नै विलास प्राप्त भैराखेको छ, अरू कोही हैन। सारा प्राणीहरूमा "म" भनीकन जो भासमान भैराखेको छ, त्यो हो परमेश्वर।

ज्ञानस्वरूप प्रत्यगात्मामा आरोपित विषयज्ञानको प्रक्रिया रहस्य

(१) म प्रकाशित नभए जगत प्रकाशित हुन सक्दैन। स्वप्रकाश आत्मस्वरूपमा कल्पित भैकन जगत साक्षी चैतन्यद्वारा प्रकाशित भैराखेको छ। सूर्य, चन्द्र, घट, पट आदिलाई जान्नुको लागि पहिले आफू प्रकाशित (तिमी) हुनुपर्दछ। म पहिले प्रकाशित नभए केही पनि जान्नु संभव छैन।

(२) प्रमाता नभए प्रमेय सिद्ध हुँदैन। प्रमेय वस्तुको अस्तिता प्रमाताको अस्तिताको माथि अवलम्बित छ। "कुनै प्रमेय छ, किन्तु त्यो ज्ञात छैन" यस प्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नु बन्दैन । किनकि जहाँ ज्ञान छैन, त्यहाँ ज्ञानको विषय पनि छैन । पदार्थ चिन्तनको लागि चिन्तक पुरुष-को आवश्यकता छ ।

(३) प्रमाता र प्रमेय साक्षी चैतन्य देखि भिन्न हैन । आत्माको उपाधिभूत बुद्धि इन्द्रिय द्वारा विषया-कारमा परिणत भए त्यो त्रिपुटी साक्षीद्वारा अवभासित हुन्छ । चैतन्यबाट व्याप्त भैकन नै त्यो उत्पन्न हुन्छ । त्यसकारण प्रमेय प्रमातादेखि भिन्न हैन ।

(४) आत्मा निरवयव भएको हुनाले त्यो ज्ञाता र ज्ञेन हुन सक्दैन । त्रिपुटी अन्त:पाती प्रमाता आदि हो आविद्यक, व्यावहारिक मात्र (पारमार्थिक हैन) ।

त्यसकारण जब म जगतलाई जान्दछु तब वास्तव-मा अद्वितीय आत्मस्वरूपलाई नै जान्दछु (अनुभव गर्दछु)। एक आत्मस्वरूप नै प्रमाता र प्रमेय हुन्छ । यो अज्ञान केवल साक्षात्कारबाट नै विनष्ट हुन्छ ।

म रूपले अवभासमान आत्मा हो ब्रह्म नै; त्यसको भान कसरी हुन्छ ? अहं भाव हो तीन प्रकार :—

(१) मलिन (कलुषित), (२) शुद्ध (सविकल्प) र (३) निर्विकल्प ।

देहेन्द्रियादि सित सम्पर्कवशात् आत्मा परिच्छिन्न प्रतीत हुन्छ, यो हो मलिन **अहं भाव** । विवेक उत्पन्न भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तत् त्वं पदार्थको विचार भए अर्थात् देहादि अनात्माको परित्याग भए) शुद्ध अहंकारको सहाराले आत्मतत्त्व ब्रह्म-रूपले भासमान हुन्छ। यो साक्षात् ब्रह्मभाव प्राप्ति हैन; किन्तु ईषद् ब्रह्मस्वरूपको भान मात्र हो। यस्को स्वरूप हो साक्षी भास्य आत्माकार चित्तवृत्तिको उत्पत्ति र अनुवृत्ति। **यसैलाई शुद्ध अहंकार किम्वा सविकल्प अहं-कार भनेको छ।**

जब सारा विशेष भावको निरसन हुन्छ (त्रिपुटी साक्षी पनि रहँदैन), तब आत्मा ब्रह्मरूपले अनुभूत हुन्छ (यो हो निर्विकल्प अहंकार)। यस्को स्वरूप हो आफू-लाई ब्रह्मरूपले अनुभव गर्नु (ब्रह्माकार वृत्तिको उत्पत्ति)। निर्विकल्प अनुसन्धानमा मात्र आत्मा सम्यक् रूपले प्रकाशित हुन्छ)।

मलिन अहंभाव हो चित्तमा रज र तमोगुणको प्रधानता; शुद्ध अहंभाव हो संपूर्ण तमोगुण शून्य र ईषत् रजोमिश्रित सत्त्व गुणयुक्त चित्त। निर्विकल्प अनुभव हो रज र तमोगुण द्वारा असंस्पृष्ट चित्त (केवल सत्त्वगुण-युक्त चित्त*)।

---

* चित्तको क्रमिक परित्याग द्वारा = तमोगुणको परित्याग, रजोगुणको परित्याग, विशुद्ध सत्त्वको अवलम्बन पछि सत्त्वगुणको पनि परित्याग।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घटज्ञान, पटज्ञान, भ्रान्तिज्ञान र ब्रह्मज्ञान यसप्रकार धेरै प्रकारको ज्ञान, तिनीहरूको विषय यो सारा अहंकार-मा (साभास सात्विक अन्तःकरण वृत्तिमा) ग्रथित रहन्छ। यसरी आत्मस्वरूपमा तादात्म्याध्यासद्वारा निष्पन्न अन्तः करणको व्याप्तिद्वारा मात्र विषयको सत्ता र स्फुरण संभव हुन्छ; स्वतः हैन। यो हो व्यवहार दृष्टि मात्र; परमार्थ दृष्टिमा अनात्मा कुनै विषय छैन।

यो सारा नानाप्रकारको ज्ञान पश्चात् "मया ज्ञातम्" यसरी आत्मस्वरूपमा विश्राम लाभ गर्छ। घटादि कार्य जस्तो मृत्तिका आदिमा पर्यवसित हुन्छ, त्यस्तो यो जगत प्रकाशदेखि अभिन्न भएको हुनाले परमेश्वरमा विश्राम लाभ गर्छ। यद्यपि "इदम् अहं जानामि" (यो म जान्दछु) र "विज्ञातम् इदं मया" (यो मबाट ज्ञात भएको छ) यो दुई उक्ति समान हो तापनि प्रथम प्रयोगमा कर्ताको क्रिया-द्वारा कर्मव्याप्ति विवक्षित अर्थ हो (ईश्वरको क्रियाशक्ति) र द्वितीय प्रयोगमा परमात्मामा पर्यवसान (विश्राम-प्राप्ति) हो (ईश्वरको ज्ञानशक्ति)। जो कार्य हो त्यो कारणमा विश्राम लाभ गर्छ; अर्थात् कार्यकारणमा अत्यन्त भिन्नता छैन। वृतिज्ञान विनष्ट भए (बुद्धि वृत्तिद्वारा अविशिष्ट रूपले) ब्रह्म नैं परिशिष्ट रहन्छ।

तत्त्व अद्वितीय भए तापनि सहज दोषवशात् सबैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो बुझ्दैनन् । जस्तो दर्पणगत कालिमाद्वारा दर्पण-स्वभाव आच्छादित हुन्छ, त्यस्तै स्वगत अनादि अनिर्वचनीय अज्ञानद्वारा आत्माको स्वरूप आच्छादित भैराखेको छ । परिणामले जीवहरू द्रष्टा-दृश्य कार्य-कारण विभागरूप मोहलाई प्राप्त गर्छन् ।

यो संपूर्ण भेद व्यवहारको मूल हो अज्ञान । किन्तु जीव र ईश्वरको भित्र जो भेद प्रतीत हुन्छ त्यस्मा अधिक हेतु छ । जस्तो घटाकाश र महाकाशको भित्र भेद हो उपाधिद्वारा कृत, त्यस्तो जीवात्मा र परमात्माको भित्र जो भेद छ, त्यो हो देहरूप उपाधिकृत । अंशरहित परमात्मामा अवच्छेद उपपन्न हुँदैन । देहलाई अवलम्बन गरीकन जसले "म हुँ मानिस" यसप्रकार आफूलाई विशेषित गर्छ, त्यो हो जीवात्मा; जो यस्तो गर्दैन, त्यो हो ईश्वर । चिदात्मस्वरूपमा अध्यास विना देह आदि उपाधिसित सम्वन्ध (स्वरूप प्रकाशको व्यभिचार) छैन ।

तस्मै इदं नमः = ब्रह्मको अद्वितीयतारूपको शिक्षा श्रीदक्षिणामूर्तिरूप गुरु नै दिनुहुन्छ । बाँकी पहिलेको झैं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चम श्लोक

अवतरणिका

परमात्मा हुनुहुन्छ अद्वितीय । संपूर्ण जगत् पदार्थको अवभास हो परमात्माको भासमानताको अधीन । संपूर्ण सत्ता र स्फुरण हो परमेश्वर, यो सिद्ध भो । स्वप्न प्रपञ्च र जाग्रत जगत हो असत्य र "म जान्दछु" रूपले जो म स्फुरित भैराखेको छ त्यो हो केवल परमेश्वर, अरू कोही हैन । निर्विकल्प अनुसन्धानमा आत्मा सम्यक्‌रूपले अनुभूत हुन्छ ।

यसरी ब्रह्म र आत्मस्वरूपको एकता जो शास्त्र र सद्‌गुरुको उपदेशद्वारा सिद्धभो, त्यसलाई दृढ़ गर्नुको लागि त्यस्को बारेमा विरोध शंकाको परिहार यो पञ्चम श्लोकमा गरिन्छ ।

शंका—गुरु शास्त्रसम्मत सिद्धान्तको परीक्षाकारी भैकन पनि वादीहरू किन विरोध गर्छन् ? यस्को उत्तर यो हो कि ईश्वरको अनुग्रहको अभाववशात् यसप्रकार नास्तिता-बुद्धि उदित हुन्छ । आस्तिक पुरुषको—जसले श्रुति र स्मृतिमा प्रदर्शित मार्ग अनुसार कर्मानुष्ठान द्वारा परमेश्वरको पूजा गरेको छ—परमेश्वरको प्रसादवशात् देहादिमा आत्मबुद्धिरूप भ्रम उदित हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) कुनै कुनै **वादीले (चार्वाकहरूले)** भन्दछन् कि देहदेखि भिन्न आत्मा भन्ने केही पनि छैन । देह नै "गइराखेको छु", "बसिराखेको छु", "म स्थूल हुँ", "म कृश हुँ" यसप्रकार अनुभव गर्दछ । त्यसकारण **देह नै हो आत्मा ।**

(२) अरू वादीहरूले यस्को निवारण गरीकन भन्दछन् कि **इन्द्रियहरू हो आत्मा**; किनकि 'भनिराखेको छु' 'देखिराखेको छु' 'सुनिराखेको छु' यसप्रकार बुद्धि देखिन्छ ।

(३) अरू ईषत् बुद्धियुक्त वादीहरूले भन्दछन् कि इन्द्रिय नष्ट भए तापनि प्राण रहिराखेको हुनाले मानिस ज्युँदो रहन्छ । त्यसकारण **प्राण नै हो आत्मा ।** प्राण नभए मान्छे बाँचिरहँदैन । म "क्षुधायुक्त हुँ", "म पिपासायुक्त हुँ" यसप्रकार प्रतीति सबैलाई हुन्छ ।

(४) अरू वादीहरूले भन्दछन् कि प्राण बाहिरको वायु झैं जड भएको हुनाले—भोक्ता आदि हुन सक्दैन; त्यसकारण मन नै हो **चेतन भोक्ता र आत्मा ।**

(५) योगाचार वादीहरूले भन्छन् कि "मेरो मन" यसप्रकार मन भिन्न रूपले अनुभूत भएको हुनाले आत्मा हुन सक्दैन किन्तु "म हुँ क्षणिक विज्ञान" यसप्रकार प्रतीयमान जो **बुद्धि (क्षण क्षणमा परिणामी)** हो त्यो नै हो **आत्मा ।**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) योगाचारलाई निन्दा गरीकन अरू वादीहरूले भन्दछन् कि क्षणिक बुद्धि अत्मा हुन सक्दैन । किनकि सुषुप्ति अवस्थामा बुद्धि रहन सक्दैन र त्यो वेला अरू केही उपलब्ध हुन सक्दैन, त्यसकारण शून्य नै हो आत्मा ।

यी ६ प्रकारका वादीहरूले आफ्नु आफ्नु पक्षलाई दृढ गर्नुको लागी यता-उतिबाट श्रुतिवाक्यको उदाहरण दिन्छन् । यिनीहरूको चित्त हो अदृष्टद्वारा दूषित र भ्रम-युक्त । किनकि यिनीहरूले सारा श्रुति, स्मृति, इतिहास, पुराण, न्याय र विद्वद्अनुभवको विरोधी सिद्धान्तलाई ग्रहण गर्दछन् । जस्ले आफ्नु कल्याण चाहन्छ त्यसले स्वप्नमा पनि यी विरोधीहरूलाई पोषण गर्नु हुँदैन ।

देहं प्राणमपीन्द्रियाण्यपि चलां बुद्धिं च शून्यं विदुः
स्त्रीवालान्धजडोपमास्त्वहमिति भ्रान्ताः भृशं वादिनः ॥
मायाशक्तिविलासकल्पितमहाव्यामोहसंहारिणे
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ॥५॥

भावार्थ

जो आइमाईहरू झैं विवेकरहित, बालकको समान दुराग्रही; उन्मत्त झैं बुद्धि रहित र विषयासक्त मूढ मानिस हुन् यिनीहरूले देह, प्राण, इन्द्रिय, चञ्चल बुद्धि र शून्य-लाई आतमा भनी जान्दछन् । त्यसकारण यिनीहरू अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रान्त भएको हुनाले मिथ्या बकवादी भनी मानिन्छन् । देहादि संघातमा भएको आत्म-बुद्धिलाई केवल श्रीगुरु-मूर्तिरूप श्रीदक्षिणामूर्ति नै विनाश गर्न सक्नुहुन्छ । त्यसकारण विकल्परहित भएर स्थित भैकन यो स्वप्रकाश प्रत्यगात्म-स्वरूपलाई म अभेदरूपले अनुभव गरीराखेको छु ।

सामान्य परिचय

छ प्रकार वादीहरूको आत्माको बारेमा धारणा हो विपरीत भावनारूप; किनकि विचारद्वारा देहादि आत्मा भनी सिद्ध हुन सक्दैन । यी बादीहरूले भ्रमको फलले आफ्नो स्वरूपलाई विपरीत रूपले निश्चय गर्दछन् ।

यो भ्रम केवल श्रीगुरुको अनुग्रहबाट नष्ट हुन सक्छ । विचार द्वारा स्वप्रकाश साक्षिरूपले अवस्थित परमेश्वरलाई आफ्नु वास्तव स्वरूप भनी अनुभव गर्नु हो श्रीगुरुको अनुग्रह । **वृत्तिरहित अन्तःकरण हो यस्को एकमात्र साधन** । यो साधन सम्पादनमा प्रयत्न गर्नु हो मुमुक्षुको एकमात्र कर्तव्य ।

अन्वय, शब्दार्थ विवेचन र विशद व्याख्या

देहप्राणमपीन्द्रियाण्यपि चलाम् बुद्धिम् च शून्यम् = देहलाई, प्राणलाई, क्षणिक बुद्धिलाई र शून्यलाई (तार्किकहरूको आत्मालाई) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वादिनः = चार्वाक आदि वादीहरूले ।

स्त्रीवालान्धजडोपमाः = स्त्री, वालक, अन्ध र जड मान्छे झैं विवेक-विज्ञानरहित

भृशं भ्रान्ताः = अतिशय भ्रान्त; त्यसकारण तत्वलाई अन्यथा प्रतिपादन गरिरहन्छन् ।

अहं इति विदुः=देहादिलाई आत्मा भनी (म भनी) जान्दछन् (मान्दछन्) र अरूलाई पनि त्यसप्रकार उपदेश गर्दछन् ।

शंका—परीक्षक पुरुष भैकन पनि यिनीहरू किन नास्तिक हुन् ? जबाफमा भनिन्छ कि ईश्वरानुग्रहको अभावले ।

मायाशक्तिविलासकल्पितमहाव्यामोहसंहारिणे = भगवान परमेश्वरको अनादि अनिर्वचनीय जो भ्रम उत्पन्नकारी माया शक्ति हो त्यसको एकदेशमा कल्पित जो देहादि संघातमा अपरिमित आत्मत्व भ्रम हुन्छ, त्यसका विनाशक श्रीगुरुमूर्तिरूप दक्षिणामूर्तिमा ।

तस्मै...नमः=म आफूलाई अभिन्न रूपले समर्पण गर्दछु । वांकि पहिलेको झैं (श्रीभागवत २।७।४२ हेर) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठ श्लोक

अवतरणिका

शून्यवादीहरूले "सुषुप्तिमा केही पनि उपलब्ध हुँदैन, त्यसकारण शून्य नै हो आत्मा" यसप्रकार जो भनेकाछन् यसको समाधान के हो ? यस्को उत्तर यो हो कि यो षष्ठ श्लोकमा सुषुप्ति अवस्थामा आत्माको अस्तिता प्रतिपादन गरिएको छ ।

राहुग्रस्तदिवाकरेन्दुसदृशो मायासमाच्छादनात् ।
सन्मात्रः करणोपसंहरणतो योऽभूत् सुषुप्तः पुमान् ।।
प्रागस्वाप्समिति प्रबोधसमये यः प्रत्यभिज्ञायते ।
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ।।६।।

भावार्थ

जो प्रत्यगात्मा करणहरूलाई उपसंहार गरीकन केवल सन्मात्ररूपले अवस्थित भएर सुप्त भएको थियो । जस्तो राहुग्रस्त सूर्य किम्वा चन्द्र स्फुट प्रकाशयुक्त नभए तापनि विद्यमान रहन्छन् । अर्थात् करणहरूको अभाव भए तापनि (अविद्याद्वारा आवृत भए तापनि) सुषुप्ति कालमा आत्माको असत्ता सिद्ध हुँदैन । यस्को कारण यो हो कि सुषुप्तिमा यदि स्वप्रकाश आत्मसत्ता थिएन, तब तत्कालमा पदार्थको सामान्याभावलाई कसले अनुभव गर्थ्यो ? र परवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालमा त्यो अनुभवको स्मरण कसबाट हुनेथियो ? त्यसकारण स्वप्रकाश आत्मा तीनै कालमा विद्यमान रहन्छ । आफू अवेद्य भैकन पनि जो बुद्धि आदिको अभावलाई साक्षात् रूपले जान्दछ, त्यो प्रत्यगात्मालाई म अभेदले अनुभव गरिराखेको छु ।

सामान्य परिचय

अद्वैत वेदान्तले तत्त्वनिर्णयको लागि संपूर्ण अवस्थाहरूको अनुभवलाई नै अनुसन्धान र विश्लेषण गरेको छ । सुषुप्ति अवस्थाको विवेचन हो विशेष रूपले प्रणिधान योग्य ।

(१) सुषुप्ति कालमा केही पनि हुँदैन यस्तो हैन ।

(२) तत्कालमा कुनै प्रकारको अनुभव हुँदैन; त्यो पनि ठीक ह्वँन । जाग्रत र स्वप्न कालमा स्थूल र सूक्ष्म विषयको अनुभव हुन्छ किन्तु सुषुप्ति अवस्थामा करणहरूको अभाव भएको हुनाले कुनै विषयको अनुभव हुन सक्दैन । विषयको अनुभव नभए तापनि विषयको सामान्याभावको अनुभव हुन्छ । देहेन्द्रिय, मन, बुद्धिको सद्भावलाई जस्तो साक्षी चैतन्य प्रकाश गर्छ, त्यस्तो तिनीहरूको अभावलाई पनि साक्षी प्रकाश गर्छ । यसरी प्रत्यगात्मा सारा अवस्थामा प्रकाशमान रहन्छ (अर्थात् आत्मा आफुलाई र आफु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा कल्पित अरूलाई प्रकाश गर्छ)। सुषुप्ति अवस्था हो प्रत्यगात्माको निर्विषयतामा प्रमाण। सुषुप्तिको द्वितीय विशेषता यो हो कि तत्कालमा अविद्याद्वारा आवृत भएको हुनाले प्रत्यगात्मा सद्रूपले अवस्थित भए तापनि पूर्णानन्द स्वरूपको अनुभव हुन सक्दैन। आत्मा सच्चिदानन्दरूपले सुषुप्तिमा अवस्थान गरे तापनि पूर्णानन्दरूपले **स्पष्ट प्रकाशमान हुँदैन**। त्यो (समाधिकालमा मात्र सम्भव हुन्छ)।

अन्वय, शब्दार्थ विवेचन र विशद व्याख्या

यः पुमान् = जो प्रत्यग्रूप परमेश्वर

करणोपसंहरतः = विशेष ज्ञानको हेतु जो चक्षु, अन्तःकरण आदि करण हो तिनीरूको उपसंहारपूर्वक

सन्मात्रः = पूर्णानन्दादिरूपले स्पष्ट प्रकाशमान नभैकन केवल सन्मात्ररूपले अवस्थित भएर

सुषुप्तोभूत् = सुप्ति प्राप्त भएको थियो,

शंका—करणहरूको अभाव भए पनि पूर्णानन्दको अनुभवयुक्त मुक्त पुरुषदेखि सुषुप्त पुरुषको के भेद हो? त्यो ऐले बताइन्छ—

मायासमाच्छादनात्=अविद्याद्वारा आवृत भएको हुनाले (केवल सद्रूपमा अवस्थित थियो)।

शंका—स्पष्ट रूपले प्रकाशित नभए तापनि सद्रूपले विद्यमान हुनुको दृष्टान्त छ कि?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो नै ऐले बताइन्छ—

राहुग्रस्तदिवाकरेन्दुसदृश:=राहुद्वारा गृहीत जो सूर्य चन्द्र हो, तिनीहरू झैं (सुषुप्त भएको थियो), जस्तो राहुग्रस्त दिवाकर किम्वा चन्द्रमा स्फुट प्रकाश-युक्त हुँदैन, किन्तु एतावता सूर्य वा चन्द्रमाको असत्ता सिद्ध हुँदैन; त्यस्तै करणहरूको अभाव भएको हुनाळे र अविद्याद्वारा आवृत भएको हुनाले आत्मा सुषुप्तिमा स्पष्टरूपले भासमान हुँदैन, किन्तु त्यसमा आत्माको असत्ता सिद्ध हुँदैन ।

शंका—राहुग्रस्त सूर्य किम्वा चन्द्र स्फुट प्रकाश-युक्त नभए तापनि आँखाबाट सबैले देख्दछन् । त्यस-कारण तिनीहरूको सत्ता अंगीकार गरिन्छ, किन्तु आत्मा-को सत्ता त कसैले पनि अंगीकार गरेको छैन । यस्को उत्तरमा भनिन्छ कि **सुषुप्तिमा पनि आत्माको अविशेष रूपले भान भैं रहन्छ ।**

य: = सुषुप्तिकालिन आत्मा ।

प्रबोधसमये = सुषुप्तिबाट जागेपछि ।

प्रत्यभिज्ञायते = "यो म पहिले निदाएको थिएँ", यसरी सौषुप्त आत्मा परिज्ञात (किम्वा स्मृत) हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राक् यः अहम् अस्वाप्सम् इदानीम् जागर्मि इति="जो म पहिले निदाएको थिएँ त्यो म ऐले जागेको छु" यसरी सुषुप्तिकालिन आत्माको परिज्ञान हुन्छ। सुतेको मैले यदि सुत्नुको अनुभव गरेको थिइन, त्यसोभए मलाई निद्राको स्मरण ऐले हुन सक्ने थिएन। **जो अनुभूत हुँदैन त्यस्को स्मरण पनि संभव छैन।** करणद्वारा आत्माको अनुभव हुँदैन, किनकि सुषुप्तिमा सारा करणको अभाव हुन्छ। **त्यसकारण सुषुप्तिमा स्वप्रकाश आत्मा विद्यमान थियो, त्यसैले शून्यता सिद्ध भएन।** आत्मा क्षणिक भनीकन पनि सिद्ध भएन। जड भनीकन पनि सिद्ध भएन (आत्मा हो सर्वदा प्रकाशमान)। श्रुतिले आत्माको सच्चिदानन्द रूपले सुषुप्तिमा अवस्थान देखाएको छ (छान्दोग्य ६।८।१)।

आत्मा आनन्दरूप भनी कसरी सिद्ध भो? यस्को उत्तर यो हो कि उत्थितपुरुषले आत्माको सुखरूपता "म सुखपूर्वक सुतेको थिएँ" यसरी अनुसन्धान गर्छ। त्यसकारण सौषुप्त आत्मा हो आनन्दरूप (गीतामृत पृष्ठ ६२ हेर) सारा अवस्थामा नै आत्मा हो सत्य, ज्ञान र सुखरूप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंका—"आत्मा प्रत्यभिज्ञात हुन्छ" यसप्रकार भनेपछि आत्मा विषय भनी सिद्ध भयो, किन्तु आत्मा हो स्वयं ज्योति ।

उत्तर—आत्मा स्वयं प्रकाश भएको हुनाले आत्मा अनुभवबाट आफुलाई जान्दछ ।

शंका—सुषुप्तिमा आत्माको भान कस्तो प्रकारको हुन्छ ?

उत्तर—विशेष विज्ञानको अभावले आत्मा अप्रकाशरूपले प्रतिभात हुन्छ; किन्तु स्वरूपविज्ञानको लोप नभएको हुनाले स्व-प्रकाशरूपले पनि प्रतिभात हुन्छ ।

शंका—जागरणमा आत्माको स्वरूप कस्तो हो ?

उत्तर—अवस्थात्रयको साक्षी भएको हुनाले आत्मा हो अवस्थात्रयनिर्मुक्त देहादिद्वारा अकलुषित, साक्ष्यसम्वन्धकृत-दोषरहित (असंग) ।

तस्मै······नमः=यसरी जो गुरु श्रुतिको सहाराले विचारपूर्वक विविक्त आत्मसत्ताको निर्धारण गरिदिनुहुन्छ (अर्थात् ब्रह्माकारवृत्तिको उत्पादन गरिदिनुहुन्छ), उहाँलाई नमस्कार गर्छु । बाँकी पहिलेको झैं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तम श्लोक

अवतरणिका

अवस्थात्रयरहित, साक्ष्यसम्बन्धकृत-दोषरहित स्वयं प्रकाश आत्मा हरहालतमा नै आफूद्वारा आफूलाई जानिराखेको छ (अर्थात् आत्मानुभवद्वारा सधैं प्रकाशित भैराखेको छ, किम्वा प्रत्यभिज्ञात भैराखेको छ), यो सिद्ध गरियो ।

वर्तमान श्लोकमा प्रत्यभिज्ञाको बलले जो आत्माको स्थायित्व भनिएको छ, त्यो प्रत्यभिज्ञाको प्रमाणको बारेमा आक्षेप गरिएको छ । प्रत्यभिज्ञा केलाई भन्छ र त्यस्को प्रयोजन के हो ? यसप्रकार शंका गरिन्छ ।

आक्षेपकर्ताको आशयः प्रत्यभिज्ञा प्रत्यक्ष प्रमाण हैन । किनकि त्यो इन्द्रिय र अर्थको सन्निकर्षमात्रजनित ज्ञानविशेष हैन । प्रत्यभिज्ञामा संस्कार पनि कारण हुन्छ । त्यसैले यो प्रत्यक्ष अनुमान आदि कुनै प्रमाणरूप हैन । फेरि यो स्वतंत्र प्रमाण पनि हैन । त्यसकारण प्रत्यभिज्ञा आत्माको स्थायित्वमा प्रमाण हुन सक्दैन ।

यो आक्षेपको परिहारको लागि वर्तमान श्लोकको अवतारणा गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्यादिष्वपि जाग्रदादिषु तथा सर्वास्ववस्थास्वपि ।
व्यावृत्तास्वनुवर्तमानमहमित्यन्तः स्फुरन्तं सदा ।।
स्वात्मानं प्रकटीकरोति भजतां यो भद्रया मुद्रया ।
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ।।७।।

शंका—यो परिहारको स्वरूप के हो ? जबाफमा भनिन्छ कि जो दक्षिणामूर्तिरूप गुरु व्याख्यान—मुद्रा प्रदर्शन गरीकन शिष्यहरूलाई आत्मस्वरूपको साक्षात्कार उत्पन्न गरिदिनुहुन्छ उहाँलाई नमस्कार गर्दछु । त्यो आत्मस्वरूपको लक्षण के हो ? जो सर्वदा 'म' रूपले जो चाँहि भित्र स्फुरित भैराखेको छ; प्रत्यक्‌रूपले शरीरको भित्र जो सर्वदा प्रकाशमान भैराखेको छ, त्यो नै हो आत्मा ।

आशय यो हो कि जो यो (अन्तःकरण) हैन (अनिदम्), त्यो हो अहम् (म) । यो अहं हो आत्मस्वरूपमा तादात्म्यरूपले अध्यस्त अविद्याकार्य अन्तःकरण । यो अन्तःकरण अहम्-आकार आफ्नो वृत्तिद्वारा स्थूल देहसम्म प्रसारित भैराखेको छ । **परिणामले आत्मा अध्यस्त अहंकाररूपले अवभासित भैरहन्छ** (जस्तो फलाम आगो-रूपले अवभासित हुन्छ) । अहंकाररूपले अवभासित आत्म-स्वरूपको विवेक गर्नुपर्दछ; अहंकारगत इदं हिस्साको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अन्तःकरणको) परित्याग गरीकन आफ्नो स्वाभाविक विविक्त ब्रह्मस्वरूपताको निश्चय गर्नुपर्दछ। गुरु यसरी मेरो वास्तव पूर्ण स्वरूपलाई प्रकट गरिदिनुहुन्छ।

शंका—यो श्लोकको तात्पर्य के हो ?

उत्तर—मूँजबाट ईषिका (गुभो) लाई जस्तो पृथक् गरिन्छ, त्यस्तै देहादिबाट पृथक्कृत सच्चिदानन्दरूप प्रत्यगात्मालाई प्रदर्शन गरीकन परमेश्वरसित त्यस्को अभेद श्रुति, गुरु र ईश्वरको प्रसादबाट प्राप्त हुन्छ, यो कुरा यो श्लोकमा देखाइएको छ।

भावार्थ

वाल्य, कौमार आदि र जाग्रत, स्वप्न आदि सारा परस्पर व्यभिचारी अवस्थाहरूमा जो अवस्थित रहन्छ (अर्थात् जो हो यो सारा अवस्थाको साक्षी र विकारयुक्त यो सारा अवस्था आए पनि गए पनि जो एकरस निर्विकार रूपले विद्यमान रहन्छ); जो बुद्धिमा प्रतिफलित भएर म रूपले (आत्मानुभवद्वारा) सर्वदा प्रकाशित भैराखेको छ—त्यो प्रत्यगात्मालाई जो परमेश्वर (रूप गुरु) भक्तहरूको हृदयमा ब्रह्मस्वरूपले प्रगट गरिदिनुहुन्छ, त्यो आत्मस्वरूपलाई म साक्षात् अनुभव गरिराखेको छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य परिचय

यो श्लोकमा आत्मस्वरूपको विचार प्रणाली (प्रत्यगात्मालाई जान्नुको उपाय) देखाइएको छ । सारा अवस्थामा नै "त्यो हो म" यसरी एक अपरिणामी आत्मस्वरूवको सधैं स्मरण किम्वा अनुभव (प्रत्यभिज्ञा) भैराखेको छ । यसरी निरन्तर अहंप्रत्ययको उदय हुनुको कुनै प्रयोजक कारण छैन, यो हो साभास बुद्धिको स्वभावसिद्ध सात्विक परिणाम । व्यावर्त्तमान सारा अवस्थामा अनुगत वस्तु हो "म"; त्यसकारण म हुँ सारा अवस्थाको साक्षीरूप (सारा साक्ष्यदेखि पृथक्) वस्तु र निरतिशय प्रीतिको विषय । श्रीगुरुरूपी परमेश्वर भक्तहरूको हृदयमा यो प्रत्यगात्मालाई ब्रह्मरूपले स्फुरित गरिदिनुहुन्छ ।

यो श्लोकको अन्वय हो यसप्रकार

वाल्यादिषु तथा जाग्रदादिषु, अपि, सर्वासु, अवस्थासु, व्यावृत्तासु, अनुवर्तमानम्, सदा, अहं इति स्फुरन्तम्, भजताम्, प्रत्यगात्मानम्, यः, भद्रया, मुद्रया आत्मानम्, प्रकटीकरोति, तस्मै, श्रीगुरुमूर्तये, श्रीदक्षिणामूर्तये, इदं नमः ।

शब्दार्थ विवेचन र विशद व्याख्या

वाल्यादिष्वपि जाग्रदादिषु = वाल्य, कौमार, यौवन, बृद्धावस्थामा र जाग्रत, स्वप्न र सुषुप्ति अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र मुर्च्छा जन्म, जरा, मरण आदि र अरू सारा अवान्तर* अवस्थामा

यी अवस्थाहरूको स्वरूप के हो ?

व्यावृत्तासु = यसप्रकार भिन्न भिन्न परस्पर व्यावर्त्तमान सारा अवस्थामा (एक अवस्थामा अरू कुनै अवस्था रहँदैन । सारा अवस्था हो आविर्भाव तिरोभावशील) ।

अपि वर्तमानम् अहम् इति अन्तःस्फुरन्तम् सदा = यो सारा अवस्थामा नै अहम् आकारले अनुगत देहेन्द्रियादिको नाना प्रकार परिणाम भए तापनि भित्र म रूपले सर्वदा स्फुरित; सारा अवस्थामा अपरिणामीरूपले अवस्थित सारा अवस्थाको अवभासक "चित् सदानन्द अद्वितीय ब्रह्मरूप आत्मा हुँ म" यसप्रकार जो जान्नुहुन्छ, त्यस्ता शिष्यहरूलाई गुरुले आत्मसाक्षात्कार गराइदिनुहुन्छ ।

शंका—आत्मा सारा अवस्थामा अनुगतरूपले विद्यमान रहन्छ, यो कसरी जानिन्छ ?

उत्तर—सारा अवस्थामा नै "म" "म" यसरी एक अपरिणामी आत्मस्वरूपको स्मरण किम्वा अनुभव

---

* दर्शन श्रवण आदि रूप, कर्तृत्व भोक्तृत्व आदि रूप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भैरहन्छ । "म" "म" रूपले भित्र जो सर्वदा स्फुरित भैराखेको छ—आत्मस्वरूपको निरन्तर अनुभव भैराखेको छ (स्वभावसिद्ध रूपले बुद्धि जो प्रत्यगाकारमा आकारित भैराखेको छ—निरन्तर अहं प्रत्ययको उदय भैराखेको छ) त्यस्को कुनै प्रयोजक कारण छैन । त्यसैले आफ्नो अस्तितामा कसैको पनि शंका छैन । तिमी छौ कि ? यस्तो कसैलाई प्रश्न गरे "म छ" भनी यसप्रकार जवाफ दिन्छ । यो निरन्तर "म" रूपले अनुभूयमान आत्म स्वरूपको अनुवाद मात्र हो ।

"व्यावर्तमान सारा अवस्थामा अनुगत वस्तु हुँ म", "जो म स्वप्न देखिराखेको थिएँ त्यो म अहिले जागेको छु", जो म बालक थिएँ त्यो म ऐले बृद्ध भएको छु", "जो म देखिराखेको थिएँ त्यो म सुनिराखेको छु" त्यसकारण म हुँ साराको साक्षीरूप र सारा साक्ष्यदेखि पृथक् साक्षी आत्मा । प्रिय वस्तु (वित्त पुत्र पिण्ड–शरीर) नभए तापनि म सर्वदा प्रीतिको विषय हुँ । निरतिशय प्रीतिको विषय आनन्दरूपले विद्यमान भनी अनुभूत हुन्छु । यो नै हो तत्पदको लक्ष्यार्थ आत्मा ।

पूर्व, उत्तर, देश कालरूप विशिष्ट हिस्साको परित्याग गरीकन अनुगत अविशिष्ट वस्तुमात्रको अनुसन्धानलाई प्रत्यभिज्ञान भनेको छ । जो पहिले अवगत थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐले यदि फेरि त्यो अवगत हुन्छ तब "त्यो हो यो" यसप्रकार अनुसन्धानलाई त्यो वस्तुको प्रत्यभिज्ञान भन्दछन् ।

आत्मस्वरूपमा पनि प्रत्यभिज्ञान हुन्छ, जस्तो "जो म स्वप्न देखेको थिएँ त्यो म ऐले जागेको छु ।"

यसरी आनन्दरूप आत्माको साक्षात्कार हो आत्माको प्रत्यभिज्ञान । प्रत्यभिज्ञा हो प्राण; यो हो प्रत्यक्ष प्रमाणको अन्तर्भूत । अहं बुद्धिको विषयरूपले (मरूपले) हरहालतमा शरीर आदिको भित्र भासमान भइराखेको छ । यसप्रकार भक्तहरूको प्रत्यगात्मालाई,

यः = परमेश्वर

स्वात्मानम् एव प्रकटीकरोति = ब्रह्म स्वरूपले प्रकट गर्नुहुन्छ (भक्तहरूको हृदयमा स्फुरित गरिदिनुहुन्छ) । आफूलाई नै = परमेश्वरलाई नै । भक्तहरूको प्रत्यगात्मालाई साक्षात् अनुभव गराइदिनुहुन्छ । परमेश्वर नै हो प्रत्यगात्माको स्वरूप; कर्ता आदि रूपले प्रतीयमान आत्मा प्रत्यगात्मा हैन । प्रत्यगात्माको स्वरूप हो स्वात्मा, ब्रह्मदेखि अभिन्न ।

भद्रया मुद्रया = शोभायुक्त ज्ञान मुद्रा (व्याख्यान मुद्रा) द्वारा । यसलाई चिन्मुद्रा भनेको छ; यस्मा बुढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औंला र तर्जनीको उपल्लो भागलाई एकत्रित गरिन्छ र बाँकी तीन अंगुली पृथक् पृथक् राखिन्छ, यसबाट धेरैको भित्र एकता प्रदर्शित भएको छ ।

भजताम् = आफ्ना भक्तहरूका प्रति

प्रकटीकरोति = तिनीहरूको प्रत्यगात्मालाई—जो ब्रह्म-स्वरूपले अप्रकट थियो, त्यसलाई ब्रह्मस्वरूपले प्रकट गरिदिनुहुन्छ ।

तस्मै…नमः = पहिलेको झैं ।

●

अष्टम श्लोक

अवतरणिका

प्रकाशस्वरूप ब्रह्मदेखि अतिरिक्त अरू यदि केही पनि छैन, तब परमार्थ सम्बन्धी उपदेश आदिरूप व्यवहार कसरी सिद्ध होला ? यस्को जबाफमा वर्तमान श्लोकमा भनिएको छ कि केवल अनादि अनिवर्चनीय मायावशात् ब्रह्मसाक्षात्कार नहुनुसम्म सारा व्यवहार घटिरहन्छ । बन्धन, मोक्ष, मायाको लक्षण आदि संपूर्ण शास्त्रको अर्थ पहिलेको सात श्लोकमा प्रतिपादित भए तापनि यो श्लोकमा फेरि संक्षेपले बताइएको छ । किनकि यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रार्थ हो अत्यन्त सूक्ष्म; ब्रह्मात्म वस्तु हो केवल श्रुति तात्पर्यको गोचर (अद्वैत तात्पर्य ग्रन्थ पृष्ठ ८८)—

विश्वं पश्यति कार्यकारणतया स्वस्वामिसम्बन्धतः
शिष्याचार्यतया तथैव पितृपुत्राद्यात्मना भेदतः ।
स्वप्ने जाग्रति वा य एष पुरुषो मायापरिभ्रामित–
स्तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ।।८।।

भावार्थ

यो जो नाना देखिन्छ, त्यो हो माया । श्रुतिमा प्रसिद्ध परमेश्वर नै आफ्नो उपाधि मायाद्वारा (मलिन-सत्त्वप्रधान अविद्याद्वारा) जीव बनीकन स्वप्नको झैं जाग्रतमा पनि धेरै प्रकार प्रपञ्च देखिरहनुहुन्छ । त्यसले जो गृह, क्षेत्र, पिता, पुत्र, गुरु, शिष्यरूपले भिन्न भिन्न पदार्थलाई देखिराखेको छ, त्यो हो केवल भ्रमरूप । आत्मस्वरूपमा जगत छैन—जगत आत्मस्वरूपदेखि भिन्न हैन (जगत हो प्रत्यगात्मामा आरोपितमात्र) । निरावरण आत्मस्वरूपको दर्शन भए जगत बाधित भैहाल्छ ।

सामान्य परिचय

रज्जुको प्रत्यक्ष ज्ञान नभए जस्तो संस्कारको बलले सर्प देखिन्छ, त्यस्तै आत्मसाक्षातकार उदित नभए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासनावशात् नाना प्रकार जगतको अनुभव भैरहन्छ। आत्मस्वरूपमा जगत नभए तापनि दृढ जगत् वासनाले जगतलाई उद्भूत गरिदिन्छ र प्रत्यगात्मामा जगतको कल्पना भैरहन्छ। यसरी गुरु र शास्त्रको सहाराले जानीकन देहादि संपूर्ण मायिक पदार्थमा आस्था घटाएर (सर्प झैं मिथ्या जानेर) अधिष्ठान आत्मस्वरूपमा चित्त-लाई निवेशित गर्नुपर्दछ। परिणामले अन्तःकरणको परि-त्याग हुन्छ र विविक्त ब्रह्मस्वरूपताको स्वतः सिद्ध अनु-भव श्रीगुरुकृपाले स्पष्ट रूपले स्फुरित हुन्छ।

अन्वय, शब्दार्थ विवेचन र विशद व्याख्या

पुरुषः=पूर्ण

यः=श्रुत्यन्तमा प्रसिद्ध परमेश्वर

मायापरिभ्रामितः=आफ्नु उपाधि मायाद्वारा (मलिनसत्व-प्रधान अविद्याद्वारा) कार्यकारण संघातको आका-रमा परिणत भैकन आफु त्यसमा प्रवेशपूर्वक नाना प्रकार भ्रम प्राप्त भएर

एषः=सब प्राणीको अपरोक्ष जीव बनिकन संसारी बनेर निश्चयपूर्वक

स्वप्ने जाग्रति वा=निद्रावशात् नाना प्रकार स्वप्न झै जागरण कालमा (धेरै प्रकार प्रपंच देखिरहन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वम्=जगत्लाई
भेदत:=नानाप्रकार भिन्न भिन्न पदार्थरूपले भ्रममा
पश्यति=दर्शन गरिरहन्छ

ऐले भिन्न भिन्न पदार्थ देखाइन्छ—

कार्यकारणतया=कार्य र कारण रूपले (जन्य-जनक-भावले)
स्वस्वामिसम्बन्धत:=गृह, क्षेत्र, धन आदि र त्यसको मालिक देवदत्त, यसरी
शिष्याचार्यतया=विद्याग्रहणको लागि विधिपूर्वक उपसन्न भएको शिष्य र विद्याको उपदेष्य आचार्यरूपले
तथैव पितृपुत्राद्यात्मना=र पितापुत्र आदि रूपले
तस्मैं······नम:=पहिलेको झैं ।

अभिप्राय यो हो कि—यद्यपि परमार्थत: ब्रह्मदेखि भिन्न केही पनि छैन, किनकि श्रुतिले सम्पूर्ण द्वैत प्रपंच-लाई निषेध गरेको छ, तापनि अनादि अनिर्वाच्य अविद्या-वशात् व्यर्थ नै जीवले निद्रावशात् स्वप्न झैं जाग्रत्मा नानाप्रकार प्रपञ्च देखिरहन्छ । यसप्रकार भ्रमसिद्ध गुरु, शास्त्र, न्याय आदिको सहाराले विद्या उत्पन्न भए वासना-सहित अविद्या निवृत्त हुन्छ र स्वप्नको बाघ देखेर जो भय उत्पन्न हुन्छ त्यहाँबाट मानिस प्रबुद्ध भए स्वप्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवृत्त हुन्छ । यसरी नै संसारबाट मुक्त भए स्वप्रकाश सच्चिदानन्द आफ्नु स्वरूपमा अवस्थिति हुन्छ ।

●

नवम श्लोक

अवतरणिका

दक्षिणामूर्त्यष्टक समाप्त भएको छ । ऐले साधनाको वारेमा दुई श्लोक राखेर यसलाई स्तोत्रको रूप दिइएकोछ ।

ब्रह्मस्वरूपको अपरोक्षज्ञानमा उत्तमाधिकारी पुरुषको पहिले देखाइएको ब्रह्मविचाररूप साधन भए तापनि मन्द अधिकारीको लागि अष्टमूर्तिको उपासना हो क्रममुक्ति प्रदायक । माया निवृत्तिको लागि ईश्वरोपासनारूप र विचाररूप उपायद्वय यो श्लोकमा बताइएको छ ।

भूरम्भांस्यनलोऽनिलोऽम्वरमहर्नाथो हिमांशुः पुमा
नित्याभाति चराचरात्मकमिदं यस्यैव मूर्त्यष्टकम् ।।
नान्यत् किञ्चन विद्यते विमृशतां यस्मात् परस्माद् विभो
स्तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ।।९।।

भावार्थ

मन्द अधिकारीको लागि सगुण उपासनारूप स्तुति प्रदर्शन गरिन्छ । भगवानको विश्वरूप उपासना क्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिदायक हुन्छ । यसप्रकार उपासनाको सहाराले निष्प्रपञ्च ब्रह्मस्वरूपको साक्षात् अनुभव संभव हुन्छ । उत्तमाधिकारीको ज्ञानसाधन हो पूर्वप्रदर्शित विचार ।

सामान्य परिचय

जगतको दर्शन, जगतको द्रष्टा र जगतरूप दृश्य हो प्रत्यगात्मस्वरूपमा अध्यस्त अन्तःकरण र त्यसको त्रिविध वृत्तिरूप मात्र । उपासनाद्वारा चित्त स्थिर (एकाग्र) भए विचारको सहाराले चित्त वृत्तिरहित भैहाल्छ र परिणामले अखण्डाकार वृत्तिमा निरावरण ब्रह्म स्पष्टरूपले प्रकाशित हुन्छ ।

अन्वय शब्दार्थ विवेचन र विशद व्याख्या

भूः = पृथिवी

अम्भांसि = पानी

अनलः = आगो

अनिलः = वायु

अम्बरम् = आकाश

अहर्नाथः = सूर्य

हिमांशुः = चन्द्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुमान् = सारा कर्मको र उपासनाको अधिकारी जीव
इति = यसप्रकारले
यस्यैव = परमेश्वर सच्चिदानन्द अद्वय शिवको नै
मूर्त्यष्टकम् = आठ प्रकार विग्रह ।

सरल अर्थः—उपासक आफ्नो शरीरमा विद्यमान पञ्चभूत, प्राण, अपान र सूर्य चन्द्रमाको एकीकरण (पञ्च-भूतरूप शरीरको अभिमानी आफूलाई अष्टमूर्तियुक्त परमेश्वरसित एकीकृत) गरीकन सर्वव्यापी—"अष्टमूर्ति-रूप सदाशिव हुँ म" यसप्रकार सर्वदा चिन्तन* गर्छ । यसको फलले भावनाको अतिशयतावशात् त्यसलाई सायुज्य† प्राप्त हुन्छ र सारा ऐश्वर्यसम्पन्न भएर अन्तमा शिवजीको प्रसादबाट तत्त्वज्ञानद्वारा तत्त्वसाक्षात्कारलाभ गरीकन विमुक्त हुन्छ ।

ऐले विचाररूप उपाय देखाइन्छ—

विमृशताम्=विधिपूर्वक गुरु, शास्त्र र युक्तिको सहाराले

---

* परमात्मालाई जसले भित्र (आफ्नो हृदयमा) र वाहिर देख्दछ, त्यो हो ज्ञानी । जसले वहिर्जगतमा मात्र परमात्मालाई देख्दछ, त्यो उपासक ।

† सहयोग, अभेद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो उत्तमाधिकारी पुरुषहरू रातदिन तत्त्वको विचार गरिहन्छन्, तिनीहरूको लागि ।

परस्मात्=सर्वकारणदेखि पृथक् ।

विभोः=नाना प्रकारको आकारमा विवर्तमान परमेश्वरदेखि (पृथक्) ।

यस्मात्=सर्वाधिष्ठान परमेश्वरदेखि (पृथक्) ।

अन्यत् किञ्चन न विद्यते=अरू केही पनि छैन; किनकि संपूर्ण प्रपञ्च सच्चित्सुखरूप परमेश्वरमा **अध्यस्त** भएको हुनाले सारा जगत हो ब्रह्ममात्र । यसरी **ब्रह्मात्मज्ञानको फलले** उत्तमाधिकारीहरूलाई यो शरीरमा नै सच्चिदानन्द अद्वय परम शिवरूपले अवस्थानरूप मुक्ति प्राप्त हुन्छ ।

तस्मै···नमः=त्यो ज्ञानोपदेष्टा गुरुरूप दक्षिणामूर्ति परमेश्वरमा आफूलाई अभिन्नरूपले समर्पण गर्दछु ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशम श्लोक

अवतरणिका

यो स्तोत्रपाठ आदिमा प्रवृत्त पुरुषहरूलाई जो अवश्यंभावी फल मिल्छ, शंकराचार्य त्यसको कीर्तन गरीकन स्तोत्रको उपसंहार गर्नुहुन्छ।

सर्वात्मत्वमितिस्फुटीकृतमिदं यस्मादमुस्मिन्स्तवे।
तेनास्य श्रवणात् तदर्थमननाद्ध्यानाच्च संकीर्तनात् ॥
सर्वात्मत्वमहाविभूतिसहितं स्यादीश्वरत्वं स्वतः।
सिद्ध्येत् तत्पुनरष्टधा परिणतं चैश्वर्यमव्याहतम् ॥१०॥

भावार्थ

ऐले स्तोत्रपाठको फल बताइन्छ। यो स्तवमा पूर्वप्रदर्शितरूपले सारा दृश्यमान प्रपञ्च हो नित्य अनुभूयमान प्रत्यगात्मा, यो देखाइयो। त्यसोभएको हुनाले यो स्तोत्रको गुरुमुखबाट श्रवण गरे, श्रुत अर्थको युक्तिपूर्वक अनुचिन्तन गरेर श्रवण र मननको सहाराले निर्णीत ब्रह्मस्वरूपमा मनलाई स्थापना गरीकन अखण्ड वृत्तिद्वारा अभेदले अनुभव गरिरहे आफ्नो सच्चित् सुखस्वरूप परिज्ञात हुन्छ र अणिमादि सिद्धि पनि सर्वदा अप्रतिहतरूपले प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य परिचय

मन्द अन्धकारमा प्रतीत सर्प जस्तो डोरीरूप नै हुन्छ, त्यस्तै यो दृश्यमान जगत हो अधिष्ठान प्रत्यगात्मा । यो हो श्रुतिको सिद्धान्त । त्यसकारण यो निश्चितरूपले जानीकन सारा चित्तवृत्तिको परित्यागपूर्वक अवस्थान गर्नुपर्दछ । यसको फलले परमेश्वरता प्राप्त हुन्छ । किनकि परमेश्वर नै शरीरमा प्रविष्ट भैकन प्रत्यगात्मा भएको छ । मायाको परिणामरूप अणिमा आदि सिद्धि परमेश्वरता देखि भिन्न हैन ।

अन्वय, शब्दार्थ विवेचन र विशद व्याख्या

इति=उक्त प्रकारले

असुस्मिन् स्तवे=यो स्तोत्रमा

इदम्=दृश्यमान यो सारा प्रपञ्च हो अनुभूयमान आत्मा, यसप्रकार श्रुतिवचनरूप (बृ० आ० ४।५।७)

सर्वात्मत्वम्=प्रत्यगात्माको स्वरूपता

स्फुटीकृतम्=स्पष्ट रूपले प्रदर्शित भएको छ ।

यस्मात्=जुन कारणले

तनास्य श्रवणात्=त्यसैले यो स्तोत्रलाई विधिपूर्वक (गुरुमुखबाट) श्रवण गरीकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदर्थमननात् =श्रुत अर्थको मनन (युक्तिपूर्वक अनुचिन्तन) गरीकन

ध्यानात्=श्रवण र मननद्वारा निर्णीत ब्रह्मस्वरूपलाई "म हुँ सर्वात्मा परमेश्वर" यसप्रकार विजातीय प्रत्ययको तिरस्कारपूर्वक केवल सजातीय प्रत्यय-लाई विषय गरेपछि

संकीर्तनात्=अरूलाई यो अद्वितीय ब्रह्म वस्तुको सम्यक् रूपले कथन गरेपछि

सर्वात्मत्वमहाविभूतिसहितम्=सर्वात्मा नै हो अणिमा आदिदेखि श्रेष्ठ सिद्धि (किनकि त्यो हो त्रिविध परिच्छेदशून्य, त्योसित) युक्त

ईश्वरत्त्वम्=सत्यज्ञानानन्दलक्षण परमेश्वरता

तत्=श्रुतिप्रसिद्ध

स्वतः स्यात्=नित्य विद्यमान हुन्छ (ऐले त्यो परिज्ञात भयो)।

पुनः=फेरि

अष्टधा परिणतम् ऐश्वर्यं च=मायाको परिणामरूप अणि-मादि आठ प्रकारको सिद्धि पा

अव्याहतम्=सर्वदा अप्रतिहतरूपले

सिद्ध्येत्=प्राप्त हुन्छ (छान्दोग्य ७।२६, ८।२ हेर)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंका—मुक्तिको हेतु के हो ?

उत्तर—मुक्तिको हेतु हो सर्वात्मभाव ।

शंका—सर्वात्मताको हेतु के हो ?

उत्तर—दृश्यरूप त्रिपुटीको अग्रहण (विषयाकार वृत्तिको अनुत्पत्ति) ।

शंका—सर्वात्मता केलाई भन्छ ?

उत्तर—अज्ञान र त्यस्को कार्य सारा उपाधिसित सम्बन्धरहित हुनुलाई सर्वात्मभाव भनेको छ ।

शंका—यो सर्वात्मभावको प्राप्ति कसरी हुन्छ ?

उत्तर—त्रिपुटीरूप जगतको मिथ्यात्वबुद्धिको उत्पत्तिद्वारा ।

शंका—यसको साधन के हो ?

उत्तर—ध्यान । जगत साक्षी चैतन्यमा कल्पित भएको हुनाले त्यसको वास्तव स्वरूप हो अधिष्ठान प्रत्यग्प्रत्मा, यसप्रकार निश्चय गरेपछि **केवल सजातीय वृत्तिको नै अनुवृत्ति भैरन्छ**। यसैलाई ध्यान भनेको छ। **सजातीय वृत्तिको अनुवृत्ति भैराखेपछि मात्र विषयको** [अ]नुभव हुनु बन्द हुन्छ। यसरी सर्वात्मभाव प्राप्त हुन्छ।

शंका—सर्वात्मभाव प्राप्त नहुनुको कारण के हो ?

उत्तर—उपाधिसित सम्बन्ध रहनुसम्म (प्रमाता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावलाई परित्याग नगर्नु सम्म) परिच्छिन्न भाव रहिराखे-को हुनाले सर्वात्मभाव सम्भव छैन। परिच्छिन्न भाव हो विषयाकार वृत्तिको निरन्तर उत्पत्ति; त्यो हो ध्यानको विरोधी।

(श्रीदक्षिणामूर्त्यष्टक समाप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदेश पञ्चक

प्रथम दिन

मंगलाचरण

परमात्माको स्मरणपूर्वक परमात्माको बारेमा चर्चा गर्छु, जहाँबाट त्यो चर्चा सफल हुन्छ । त्यो परमात्मामा हाम्रो प्रार्थना हुनुपर्दछ, जसबाट हाम्रो पाप समूल नष्ट हुन जान्छ । हामीहरूमा जो पाप छ, त्यो अनुभवबाट सिद्ध छ ; जसको फलहो दुःख । यस्तो निरन्तर अनुभव भैराखेको पापरूप दुःखको निवारणको लागी यो मङ्गलाचरण हुँदैछ ।

हे परमात्मा, जो आफु राम, कृष्णादि रूपमा आविर्भूत भैकन—"खरतरवदन"—रावणादिलाई बध गर्नुभयो, त्यो परमात्मा हो एक । हे परमात्मा, मेरो सारा पापलाई अपहरण गर्नुहोस्, जसको फलरूपले हामीहरू माथि परमात्माको अनुग्रह हुन्छ । निष्काम कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो परमात्माको अर्चनारूप र त्यसबाट मलदोष निवारित हुन्छ, अन्तरात्माको अनुभव हुन्छ, विशेष ज्ञान उत्पन्न हुन सक्छ, त्यसैले—"जगदघमपहर" । अद्वैत परमात्मवस्तुमा द्विता (अरू कुनै वस्तुको सद्भाव) छैन । परमात्माको स्वरूप हो अद्वैत । अद्वैत वेदान्तलाई छोडीकन अरू दर्शनमा द्विताको सद्भाव मानिन्छ । शास्त्रले उपाधिलाई लिएर द्विताको कल्पना गरेको हो, वास्तविक हैन । जस्तो स्फटिक सेतो हो, तर जपा कुसुमको सन्निधिले स्फटिक रातो देखिन्छ, त्यस्तै चित्त उपाधिले (चित्तसित मिलेको हुनाले) भेद देखिछ । उपाधिलाई हटाएपछि द्वैत देखिदैन । जस्तो सुषुप्ति समाधिमा चित्त उपाधि नभएको हुनाले द्वैत छैन—केवल अज्ञानकृत उपाधिले नानाभाव प्राप्त गरेको छ । वास्तवमा नाना छैन—"नात्र काचन भिदास्ति" "नेह नानास्ति किञ्चन" केवल मेरो वास्तवस्वरूप विद्यमान छ, अरू केही पनि छैन ।

यसरी उपाधिहरूलाई निराकरण गरेर (उपाधि हो चित्तको चलन) अद्वैत संस्था-परमार्थ सत्य आत्मब्रह्मको ज्ञानमा परिसमाप्त हुन्छ—चित्तरूप उपाधिले खडा भएको—"म चिन्तित छु", "म म्रियमाण मानिस हुँ", "म भयभीत हुँ", यो कल्पित भावको निराकरण गरिदिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सगुण ईश्वरको महिमा

सगुण परमात्मा हाम्रो सर्वस्व हो। भक्तहरूको शरीरसम्वन्धी जति कुरा आवश्यक छ, त्यो निःसंदिग्ध-रूपले सगुण ईश्वरबाट सम्भव हुन्छ। जब हामी अद्वैत-संस्थाको सहाराबाट निर्गुणभक्ति प्राप्त गर्छौं, तब ईश्वर हाम्रै स्वरूप हुन्छ (गीता ६।२२)। यो ज्ञानीभक्तको सबै उपकार मै गरिदिन्छु भनी भगवानले भन्नुभयो। आस्तिक पुरुषले यदि ईश्वरको पूरा भर परेन भने चित्तवृत्तिको निरोध हुन सक्दैन। मानिस चित्तवृत्तिसित मिलेर—मिल्नेवाला बनेर नानाप्रकारको चिन्तनमा लागिरहन्छ। जब हामी ईश्वर भरोसाद्वारा निर्धक्क हुन्छौं, तब हाम्रो सारा काम ईश्वर गरिदिनुहुन्छ। ब्रह्मसूत्रमा भनेको छ—ईश्वर सगुण पनि र निर्गुण पनि हुन सक्दैन। उपासनाको लागि दुई ईश्वर माने तापनि वास्तवमा ईश्वर दुई छैन।

यसरी चित्तको एकाग्रताको लागि ईश्वरको सहारा लिनुपर्छ। ईश्वर–निर्भरता विना चित्तको एकाग्रता अरू कुनै प्रकारले हुँनै सक्दैन। ईश्वर हो हाम्रोभित्र स्थित [illegible]त्यक चैतन्य किम्वा साक्षी-चैतन्य। त्यस्तो आफ्नो वास्तव स्वरूपले रहेको परमात्मामा किन हाम्रो चित्त जाँदैन ? केवल ईश्वरमा निर्धक्करूपले विश्वासको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभावले । यसरी पूर्णरूले ईश्वरको भरोसा परेको भक्तको लागि ईश्वर भन्नुहुन्छ—"आयु, आरोग्य, अर्थ र प्रासंगिक भोग सारा मै वहन गरिदिन्छु"—यसरी सगुण ईश्वरको पूर्ण भरोसा विना भित्रको नाना प्रकारको इच्छाको दमन हुन सक्दैन । यो वेदको सिद्धान्त हो कि ईश्वर मनुष्यकै वास्तव स्वरूप भएकोले म जहाँ छु, ईश्वर पनि त्यहाँ छ । ज्युँदो अवस्थामा मात्र हैन, मरेपछि पनि त्यो परमात्मा साथमै जान्छ । यस्तो परमात्माको पूर्ण निर्भर रहनु हो आस्तिक सज्जनको ठूलो काम । द्रौपदीहरूको जीवनकथा यस्मा प्रमाण छ ।

यसरी सगुण ईश्वरको निरूपणले द्वैत देखिन आउँछ, तर त्यो मिथ्या हो (केवल चित्तशुद्धिको लागि आवश्यक हो) । केवल अद्वैत मेरो वास्तव स्वरूप हो एक र परमार्थ सत्य ।

भूमिका

मंगलाचरणमा आफुदेखि अभिन्न त्यो अद्वैत स्वरूप-को विवेचना भएको थियो । त्यो अद्वैत स्वरूपको उपलब्धि मा द्वैत वस्तुले बाधा दिन्छ । द्वैत रहनुसम्म अद्वैतको उपलब्धि हुँदैन । जस्को नाम हो द्वैत किम्वा प्रपञ्च । यो प्रपञ्चको क्षण क्षणमा परिवर्तन भैरहन्छ । त्यो प्रपञ्चको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप कस्तो हो ? जसको सद्भावमा अद्वैत वस्तुको उपलब्धि हुन सक्दैन । शास्त्रले यो द्वैत प्रपञ्चको मात्र निषेध गरेको छ । यसको स्वरूप हो देहदेखि अहंकारसम्म । द्वैतको मुख्य मूल हो यो अहंकार । जसको अधीन अरू सारा द्वैत पदार्थहरू छन्, त्यो हो अहंकार र तद्अन्त:पाती बुद्धि, मन, प्राण आदि हो मेरो । यसरी—म र मेरोदेखि भिन्न अरू द्वैत प्रपञ्च छैन ।

यो द्वैत प्रपंचरूप जगत कहाँ छ र त्यसको अनुभव कहाँ हुन्छ ? त्यसलाई जान्नुपर्छ । साधारण मानिस शरीर आदि प्रपंचलाई बाहिर भनी मान्दछ । यो धारणा हो उल्टा । यो नियम छ कि जो वस्तु जहाँ छ त्यस्को अनुभव त्यहीं हुन्छ । जस्तो विश्वनाथको मन्दिर कहाँ छ ? यसरी खोजी नगर्नुसम्म विश्वनाथको मन्दिर बाहिर छ भन्ने प्रतीति भए तापनि जब हामी मन्दिरको अनुभव गर्छौं, तब त्यो मन्दिर मेरो मनको भित्र प्राप्त भैहाल्छ र मनोरूप बनिहाल्छ । यसको प्रकार यो हो—"मैले मन्दिरलाई देखेको छु"—यो हो चित्तको तीन विकारमात्र । "मन्दिर" हो चित्तको तामसिक परिणाम, "देखेको छु" यो हो चित्तको राजसिक परिणाम र "मैले" हो चित्तको सात्विक परिणाम—यो हो सारा चित्तको विलास मात्र । यसरी वस्तुको अनुभवको विश्लेषणद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै वस्तु पनि बाहिर सिद्ध हुँदैन । **यो हो सबै वादीहरू-बाट मान्य कुरा**। यसरी सारा द्वैत प्रपञ्च हो मेरो चित्तको वृत्तिरूप मात्र । यसबाट यो बुझ्न सुविधा भयो कि जगतको निरसन हो अत्यन्त सुकर । किनकि जब मैले वृत्तिको निरोध गर्छु, तब जगत निवृत्त भैहाल्छ । सुषुप्ति कालीन अनुभव हो यस्मा प्रकृष्ट प्रमाण । सुषुप्तिमा जगत सिन्को जति पनि देखिदैन । सम्पूर्ण जगतको प्रलय भैहाल्छ । यो सम्भव भएको हो जगत केवल चित्तवृत्तिरूप मात्र भएकोले । त्यसैले साधु महात्माहरू जगत्लाई देख्दैनन् । यिनीहरूको मन शान्त, अमनस्कता भो, तब जगत देख्दैनन् । यसरी जगत निरसन हाम्रो हातमा आयो । ज्ञानीहरू किन जगत देख्दैनन् ? अज्ञानीहरू किन जगत देखिरहन्छन् ? यस्को एकमात्र कारण हो वृत्ति-निरोध गर्नु र नगर्नुको परिणाम । त्यसैले गीतामा "या निशा"—(गी० प्र० ता० टीका पृष्ठ ५८–५६ हेर्नु) भनेको छ । यसरी नदी, नाला, पहाड़ सारा हो केवल चित्तको वृत्तिरूप मात्र । अद्वैत संस्थाले यसरी चित्तवृत्ति-निरोधको बाटो देखाउँछ ।

•

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय दिन

वेदो नित्यमधीयतां तदुदितं कर्म स्वनुष्ठीयतां
तेनेशस्य विधीयतामपचितिः काम्ये मतिस्त्यज्यताम् ।।
पापौघः परिधूयतां भवसुखे दोषोऽनुसन्धीयता
मात्मेच्छाव्यवसीयतां निजगृहात्तूर्णं विनिर्गम्यताम् ।।६।।

शंकर भन्नु हुन्छ—ब्राह्मण, क्षत्रिय र वैश्यले प्रतिदिन वेदको पाठ गरोस्—"वेदो नित्यमधीयताम्"—किन ? वेद हो अज्ञात वस्तुको ज्ञापक । वेद हो ईश्वरको वचन । ईश्वररचित, केवल ईश्वरको वचन हो वेद । यस्मा भूल, प्रमाद, विप्रलिप्सा र करणापाटव (इन्द्रियको असामर्थ्य) हुँदैन । वेदले कसैलाई ठगदैन, यस्मा प्रमाद छैन । त्यसैले वेद हो अपौरुषेय । हाम्रो श्वास प्रश्वास निस्के झैं ईश्वरको पनि श्वास, प्रश्वास हो वेद । त्यसकारण ईश्वरको वचन हो वेद । त्यसैले हिन्दुहरूको [illegible]र्गा प्रमाण हो वेद । अरू शास्त्र प्रामाणिक हुन्छ [illegible] वेदानुकूल भए । जस्तो भगवान मनु (जसको सन्तान हो [illegible]मानव) जो भन्नु हुन्छ त्यो हो प्रमाण । अनुमान आदि [illegible]बै लौकिक भएको हुनाले त्यो यद्यपि कार्यकर हुन्छ किन्तु तापनि त्यो पारमार्थिक सत्य ह्वैन । व्यावहारिक सत्य मात्र हो । जो मुमुक्षु (बुद्धिमान) पुरुष हो त्यसले लौकिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणबाट सिद्ध कुरालाई मान्दैन । जस्तो—"देहादि देखेको छु" "जन्म-मरण साँचो हो", र "सुख-दुःख साँचो हो" भनी मान्दछौं । यो कुरा वेदले मानेको छैन । त्यसकारण यो हो भ्रम । जन्म-मरण सुख-दुःख आदि लौकिक प्रमाणद्वारा सिद्ध भए तापनि वेद प्रमाणद्वारा सिद्ध नभएको हुनाले, वास्तवमा प्रामाणिक ह्वैन । ईश्वर, मोक्ष, परलोक आदिमा केवल प्रमाण हो वेद ।

जो कुनै लौकिक, प्रत्यक्ष आदि प्रमाणद्वारा सिद्ध हुँदैन र जसबाट त्यो सिद्ध हुन्छ त्यो हो वेद । त्यसैले हामी हिन्दुहरूले त्यो वेदलाई पढनुपर्छ । द्वैत वस्तुको निराकरणमा सर्वप्रथम उपाय हो **वेदपाठ** । त्यसबाट सर्वप्रथम आफ्नु कर्तव्य के हो, त्यो जान्न सकिन्छ ।

"तमेतं वेदानुवचनेन"—ब्राह्मण हामीहरूले परमात्मा ब्रह्म वस्तु (जो हाम्रो वास्तव स्वरूप हो त्यस)लाई जान्ने इच्छाको लागि वेद अध्ययन गर्नुपर्दछ। यो आत्मावस्तु हरहालतमा छ र मेरो वास्तव स्वरूप पनि हो र सबैको अनुभवमा प्राप्त वस्तु पनि हो । त्यसकारण यो जाज्वल्यमान आत्मालाई प्रतिवन्धक रूप द्वैत पदार्थलाई हटाएर जान्नुको इच्छा गर्नुपर्दछ । यसैको नाम हो विविदिषा । यो आत्मालाई देखे सारा दुःख नष्ट हुन्छ, त्यै आत्मालाई देख्नु हो निरतिशय आनन्दरूप मुक्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि हामी सधैं मुक्तरूप हौं, तापनि अज्ञानले त्यो कुरा बिर्सिसकेकाछौं । ऐले सम्पूर्ण चित्तवृत्तिको निवृत्तिद्वारा त्यसलाई फेरि प्राप्त गर्नुपर्दछ । त्यसको लागि विविदिषा-को उत्पत्ति चाहिन्छ र विविदिषा उत्पत्तिको लागि कर्मको सम्पादन गर्नुपर्दछ ।

"तदुदितम्"—माने वेदमा भनेको कर्मको सम्यक् अनुष्ठान गर्नु । जसको नाम हो स्वधर्मानुष्ठान । ("तस्मात् शास्त्रं प्रमाणंते" गीता १६।२४) । जस्तो अर्जुनलाई माया भयो कि गुरु, दाई, भाईहरूलाई देखेर म लडाई गर्दिन, यो हो भ्रम । किनकि उसको स्वधर्म हो युद्ध गर्नु । यसरी तिम्रो हाम्रो निर्णयले हुँदैन । गर्नु नगर्नुमा केवल प्रमाण हो शास्त्र । यसरी शास्त्रविहित कर्मद्वारा विविदिषा उत्पन्न हुन्छ र पछि आत्मस्वरूपलाई जानेर मुक्त भैहाल्न सकिन्छ । यसरी गीता सप्तदश अध्या-यमा सारा व्यवहार काम-काज सात्विकरूपले गर्नुको निर्देश भगवानले गर्नुभएको छ (गीतामृत पृष्ठ ५८२ हेर) । यसरी सुष्ठु रूपले कर्म नगरे विविदिषा उत्पन्न हुन सक्दैन र विविदिषा प्राप्ति विना आत्माको दृढ ज्ञान उत्पन्न हुन-सक्दैन । आत्माको दृढ ज्ञान विना शोक मोहको निवारण हुँदैन । यसरी क्रमिक उपायको अवलम्बनले स्वरूप ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त गरेर अर्जुनले भन्नुभयो—"करिष्ये वचनं तव"— यसप्रकार ज्ञानवान बनैर अर्जुनले कर्म गर्नुभयो ।

"तेनेशस्य विधीयताम् अपचितिः"—सात्विकरूपले स्वधर्मानुष्ठान गर्नु हो ईश्वरको पूजा । ईश्वरलाई बाह्य फूलको सट्टा चित्तलाई चढाउनुपर्छ । ईश्वरले फल पूल खोजेको छैन, सारा वस्तु ईश्वरको राज्यमा पूरा छ । केवल भक्तको चित्त ईश्वरले खोजेको छ । ईश्वर हो चित्तरहित, त्यसकारण जो वस्तु ईश्वरसंग छैन त्यो चित्त चढाएपछि मात्र ईश्वर भक्तमाथि खुशी हुनुहुन्छ । यसको एकमात्र साधन हो सात्विकरूपले गरिएको कर्मानुष्ठान-रूप पूजा ।

पावौघः परिधूयताम्—सम्पूर्ण पाप प्रक्षालनको बाटो हो निष्काम रूपले स्वधर्मानुष्ठानको अवलम्बन गर्नु । गीता प्रथम षट्कसम्म हो निष्काम कर्मानुष्ठान । जसबाट सारा चित्तवृत्तिनिरोध हुन्छ र पापको प्रक्षालन हुन्छ । गीताको निचोड़ कुरा हो आफ्नो-आफ्नो (स्वधर्म) कर्म निष्काम रूपले गर्नुरूप ईश्वरको पूजा र त्यसको फलले हाम्रो सारा पाप नष्ट भएर जान्छ । इच्छाको उत्पत्ति हो पाप गर्नुमा हेतु र इच्छा पूर्तिको निमित्त मनुष्य पाप-को आचरण गर्दछ । जो पापी ह्वैन त्यो दुःखी पनि हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता भन्दछ—ईश्वर भजन जसको दृढ छ त्यो पापरहित भैहाल्छ । अरूप्रकारले ह्वैन ।

जो पुण्यात्मा भगवद्भक्त (निर्गुणभक्त) हो त्यो अनात्म संसारसंग्रहमा लाग्दैन । ऊ परमात्मापट्टी लागीरहन्छ । उसले मेरो वास्तव स्वरूप हो परमात्मा भनी निश्चय गर्दछ र उसलाई इच्छाको उत्पत्ति हुँदैन । त्यसको योग-क्षेम ईश्वर बहन गर्नुहुन्छ । धन जन हो जन्य पदार्थ र भोलीसम्म नरहने, दोषयुक्त पदार्थ । यसको लागी जसले इच्छा गर्दछ त्यसले दुःखमात्र भोग्नुपर्दछ । तव के गर्नु ? दोष देख्नु । **"भव सुखे दोषोनुसंधीयताम्"** यसरी दोषरहित भैकन त्यै आत्मालाई हामीले प्राप्त गर्नुपर्दछ ।

इच्छारहित भए कसरी वांच्ने ? यसको जबाफ यो हो कि—प्रारब्ध अनुसार प्रायः सबैलाई विषय मिल्दै छ । त्यसको लागी बरू चेष्टा नगरेर दोष देख्नु । किनकि दोष नदेखे इच्छा बन्द हुँदैन । त्यसैले "विद्ध्येमिह वैरिणम्"—भनी गीतामा भगवानले इच्छा नै तिम्रो वैरी (शत्रु) हो भनि बताउनु भएको छ । यसरी बुद्धिमान मानिसले तमोगुणको निवारण रजोगुणको सहाराले र रजोगुणको निवारण सत्वगुणको सहाराले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरीकन, शुद्ध चैतन्यको सहाराले सत्वगुणलाई पनि परित्याग गर्नुपर्दछ ।

इष्ट पदार्थ प्राप्त हुँदा क्षणिक अचल चित्तमा तिम्रो सुखस्वरूप आत्माको प्रतिफलन हुन्छ । यो हो जन्य सुख । जब चित्तमा अरू इच्छाको उत्पत्ति हुन्छ तब प्रतिफलित सुख पनि गैहाल्छ । यसरी जन्य सुख हो दोषयुक्त । त्यसकारण अजन्य आत्मसुखको लागी प्रयत्न गर । माने विविदिषालाई उत्पन्न गर । यति प्राप्त भएपछि आफ्नो घर छाडेर हिडीहाल । तूर्णम्-चाँडै नै ।

यसरी वेदको अध्ययनबाट शुरू गरीकन विविदिषा प्राप्ति अनन्तर तुरुन्त घर छोडेर जानुसम्म विषयको निरूपण भयो ।

•

तृतीय दिन

संगः सत्सु विधीयतां भगवतो भक्तिर्दृढाधीयतां
शान्त्यादिः परिचीयतां दृढतरं कर्माशु सन्त्यज्यताम् ।
सद्विद्वानुपसृप्यतां प्रतिदिनं तत्पादुके सेव्यतां
ब्रह्मैकाक्षरमर्थ्यतां श्रुतिशिरोवाक्यं समाकर्ण्यताम् ॥२॥

शंकर भगवानले हिजो भन्नुभयो—तूर्णं विनिर्गम्यताम् आत्मालाई जान्ने इच्छा गर र आफ्नो घरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाँडै नै निस्किहाल। यस्को तात्पर्य हो—आत्मालाई विशेष रूपले जान्नुको किम्वा साक्षात्कार गर्नुको इच्छा भएपछि घर किम्वा कर्म परित्याग गरिदिनुपर्छ। यो हो **विविदीषा संन्यास**। यो संन्यासमा सामान्य रूपले आफूलाई शुद्ध चैतन्य भनी थाहा पाउँछ र फलरूपले विषयबाट सामान्य वैराग्य प्राप्त भयो। त्यसपछि अनात्माको सद्भाव छैन र आत्माको असद्भाव छैन। केवल भूलले डोरीमा सर्प झैं यो दृश्यमान जगत देख्नमा आएको हो भन्ने विवेक प्राप्त हुन्छ। शम, दम आदि छ सम्पत् प्राप्त गरेर मोक्षको इच्छा (मेरो दुःख छुटोस् र अखण्ड आनन्दको प्राप्ति होस् भनी दृढ इच्छा उत्पन्न) भएपछि कामकाजलाई (कर्मलाई) छोडिदिनु। यसको तात्पर्य यो हैन कि शरीर निश्चेष्ट हुन्छ। ज्युँदो रहनुसम्म शरीर चेष्टमान हुन्छ, केवल मृत मानिस चेष्टा गर्दैन। त्यसकारण कामकाज त्यागको माने हो "आफु चेष्टमान नहुनु शरीर मात्र चेष्टा गरोस्। केवल पापले शरीरमा आफुबुद्धि भैरहन्छ। कर्मद्वारा "म शरीर हैन", यो थाहा हुन्छ। यसपछि कर्म (रजो गुण) लाई त्याग गरीकन ईषत् सत्वगुणलाई बढाएर त्यसलाई पनि त्याग गर्नुपर्दछ।

"संगःसत्सु विधीयताम्" त्यसपछि सज्जन ज्ञानवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष काहाँ पुग र ज्ञान प्राप्त गर। त्यसको लागि कर्म परित्याग गर। "तद्विद्धि प्रणिपातेन"--जो तत्वदर्शी ज्ञानी (श्रोत्रिय ब्रह्मनिष्ठ ब्रह्मस्वरूपलाई साक्षात्कार गरेको र शास्त्रको ज्ञाता पुरुष) हो, यस्तो सज्जनको आश्रय लिएर भगवानमा दृढ भक्ति गर्नु। यो हो निर्गुण भक्ति जनित निदिध्यासन किम्वा ध्यान (कुनै विषयको चिन्ता नगरेर आत्मचिन्तन गरी बस्नु)। किनकि भगवान भन्ने मेरो वास्तव स्वरूप नै हो। त्यै मेरो वास्तव स्वरूपमा दृढता हो भक्ति। यसरी आज सत्संग र दृढ भक्तिको बारेमा राम्ररी बुझ्नु।

मेरो भित्रको चैतन्य वस्तुको अनुभव भैराख्नु हो ज्ञान किम्वा सत्वगुणको काम। मेरो **आत्मस्वरूप हो भगवानकै स्वरूप**। त्यसकारण भूलले मानिस धन, जन-मा लागीराखेको छु भने पनि वास्तवमा मानिस आफ्नो स्वरूप मै लागीराखेको छ। किनकि आफुमा आफ्नुको असीम प्रेम हुन्छ। अरूमा प्रेम हो क्षणिक। तब हामी दृढ भक्त हुनु विना कसरी रहन सक्छौं? किनकि भगवान् हो आफ्नै आत्मस्वरूप। तब भगवद्चिन्तन के हो? यसको जवाफ यो हो कि विषयचिन्तन रहित भएर वस्नु नै हो ध्यान किम्वा भगवच्चिन्तन। भगवानलाई छुट्टै चिन्तन गर्नुको प्रयोजन छैन। किनकि त्यो हो आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तव स्वरूप । केवल विषयचिन्तनको त्यागबाट त्यो सिद्ध हुन्छ । अरू यत्नको प्रयोजन छैन ।

यसरी सद्‌विद्वानको शरणमा परेर उहांको सेवा गर्नु र प्रसन्न भएको ज्ञानीले जो उपदेश दिनुहुन्छ त्यो कार्यकर हुन्छ ।

"शान्त्यादिः परिचीयताम्"—शान्ति आदि गुणको परिचय गर्नुपर्दछ । जस्तो शम—चित्तको वृत्तिराहित्य, कुनै इच्छा मनमा नउठोस्—यो शान्तिको लागि (ब्रह्मसित एकताप्राप्तिको लागि) सारा प्राणीहरू सम्पूर्ण वैषयिक सुख भोगको परित्याग गरीकन सुषुप्ति अवस्थामा प्राप्त भैहाल्छन्, त्यो हो वृत्तिरहित अवस्था । यसरी इन्द्रियलाई मनमा, मनलाई बुद्धिमा र बुद्धिलाई साक्षी आत्मामा र साक्षी आत्माई पनि ब्रह्मात्मामा विलीन गरिदेउ । तब ब्रह्ममात्र बांकी रहन्छ । सारा द्वैतको आभाव भैहाल्छ ।

त्यो ब्रह्मस्वरूप प्राप्तिको लागि जसरी विधिपूर्वक सन्ध्या वन्दन गरेर आएको थियो, ऐले विधिपूर्वक त्यसलाई दृढरूपले परित्याग गर्नु भनी भगवान शंकरले भन्नु भयो । "दृढतरम् सम्यक्" । ज्ञानी गुरुकाहां पुगेर कैले पनि उहाँलाई नछाड्नू । स्वतः ज्ञानीले जे भन्नुहुन्छ, त्यसलाई श्रद्धापूर्वक ग्रहण गर्नु । "पादुका सेवा"—गुरु छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने पादुकाको सेवा गर्नु, भरतले झैं । अज्ञानीजनको संग कैले पनि नगर्नु । किनकि संसारी मानिसको संगले संसारको इच्छा बढीहाल्छ ।

"ब्रह्मैकाक्षरमर्थ्यताम्"—ब्रह्म भन्ने शब्दको अर्थलाई अनुसन्धानपूर्वक जान्नु । गुरुसित सुनेर बुझ्नु । ब्रह्म एक अखण्ड वस्तु भए तापनि अज्ञानदशामा चार हिस्सामा विभाजित हुन्छ । सर्वव्यापक देश कालादिद्वारा अपरिच्छिन्न सच्चिदानन्द वस्तु हो ब्रह्म । यो ब्रह्मस्वरूपको अनुभवमा त्रिपुटी रहँदैन । "अजेनाजं विबुध्यते" अर्थात् ब्रह्मदेखि अभिन्नरूपले ब्रह्ममा संस्थित अखण्ड बुद्धिद्वारा ब्रह्मलाई जान्नुपर्दछ । यो ब्रह्मको चार हिस्सा यो हो—सत्, चित्, अद्वैत र आनन्द । यो चार भागको भित्र सत्, चित् हो ज्ञाता र अद्वैत, आनन्द हो ज्ञेय । सत् चिद् अंशले अद्वय आनन्द अंशलाई प्राप्त गर्छ । ज्ञाता हो प्रसिद्ध र ज्ञेय हो अप्रसिद्ध । "त्यो हो तिमी"—यसको अर्थ यो—जो अद्वय आनन्द हो त्यै सत् चित् वस्तु हो र जो सत् चित् हो त्यो हो अद्वय र आनन्द वस्तु । यो दुवै हो एकै वस्तु । किनकि ज्ञाताको आफ्नो स्वरूप ज्ञेय नभए जान्न सम्भव थिएन । यसरी हामीबाट साक्षात्कार गर्नेयोग्य वस्तु हो अप्रसिद्ध अद्वय आनन्दस्वरूप । देवदत्त यज्ञदत्तलाई साक्षात्कार गर्न सक्दैन । बृ० आ० उ० मा भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ—"आत्मा वारे द्रष्टव्यः मन्तव्यः निदिध्यासितव्यः"। यसरी अज्ञानदशामा देवदत्तको दुई हिस्सा बनेको थियो। ज्ञानदशामा त्यो एकै बन्नजान्छ।

हामी आफ्नो वास्तव स्वरूपलाई नजानेर दुःखी चिन्तित भएर हिंडीराखेका छौं। ऐले कर्म परित्याग गरेर सद्गुरुको समीपमा पुगीकन हामी आफ्नो वास्तव स्वरूपलाई जान्न खोजेका छौं।

"श्रुतिशिरः ......"—श्रुतिको शिर हो वेदान्त (मुख्य वेद हो वेदान्त)। त्यसको महावाक्य छ। तत्त्वमसि (त्यो हो तिमी), अहंब्रह्मास्मि (म हुँ ब्रह्म)। यो ज्ञान सफल गर्न (मनुष्य जन्म सफल गर्न) सन्ध्या वन्दनादिलाई त्यागेर ज्ञानको लागि तैयार भएका छौं (वेदान्तको महा-वाक्य श्रवण गर्न तैयार भएका छौं)।

गुरुवाट—"तिमी सुखी दुःखी संसारी मानिस ह्वै न, तिमी हौ सत् चित्‌रूप साक्षी आत्मा। गुरुबाट श्रवणको ऐले तिमी आफुलाई चित्त विशिष्ट चैतन्य, जन्म-मरणशील सुखी-दुःखी जीव भनी मानेका थियौ, ऐले तिमी सुखी दुःखी जीव ह्वैनौ, तिमी हौ त्यसको साक्षी (यो हो शुद्ध त्वंपद)" यसरी आफुलाई सत् चित् रूप साक्षी आत्मा भनी जानेपछि मात्र अप्रसिद्ध अद्वय सुख स्वरूपको साक्षात्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भव हुन्छ । "श्रुतिशिरः ··· " को वास्तव अर्थ हो ज्ञाता र ज्ञेयको स्वरूप बुझेर त्यसको साक्षात्कार प्राप्त गर्नु । शंकर भगवान् वाक्यवृत्तिमा भन्नुभो—"जो सच्चित् हिस्सा हो त्यो हो अद्वितीय आनन्द" यो जो प्रत्यक् साक्षी तिमी हो, त्यो हो अद्वितीय आनन्दरूप वस्तु र जो हो अद्वितीय आनन्द वस्तु त्यो हो सच्चित् वस्तु (साक्षी हो ब्रह्म र ब्रह्म हो साक्षी) ।

यसरी वेदको महावाक्यद्वारा साक्षी र ब्रह्मको एकतारूप साक्षात्कार प्राप्त गर्नु हो श्रुतिको शिरोरूप वेदान्त शास्त्रको मुख्य तात्पर्य ।

•

चतुर्थ दिन

वाक्यार्थश्च विचार्यतां श्रुतिशिरःपक्षः समाश्रीयतां
दुस्तर्कात्सुविरम्यतां श्रुतिमतस्तर्कोऽनुसन्धीयताम् ॥
ब्रह्मास्मीति विभाव्यतामहरहर्गर्वः परित्यज्यतां
देहेऽहंमतिरुज्झ्यतां बुधजनैर्वादः परित्यज्यताम् ॥३॥

हिजो शंकर भगवान्ले—"ब्रह्म वस्तुको अर्थ जानेर त्यसपछि श्रुतिको महावाक्यको श्रवण गर्नु—"तिमी हौ ब्रह्म" भनी बताउनुभएको थियो । आज त्यसपछि के गर्नुपर्छ, त्यो बताउनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"वाक्यार्थश्च विचार्यताम्"---वाक्यको अर्थलाई असम्भावना आदि विघ्नको श्रुति युक्ति (विचार) द्वारा निराकरण गर्नुपर्छ। जहाँसम्म अज्ञान रहन्छ त्यहाँसम्म त्यसको कार्य अन्तःकरणको प्रकाशक भनी शिष्यले आफुलाई ठानेको थियो। गुरुले भन्नुभयो—जो चैतन्य वस्तु हो त्यो हो अखण्ड आनन्द वस्तु। शरीर भित्र बलिरहेको साक्षीचैतन्य मेरो वास्तव स्वरूप ह्वैन, त्यसलाई अद्वय आनन्द स्वरूपमा पर्यवसित गर्नुपर्दछ। यो अनुभव हो **मनुष्य जन्मको एकमात्र काम**। अस्वरूपलाई मानेर हामी चिन्ता र चेष्टायुक्त बनेका छौं। ऐले गुरुले तिमी हौ ब्रह्म भनी बताउनुभएको छ। यसरी गुरुबाट सुनेर हामीले ब्रह्मसित आफुको एकताको अनुभव गर्नुपर्दछ। यो विचार—श्रुति अनुकूल युक्तिबाट सम्भव हुन्छ। यसैले आफुलाई र ब्रह्मलाई पनि शोधन गर्नुपर्दछ।

युक्ति—यद्यपि हामी जाग्रतमा स्थूल शरीरयुक्त भनी आफूलाई मान्दछौं तापनि त्यो हाम्रो वास्तव स्वरूप ह्वैन। सुषुप्ति कालीन अनुभव हो यसमा प्रमाण। यो हो आफुको निरतिशय सुखरूपतामा अनुभव प्रमाण। "जो म सुषुप्तिमा थिएँ त्यै म जागेको छु" यो दुई जना मानिस ह्वैन। केवल उपाधिले भिन्न भिन्न भनी प्रतीत हुन्छ। आफुलाई शोधन नगर्नु सम्म सुखी-दुःखी जन्म-मरणवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनी मान्द छौं। सुषुप्ति कालीन अनुभवरूप युक्तिद्वारा परिशोधन गरेपछि सजीलोसित सुखस्वरूप आफुलाई जान्न सक्दछौं। ब्रह्मको पनि अपरिशोधनमा सृष्टिकर्ता भाव हुन्छ। यसरी सुषुप्ति कालीन अनुभवको दृष्टान्तद्वारा जाग्रतमा पनि म सुखी-दु:खी संसारी मानिस ह्वैन, किनकि जो म सुषुप्तिमा ब्रह्मरूपले थिएँ, त्यै म ऐले पनि हुँ भनी बुझ्नु पर्दछ। यो हो त्वं पदार्थ शोधनको एक मात्र युक्ति।

यी तीन अवस्थाहरू परस्पर व्यभिचारी भएकोले र सारा जगत यो तीन अवस्था भित्र परेकोले अवस्था हरूलाई मिथ्या भनी जानेपछि ईश्वरको शोधन हुन्छ (त्रयः आवसथाः त्रयः स्वप्नाः ऐतरेय)। यो तीनै अवस्था हो आत्माको स्वप्न। यसरी "**तिमी हौ ब्रह्म**" यो वाक्य-लाई निःसन्दिग्ध रूपले जान्नुपर्दछ।

युक्ति हो—सुषुप्ति कालीन अनुभवबाट त्वं पदार्थको शोधन र तीनै अवस्थाको मिथ्यात्व प्रदर्शन द्वारा तत् पदार्थ ईश्वरको शोधन।

"श्रुतिमतस्तर्कानुसान्धयताम्"—दुस्तर्कबाट राम्ररी विरत रहनु र श्रुति अनुकूल तर्क द्वारा असंभावनादि दोषको पूर्ण निवारण गर्नु। म फलाना भनी कैले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावना नगर्नु । शास्त्र, युक्ति र गुरुको उपदेशले ठहरिए-को जो शुद्ध चैतन्य आफ्नु वास्तव स्वरूप हो त्यसैको सर्वदा भावना गर्नु । यसैको नाम हो निदिध्यासन—किम्वा समाधि । यस्मा "म ब्रह्म हुँ" भन्ने चित्तको सात्विक वृत्ति चलिरहन्छ । यो हो चित्तको एकाग्र भूमिका र यसैको लागी काशीको निवास हो । केवल स्नानको लागि ह्वैन । केवल आत्माकारमा आकारित चित्तद्वारा आत्मस्वरूपको अनुभव—म ब्रह्म हुं यस्तो भावना गर्नु–यसैको नाम हो समाधि । यसरी म ब्रह्म हुँ भनिकन ब्रह्माकार वृत्ति-धारा चलीरहन्छ-तैलधारावत् । जस्तो म फलाना भनी तैलधारावत् अनुभव चलेको थियो । जो अशास्त्रीय र एकमात्र दुःखको कारण हो । पैसाको अभावले दुःख भएको छैन । केवल म फलाना हुँ भन्ने भावनाले स्वरूपलाई नचिन्नुले, आफ्नु स्वरूपमा नवसेको-ले, शास्त्र सज्जनसंग अपरिचयले गर्दा दुःख प्राप्त भएको छ ।

भगवान शंकर पापक्षयपूर्वक आत्मजिज्ञासा प्राप्त गरीकन गुरु प्राप्ति र श्रुत वस्तुको निरन्तर भावना "म हुं ब्रह्म" यसलाई गर्न निर्देश दिएर जानु भयो । यसको प्रतिबन्ध हो केवल गर्व (म पढेको लेखेको विद्वान धनी मानी भनी आफूको बारेमा मान्नु) । यसरी हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तसित असंस्पृष्ट, चैतन्य सच्चित् सुखरूप वस्तु ह्वौ भनी ठहर्न गयो । अव कैले पनि जीव हुन सक्दैनौ । जस्तो पानी तातो हुन सक्दैन । अब नित्य निरन्तर त्यो आफ्नु चैतन्य स्वरूपको ध्यानमा रत रहुँ । माने—"विषयको चिन्तन नगरेर जागा भएर बसौं"—यसैको नाम हो ध्यान । यो ध्यानमा आफ्नु ब्रह्मस्वरूपताको अनुभव हुन्छ ।

संस्कार-रूपले आफुको देवदत्तता जस्तो सधैं विद्यमान रहन्छ, त्यो शिवदत्त र यज्ञदत्त हुँदैन । त्यसरी नै आफु हो हरहालतमा एक अखण्ड वस्तु । एक क्षण पनि आफु ब्रह्म भनी ठह-यो, तब तिमी सधैं ब्रह्म नै भैहाल्छौ अरू हुँदैनौ । यो हो निदिध्यासन । यसरी प्रतिबन्धलाई हटाएर एकनास ब्रह्मको अनुभव गर । कुतर्क, दुराग्रहलाई छोडेर यो उपदेशपञ्चकको नियमित श्रवण गर । यसो नगरे कुरा जान्नुबाट, विद्वत्ताबाट तिम्रो के लाभ ? मर्नुको चिन्ता, भय त तिम्रो गएकोछैन । त्यसैले शास्त्र भन्छ—"सर्वविस्मरणादृते" । सारा कुरालाई नबिर्सेसम्म हरिले उपदेश दिए पनि काम छैन (साक्षात्कार वर्ष ११ अंक १ दासुर उपाख्यान हेर्नु) । पढनु लेख्नुहो व्यर्थ कुरा, किनकि मोक्षको लागी सारालाई (त्रिपुटी भावलाई) बिर्सिदिनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"देहेऽहंमतिरुज्झ्यताम्"—देहमा अहंबुद्धिलाई परित्याग गर। विवेकचूडामणिमा शंकर भन्नुभयो—डोरीमा सर्प बुद्धि भयंकर कुरा ह्वैन किन्तु सर्पमा डोरी बुद्धि हो हानिकारक। त्यस्तै आत्मामा देह रहोस् त्यसबाट हानि छैन तर देहमा आत्मबुद्धि हो महान् हानिकर। देहबुद्धि घटाउन सुषुप्ति कालीन विचार गर्नुपर्दछ, किनकि सुषुप्तिमा देह विना पनि आफुको विद्यमानता पाइन्छ तर देह त्यसवेला हुँदैन। यसरी विचारद्वारा देहमा आफु बुद्धि शिथिल भएर आउँछ। त्यसैले—"बुधजनैर्वादः परित्यज्यताम्"—भन्नुभो। ज्ञानीको यसप्रकार उपदेश माथि श्रद्धा गर्नु, अश्रद्धा कैले पनि नगर्नु। बुधजनसित वाद विवाद नगर्नु, कुरा नकाट्नु।

•

पाँचौं दिन

क्षुद्व्याधिश्च चिकित्स्यतां प्रतिदिनं भिक्षौषधं भुज्यतां
स्वाद्वन्नं न तु याच्यतां विधिवशात् प्राप्तेन सन्तुष्यताम्॥
शीतोष्णादि विषह्यतां न तु वृथा वाक्यं समुच्चार्यता
मौदासीन्यमभीप्स्यतां जनकृपानैष्ठुर्यमुत्सृज्यताम्॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीहरू श्रवण, मनन र ध्यानद्वारा क्रमिक रूपले आत्मापट्टि प्रगति गरीराखेका छौं। यो उत्तरोत्तर आत्मा-पट्टि प्रगतिले गुणहरूको शिथिलता पनि भैरहेको छ। अर्थात् पैलेको जो भूल समझ थियो, गुरुबाट श्रुतिको सार जो वेदान्त शास्त्र श्रवण हो त्यसबाट आफ्नु वास्तव स्वरूप-को बारेमा सुनीकन हाम्रो स्वरूपलाई नजान्नुरूप भूल हटेको छ। यसरी चित्तविशिष्ट चेतन म नभएकोले कुनै कुरालाई नचिताएर आत्मस्वरूपको अनुभवरूप ध्यान गर्न म समर्थ बनेको छु। पहिले म जन्म-मरणवान् भनी अनुभव थियो ऐले ठीक त्यस्को उल्टा "म हुँ सत् चित् सुखरूप आत्मा" यस्तो अनुभव भैरहेको छ। यस्को साधन हो आत्माकार वृत्तिको प्रवाहरूप ध्यान।

विषय चिन्तन गरे आत्मचिन्तन हुँदैन र विषय चिन्तन छोडे आत्माको ध्यान हुन्छ। आत्माको ध्यान हो केवल विषय ध्यानको अभावरूपमात्र। अरू कुनै [illegible]याँ कुरा ह्वैन। यसरी अरूपट्टि नलागेको र निदाएको पनि ह्वैन, तब चित्तको सत्व गुणको विकास भयो। यो आत्म[illegible] भावना स्वतः सिद्ध छ। यस्तो ध्यानशील पुरुष विष[illegible] चिन्तन गर्न सक्दैन। यसको कारण यो हो कि यस[illegible] रजोगुण छैन र सत्वगुणको वृद्धि छ यो सत्वगुणलाई पनि नष्ट गरे पछि उपदेशपञ्चक समाप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरको आज्ञापालनरूप तपस्याको फलले पापक्षय पूर्वक ईश्वर प्रसन्न भएर चित्तको एकाग्र भूमिका प्रदान गर्नुभयो र फलस्वरूप "म आत्मा हुँ, नित्य हुँ, अमरण-शील हुँ, जन्म रहित हुँ" भनी यो एकाग्र भूमिकामा साधक प्राप्त हुन्छ। यो एकाग्र भूमिकालाई दृढ गर्न यो अग्रीम श्लोक बताउनुहुन्छ।

"**क्षुद्व्याधिश्च चिकित्स्यताम्**" भिक्षाबाट भोक-लाई शान्त गर्नु। व्याधिरूप जाने र यो रोगलाई भिक्षा-बाट प्राप्त अन्नद्वारा चिकित्सा गर। राम्रो भोजनपट्टी नलाग, जसबाट रजोगुण बढेर बुद्धि नष्ट भैहाल्छ। भिक्षाबाट प्राप्त अन्नलाई पानीमा हालेर जति चामल माथि उत्रिन्छ त्यतिमात्र खानु, अरू नखानु। यो हो भोकलाई दमन गर्ने उपाय। यसरी शरीर, प्राण, इन्द्रिय र मनका धर्महरूलाई मर्दन गर्न नसके हामी ध्यानमा लाग्न सक्दैनौं। अरि भन्ने* छवटा शत्रु छ। त्यसलाई ते[illegible]

[illegible] शरीरको—जन्म-मरण धर्म, प्राणको भोकप्यास धर्म, मनको शोक मोह, यो छवटा जीवको शत्रुरूप अरि छ। यसलाई जसले जितेको छ, त्यसको नाम हो **अरिमर्दन**। अद्वैत संस्थाका सदस्यहरू मध्ये यौटा यस्तो अरिमर्दन छ, जसले यो छवटा शत्रुलाई जितीसकेको छ र आत्मामा स्थित भएर यो साक्षात्कार को अत्यन्त स्पष्ट व्याख्यान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्दन गर्नुपर्दछ। यसवाट हर हालतमा जीव सुखी रहन सक्छ। विषयसेवनबाट दु:ख मिल्छ। जो अदृष्टले खडा भएको छ त्यसैमा सन्तुष्ट रहनु। केवल प्रारब्धाधिष्ठित ईश्वरको अधीनले हाम्रो जीवन चलीरहेको छ, अनात्म कुनै वस्तु द्वारा ह्वैन। शास्त्र हो अज्ञात ज्ञापक। जस्तो पितृको श्राद्ध गरे त्यसको फलले त्यस्को पितृ जुन योनिमा छ त्यो योनिमा त्यै विषय सजिलोसित भोग गर्न मिल्छ। यदि गाईको जन्म भएको छ भने राम्रो हरीयो घाँस मिल्छ। त्यस्तै हाम्रो प्रारब्ध माथि चढेको ईश्वरले कैले मिठो र कैले आपत्, सम्पत् पनि दिन्छ। त्यसमा सन्तोष बुद्धि गर्ने अभ्यासले स्वरूप स्थिति सम्म पुग्न मद्दत दिन्छ। यो ज्ञानी र भगवानको वचन हो।

तितिक्षा गर्नु ("तां तितिक्षस्व भारत")। जाडो गर्मी हो आगमापायी र मिथ्या, साँचो ह्वैन। अग्मप्र-व्यतिरिक्त अरू केही पनि छैन। यस्तो जानेर विवेकी सन्तुष्ट भएर आत्म-ध्यानमा लागीरहन्छ। डोरीमा स[illegible] जस्तो मिथ्या हो, आत्मामा कल्पित यो जाडो, गर्मी अवस्थाहरू पनि हो मिथ्या। यसरी जानेपछि सहन [illegible]

रूप भगवान शंकरका कृतिहरूलाई प्रकाशित गर्न सकेको छ। यो हो उसको नामको सार्थकता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । सुषुप्ति समाधिमा जाडो छैन । जाडो गर्मी सारा वृत्तिरूप हो । त्यसैले विषय चिन्तन छोडेर आत्मचिन्तनमा लागे यो शीतोष्णादिलाई सहन गर्न सकिन्छ । वलले सहन गर्नु व्हैन । शंकर भन्नुहुन्छ—यो अनात्म वस्तुको कुरै नगर । यस्तो ज्ञानीको वचनलाई सत्यरूपले ग्रहण नगरे हाम्रो कल्याण कैले पनि हुन सक्दैन ।

"औदासीन्य···जनकृपा"—उदासीन रहनु, यो पनि निदिध्यासनको लागी उपाय हो । कसैपट्टी दया गर्न नजाऊ । कसैले कसैलाई पिटिराखेको छ भने त्यसमा माया, दया नगर । त्यसो नगरे आत्मचिन्तनमा लाग्न सक्दिन । भिन्न भिन्न घटना प्रारब्धबाट भैरहन्छ । फेरि निष्ठुरता पनि नगर । उदासीन भएर कृपा र निष्ठुरतालाई त्यागेर वस । यसबाट प्राण, मन, इन्द्रियको चलन बन्द हुन्छ र आत्मचिन्तनको एकाग्रता भूमिका किम्वा आत्माकार वृत्तिपूर्वक सुखरूप आत्माको अनुभूति बन्न जान्छ ।

एवं प्रकार ध्यान हो श्रवण र मननको फल । यो ध्यान हो अत्यावश्यक साधन । यसबाट हाम्रो आत्मचिन्तनमा कुनै व्याघात हुँदैन, अव्याहत रहन्छ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मचिन्तन किम्वा ध्यान अत्यन्त ठूलो कुरा हो। यो हो **अपरायत्तबोध** (सारा कुराबाट निरपेक्ष स्वतः सिद्ध हाम्रो स्वरूपको बोध)। अनात्मा मिथ्या भएकोले ऐले केवल एक अद्वितीय परमार्थ सच्चित् सुखरूप मात्र छ—"कतै चित्त गएन, निदाएन"—यही नै हो ध्यान किम्वा अपरायत्तबोध। यसरी विधिपूर्वक गुरुबाट आत्म-स्वरूपको श्रवण, मनन प्राप्त पुरुष आत्माको ध्यान गरिनै रहन्छ। यो ध्यानको स्वरूप के हो ? बुद्धिलाई विलापन गरेर साक्षिस्वरूप भएर बस्नु "परमां भजस्व"—(शंकर)।

इन्द्रियलाई मनमा, मनलाई बुद्धिमा, बुद्धिलाई साक्षी आत्मामा, र त्यो साक्षीलाई आत्मब्रह्ममा विलापन गरेर कुनै कुराको चिन्तन नगरेर बस। (हरिस्तोत्र श्लोक ६ पृष्ठ ३३, ३४ हेर्नु)। बुद्धिसम्म दृश्यको निरसन द्वारा "म हुँ साक्षी आत्मा" यसप्रकार निश्चयको नाम हो ध्यान। यो ध्यानकालमा साक्षित्वभाव पनि रहँदैन। प्राणीमात्रले खोजेको निरतिशय सुखको एक मात्र साधन हो यो ध्यान। दुःख हो विषयचिन्तनको फल। सदा प्राप्त सुखलाई प्राप्त गर्न नसक्नु हो दुर्भाग्य। यसैको निवारणको लागि **अद्वैत संस्थाको स्थापना** भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ र अद्वैत महाविद्यालयको संचालन पनि यस पवित्र नगरी काशीमा भैरहेको छ। यो ब्रह्मविद्याको सेवन विना अरू जति विद्या सम्पन्न भए पनि त्यसबाट अविनाशी पद मिल्नु संभव छैन। केवल यो अद्वैत महाविद्यालय त्यो राजविद्याको उद्घाटन गर्न समर्थ छ। यसको पाठ्यग्रन्थ हो तद्रूप नै (अज्ञात ज्ञापक नै)।

यो एकाग्र भूमिकाबाट कसरी निरुद्ध भूमिका प्राप्त हुन्छ ? त्यो भोली र पर्सी बताउनेछु। (बाँकी एक श्लोकले)।

●

छैठौं दिन

एकान्ते सुखमास्यतां परतरे चेतः समाधीयतां
पूर्णात्मा सुसमीक्ष्यतां जगदिदं तद्बाधितं दृश्यताम् ॥

(१) स्थूल विषयासक्त मन, (२) सूक्ष्म मन (आत्म चिन्तनमा तत्पर मन किम्वा आत्माकार वृत्ति) र (३) अत्यन्त सूक्ष्म मन (ब्रह्मचिन्तनमा तत्पर मन)। यस मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सूक्ष्म मन किम्वा नष्ट मनद्वारा नै ब्रह्मको अनुभव हुन्छ । यो कुरा आज बताउँछु :—

एकान्त निर्जन स्थानमा सुखसित अवस्थान गरेर— "एकान्ते सुखमास्यताम्" (जसरी दीर्घकाल बस्न सकिन्छ) आत्माकार वृत्तिलाई पनि परित्याग गरीकन "परतरे चेतः समाधीयताम्" पर (साक्षीचैतन्य) परतर (ब्रह्म चैतन्य) साक्षीचैतन्यको पनि वास्तव स्वरूप ब्रह्म चैतन्यमा तिम्रो मनलाई सम्यक् स्थापना गर । यो हो ब्रह्माकार मा आकारित मन ।

यद्यपि मनलाई ब्रह्मस्वरूपमा स्थापना गर्नु निदिध्यासनमा पनि थियो, तर यो हो आत्माकार किम्वा अनात्माकार दुबै वृत्तिलाई छोडेर (गीतामृत पृष्ठ १९९ को माझामा हेर्नु) ब्रह्म चैतन्यमा मनलाई स्थापना गर्नु । आत्मानुभवमा जसरी आत्माकार वृत्ति प्रयोजन छ, त्यसरी नै यो ब्रह्मानुभवमा आत्माकार वृत्तिको पनि परित्याग प्रयोजन छ । "न किञ्चिदपि चिन्तयेत्" ले त्यै कुरा देखाएको छ । यसैको नाम हो ब्रह्माकार वृत्ति, मरेको मनको स्थिति । यसैलाई **कुनै कुराको चिन्तन नगर्नु र ननिदाउनु** भनेको छ । यसरी सविकल्प समाधि अनन्तर जो निर्विकल्प समाधि हुन्छ, त्यो वेला ब्रह्ममात्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थित भएको मैले ब्रह्मदेखि अभिन्न भैकन ब्रह्मलाई वृत्तिरहित किम्वा मरेको मन अथवा विषयाकार किम्वा आत्माकार दुवै वृत्तिरहित अखण्डाकार (ब्रह्माकाररूप) अत्यन्त सूक्ष्म मनद्वारा ब्रह्मको अनुभव गर्दछु। यो हो पूर्णात्मा (प्रत्यक् अभिन्न एकरस ब्रह्मवस्तु)। साक्षीचैतन्य हो अपूर्णात्मा, पूर्णात्मालाई निर्विकल्प समाधिमा साधकले अनुभव गर्दछन्। यसरी अनुभव गर्नु, गर्नेवाला र अनुभव यो सारा हो ब्रह्म। यसरी मन रहनुसम्म आत्माको अनुभव हुन्छ र मनरहित भए ब्रह्मको अनुभव हुन्छ। यसरी **मनोविज्ञानको** पर्यालोचना हो **वेदान्त** शास्त्रको निष्कर्ष।

यसरी क्रम क्रमले निष्काम कर्मद्वारा मनलाई सूक्ष्म बनाउँदै—मनद्वारा आत्माको अनुभव गर्दै—फेरि त्यो सूक्ष्म मनलाई पनि त्यागेर—मनरहित भएर पूर्णात्मा-लाई—अनुभव गर्नुपर्दछ। त्यसैले ब्रह्मानुभवमा अनुभव गर्नेवाला आदि त्रिपुटी छैन। कारण हो चित्तको अभाव। आत्माको अनुभव हो सात्विक सूक्ष्म मनद्वारा, किन्तु ब्रह्म-को अनुभव हो अमन मनद्वारा किम्वा मनरहित ब्रह्मा-कार वृत्तिद्वारा।

अपरिपूर्ण ब्रह्मको अनुभव निदिध्यासनमा हुन्छ, तर परिपूर्ण ब्रह्म स्वरूपको अनुभव केवल निर्विकल्प समाधिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । यसैबाट जन्म-मरणरहित हुन सकिन्छ । यस्तो ज्ञानवान् पुरुष शरीररहित भैहाल्छ, उस्को शरीर केवल तटस्थ पुरुषको कल्पना मात्र हो । गीतामा भन्नुभयो— "सर्वथा वर्तमानोऽपि" यस्तो ज्ञानी जस्तो प्रकारले स्थित भए तापनि त्यो ज्ञानी फेरि जन्म ग्रहण गर्दैन । यो हो ब्रह्मानुभव किम्वा ब्रह्मज्ञानको फल ।

एकान्तमा सुखसित बसीकन, ब्रह्मचैतन्यमा अमन-लाई—डढेको किम्वा मरेको मनलाई राखेर पूर्णात्मा (साक्षी चैतन्यदेखि माथि) लाई दर्शन गर, अनुभव गर । यस्को एकमात्र साधन हो अत्यन्त सूक्ष्म मन, जसमा तीनै गुण छैन; किम्वा ब्रह्म छ । ब्रह्माकारमा आकारित मन छ । यस्तो ब्रह्माकार वृत्तिमा ब्रह्म स्पष्ट रूपले भासमान हुन्छ । हृदयमा स्थित पारमार्थिक अन्धकाररूप अज्ञानको यसरी क्रमिक साधनद्वारा प्राप्त अखण्ड मनमा भासमान किम्वा प्रगट ब्रह्मबाटै नाश हुन्छ, नभए हुँदैन । [illegible] अनात्म वस्तु संग्रह गरे तापनि हृदयमा ब्रह्म भासमान भएन भने प्रसन्नता मिल्दैन, बरू त्यो अनात्म वस्तुबाट दुःख नै प्राप्त भैहाल्छ । सुख मिल्दैन । त्यसकारण सारा अनात्म वस्तुको संग्रहको यत्न त्यागेर केवल ब्रह्मप्राप्तिको लागि प्रयत्न गर्नु हो ठूलो काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकर भगवान् भन्नुभयो—पूर्णात्मालाई अनुभव गर। यसको साधन हो ब्रह्माकारवृत्ति। आत्माकारवृत्ति-लाई त्यागेर निर्विकल्प समाधि प्राप्त गरेपछि जगतको अभाव भैहाल्छ। (ब्रह्मचैतन्यले जगतलाई निलिहाल्छ)— **"तद्बाधितं दृश्यताम्"**—ब्रह्मचैतन्यबाट विनष्ट भएको वस्तुलाई हेर। यसरी जगतको अभाव भए हाम्रो दुःख कष्ट गयो। अनात्माको लेश रहेसम्म दुःखको पूर्ण निवृत्ति हुँदैन।

"येन त्यजसि तत्त्यज"—पैले अधर्मलाई धर्मको सहाराले छोड र पछि धर्माधर्म दुवैलाई छोड़। तत्पश्चात् छोडनेवाला अहंकारलाई पनि छोड। किनकि यो अहंकार-लाई त्याग गर्नु हो निर्विकल्प समाधिको प्राप्ति। यसरी अहङ्कारमाथि जगत आधारित छ। सुषुप्तिमा अहंकार छैन तब जगत पनि छैन। सविकल्प समाधिमा म आत्मा हुँ भन्ने अहंकार साक्षीबाट थाहा हुन्छ। निर्विकल्प समाधि-मा अहंकार छैन। आफु रहन्छ। यसरी निरहंकार भो कि ब्रह्म भैहाल्छ। यसरी ब्रह्म र मको भित्र बाधक हो अहंकार। आफुको ब्रह्मरूपताको प्रतिबन्धक हो केवल अहंकार। यो अहंकार नाशको पैलेको साधन हो निदि-ध्यासन। "म ब्रह्म हुँ भनि चित्तको सहाराले ब्रह्मरूपताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभव गरिराखेको छु," ऐले चित्तलाई नष्ट तुल्याउनु, तब ब्रह्मानुभव प्राप्त भैहाल्छ। यसरी मैले आँखाले (साक्षात् अनुभवले) जगतको अभाव देख्नु, यसैको नाम हो ब्रह्मज्ञान।

वेदान्त सिद्धान्तमा यो ब्रह्मज्ञान बाहेक अरू केही कुरा बताएको छैन। यसरी क्रम क्रमले मनलाई विनष्ट गर्नेको साधन श्रुतिको शिरोरूप यो वेदान्त शास्त्रमा पाइन्छ र श्रीगुरु त्यही श्रुतिसारको शिष्यको हितको लागि दृढतापूर्वक प्रतिपादन गरेर शिष्यको अज्ञान अन्धकारलाई नष्ट गरीदिनु हुन्छ।

भोली अत्यन्त सूक्ष्म विषयको प्रतिपादन हुनेछ।

●

सातौं दिन

प्राक्कर्म प्रविलाप्यतां चितिवलान्नाप्युत्तरैः श्लिष्यतां
प्रारब्धं त्विह भुज्यतामथ परब्रह्मात्मना स्थीयताम् ।।५।।

हिजो निदिध्यासनको फलरूपले चित्तको सात्विक वृत्ति रूप आत्मसाक्षात्कार किम्वा साक्षीचैतन्यको ज्ञानलाई पनि लंघन गरीकन, चित्तको सम्पूर्ण विषयाकार र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माकार वृत्तिलाई पनि त्याग गरे अखण्डाकार वृत्तिमा आत्मब्रह्मको स्पष्ट भान हुन्छ, त्यसलाई कथन गरेको थिएँ ।

अखण्डाकार वृत्तिमा आत्मब्रह्मको साक्षात् अनुभव गरीकन जगतको अत्यन्त बाध प्रत्यक्षीकृत हुन्छ । कसरी ? साक्षात्कृत ब्रह्मात्माद्वारा (केवल ब्रह्मद्वारा जगत बाधित हुँदैन)। ब्रह्म चैतन्यमा जगत मजासित बस्न सक्छ। जब ब्रह्मको आकारमा चित्त आकारित हुन्छ, त्यस्तो ब्रह्माकार वृत्तिमा प्रतिफलित ब्रह्मद्वारा अज्ञानको बाध हुन्छ । चित्तमा अभिव्यक्त आत्मा नै जगतलाई बाध गरिदिन्छ (अखण्डाकार चित्तमा ब्रह्म स्पष्ट रूपले भासमान भए पछि मात्र जगतको बाध हुन्छ) । यो हो "तद् बाधितम्"को वास्तविक अर्थ । यसरी ज्ञानीजनको लागि जगत बाधित हुन्छ । शंकर भगवान् भन्नुहुन्छ—निदिध्यासन प्राप्तिको परिणामले सविकल्प समाधिपूर्वक जगत्को अत्यन्त अभावको साक्षात् अनुभव गर । अखण्डाकार चित्तमा भासमान ब्रह्मको अनुभवद्वारा जगतको बाध गर। यो हो ब्रह्मको साक्षात्कार किम्वा ब्रह्मज्ञान । यसवाट ब्रह्म सम्बन्धी अज्ञान विनष्ट हुन्छ । जगतको अभाव निःसन्दिग्ध रूपले साक्षात्कारवान् पुरुषले गर्दछ । यसरी जगत्को निरसन र ब्रह्मानन्दको स्पष्ट अनुभव (आफुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बारेमा स्पष्ट ज्ञान) नभएसम्म जगत्को विनाश र ब्रह्म-को प्राप्ति हुँदैन ।

"प्राक्कर्म प्रविलाप्यताम्"—कर्म हो तीन प्रकार—(१) सञ्चित, (२) आगामी र (३) प्रारब्ध । हामीले अनेक जन्ममा अनेक शुभाशुभ कर्म गरेर आएका छौं । त्यस भित्र एक हिस्सा मात्र शुभाशुभ फल दिन तैयार भएको कर्मले यो वर्तमान शरीरलाई प्राप्त गरेका छौं । त्यसको फल सुख-दुःख, रोगादि भोग नगरेसम्म यो शरीर जाँदैन । त्यतिमात्र ह्वैन, ज्ञान प्राप्ति अनन्तर पनि शरीर नष्ट हुँदैन । ईश्वरले त्यो प्रारब्ध कर्मको फल ज्ञानीलाई पनि भोगाई नै हाल्छ । प्रारब्ध कर्म जड हो तापनि त्यसमा आरूढ़ चैतन्य भगवान्ले प्रारब्धानुसार फल भोगाई नै हाल्छ ।

ज्ञानप्राप्ति अनन्तर सञ्चित कर्म नष्ट भैहाल्छ—जसले अनन्त जन्म प्रदान गर्दथ्यो । कसरी ? "चिति-वलात्"—चैतन्यको बलले । **यो चैतन्य हो परिज्ञात चैतन्य** । अपरिज्ञात चैतन्यले कर्मादिलाई नष्ट गर्न सक्दैन ।

अर्को कर्म हो आगामी कर्म । ज्ञानप्राप्ति अनन्तर गरिएको कर्मलाई आगामी कर्म भनिएको छ । ज्ञानीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आगामी कर्मसित सम्बन्ध नभएको हुनाले किम्वा मिथ्या भएको हुनाले त्यो ज्ञानीको शरीरबाट गरिएको कर्मको फल पुण्य र पाप भक्त र अभक्तको माथि जान्छ । (जसले ज्ञानीको निन्दागर्छ त्यसले पापलाई र जसले सेवा भक्ति गर्छ त्यसले पुण्यलाई लिन्छ) । यसरी ब्रह्मज्ञान अनन्तर संचित कर्म नष्ट भैहाल्छ, आगामी कर्मद्वारा ज्ञानी संश्लिष्ट हुँदैन र "प्रारब्धं त्विह भुज्यताम्" प्रारब्ध कर्म भोगले नष्ट भैहाल्छ । यसरी ज्ञानको महिमा जान्नु पर्दछ ।

●

सदेह र विदेह मुक्ति

जसको सञ्चित कर्म नष्ट भैसकेको छ, तर प्रारब्ध कर्म अवशेष छ, त्यस्तो ज्ञानीलाई जीवन्मुक्त भनी भनिन्छ । यस्तो ज्ञानी चतुर्थी, पञ्चमी र षष्ठी भूमिका सम्म रहन्छ । योगवाशिष्ठका उद्दालक, वीतहव्य, शिखिध्वज र चूडाला यिनीहरूमा वासना थियो । त्यसकारण ती ज्ञानीहरू जीवन्मुक्त मात्र हुन् । विदेहमुक्त ह्वैनन् । लेशवासना रहनुसम्म जीवन्मुक्ति भनिन्छ । यही वासनाको वलले यी जीवन्मुक्त पुरुषहरू शिष्यहरूलाई उपदेशादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइरहन सक्दछन् । ज्ञानको अभ्यासले प्रारब्ध कर्मको पनि नाश भएपछि उक्त ज्ञानीहरू विदेहमुक्त हुनुभएको थियो ।

दोस्रो ज्ञानवान हो विदेहमुक्त पुरुष (शरीर छँदै पनि विदेहमुक्त)। जस्तो जनक, ब्रह्मा, वशिष्ट, जड भरत, वामदेवहरू । यिनीहरूको संचित प्रारब्ध दुवै कर्म र वासना सबै नष्ट भैसकेको थियो । यिनीहरूको कर्मत्रितय (तीनै कर्म) छैन । विदेह मुक्त हुनुभयो । तिम्रो हाम्रो दृष्टिले ब्रह्मा, जनक र वशिष्टको शरीर छ । कसैले पुरोहित काम, कसैले राज्यसंचालनको काम गरेको देखिए तापनि उनीहरूको दृष्टिमा शरीर छैन । वास्तवमा कसैको पनि शरीर छैन । सारा हो शरीररहित आत्मा । केवल भूलले शरीर प्राप्त गरेको हो ।

यसरी निर्वासनिक सप्तम भूमिकामा स्थित विदेह मुक्त पुरुषको पनि र वासनायुक्त चतुर्थ भूमिकामा स्थित ज्ञानीको पनि वर्णन शास्त्रमा पाइन्छ । तात्पर्य हो एक ज्ञानीको सारा कर्म नष्ट भैसकेको छ र एक ज्ञानीको केवल सञ्चित कर्म मात्र नष्ट भएको छ ।

यो काशीमा दुई सय बर्ष पैले भास्करानन्द भन्ने ज्ञानी पुरुष पनि थिए र तैलङ्ग स्वामी भन्ने योगी पुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि थिए। तव काशी शोभायमान थियो। वास्तवमा निर्वासनिक ज्ञानी वन्नु विना शान्ति मिल्दैन।

आज काशीमा श्रुतिको शिरोरूप यो वेदान्त शास्त्रको चर्चा र निर्णय छैन। त्यसैले अद्वैतसंस्थाको आगमन पूर्वक यो श्रुतिसिद्धान्तको मर्म र भगवान शंकर वशिष्ठको सिद्धान्तको ठोस रूपले उद्घाटन भइरहेको छ। यसबाट मेरो अन्तरात्मा देखि अभिन्न भगवान विश्वनाथ प्रसन्न हुनुहुनेछ।

यसपटकको हाम्रो अन्तिम उपदेश यत्तिकै हुन्छ। भगवान विश्वनाथको इच्छा भए फेरि पनि हुन सक्ने छ।

(उपदेश पञ्चक समाप्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थप्रकाशक

श्रीअरिमर्दन मास्के

(संक्षिप्त जीवनी)

श्रीमास्केज्यूको जन्म बि० सं० १९५६ साल मार्ग २९ गते वुधवार द्वादशी तिथिमा तेह्रथूम जिल्ला—अन्तर्गत जलजले भन्ने ठाउँमा आमा स्व० श्रीकृष्णकुमारीको कोखबाट भएको हो। श्री-मास्केज्यू पिताका द्वितीय पुत्र हुनुहुन्छ। उहाँका पिताको नाम थियो स्व० श्रीपद्मसिंह मास्के।

त्यो वेला विशेष शिक्षा दीक्षा दिलाइने चलन नभएको हुनाले उहाँको पढाई तमसुक लेख्ने र चण्डीपाठ गर्न सम्म जान्नुमै सीमित रह्यो। वाल्यावस्थादेखि नै अरिमर्दनज्यूको प्रकृति शान्त, सरल, परोपकारी, दयालु र तितिक्षु थियो। धर्मकर्ममा विशेष उहाँ अभि-रुचि राख्नु हुन्थ्यो। त्यो स्वभाव उहाँमा आजसम्म पनि कायम छ।

नौ वर्षको उमेरमा श्रीसुभद्रादेवीका साथ उहाँको विवाह भएको थियो। उहाँको पन्ध्र वर्षको उमेर हुँदा आमाको देहान्त भयो। पछि उहाँले त्यो वेलाको चलन अनुसार श्रीगीर्वाणकुमारीका साथ दोस्रो विवाह पनि गर्नुभएको थियो। उहाँका श्रीमतीहरूमा सौताको भाव थिएन। परस्परमा राम्रो मेल-मिलापको भाव थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी दुई पत्नीहरूमध्ये जेठी पत्नीबाट क्रमशः पुत्रहरू श्रीविष्णुप्रसाद मास्के, श्रीसुरेन्द्रकुमार मास्के, श्रीगजेन्द्रकुमार मास्के, श्रीहरेन्द्रकुमार मास्के र श्रीकर्णप्रसाद मास्के जन्मनु भयो। एवंप्रकार दुई पत्नीबाट मथुरादेवी, टंककुमारी, सरस्वती देवी, इन्द्रकुमारी, उत्तरादेवी र छत्रकुमारी छोरीहरूको जन्म भयो।

१९८८ साल मार्गमा कान्छी पत्नीको स्वर्गारोहण भए पछि श्रीमास्केज्यूलाई पत्नीवियोगले ठूलो पीडा दियो तापनि जेठी पत्नी ज्यादै शीलस्वभावकी भएकी हुनाले सौताका सन्तानहरूलाई आफ्नै सन्तान जस्तै गरेर स्याहार सँभार गर्नुभयो। फलस्वरूप मास्केज्यू चिन्तारहित हुन पाउनुभयो। उहाँकी जेठी श्रीमती अत्यन्त पति-भक्त, दानशील, धर्मपरायण, आदर्श गृहिणी हुनुहुन्थ्यो। फलस्वरूप अरिमर्दनज्यूको गृहस्थाश्रम सुखसित बित्यो। साथै उहाँले इमान्दारी-पूर्वकको खेती र व्यापारको व्यवसायबाट पर्याप्त सम्पत्ति पनि कमा-उनुभयो। यसरी धर्मकर्मका-साथै उहाँले सुख-भोगपूर्वक जीवन बिताउन लाग्नुभयो।

श्रीमास्केज्यूले २००४ सालमा धरानमा घर बनाउनुभयो। छोरा सुरेन्द्र कुमारले धरानमै स्कूलमा पढाउन लाग्नुभयो। यसरी पहाडबाट मधेशतिर उहाँको बस्ती सर्न लाग्यो। २०१० सालमा विराटनगरमा जलजले सिनेमा हॉल खोलेर उहाँका परिवारहरूमध्ये कोही परिवार विराटनगर र कोही धरानमा बस्ने गर्न लागे। वेलेपुर भन्ने ठाउँमा उहाँको खेती हुन्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मास्केज्यूको ५८ वर्षको उमेरमा सम्वत् २०१४ सालमा उहाँकी जेठी श्रीमतीको पनि देहान्त भयो। भगवद्भक्तिको बलले पत्नीवियोग उहाँलाई असह्य भएन, धैर्यपूर्वक सहनुभयो।

धार्मिक भावनालाई सदैव कायम राख्ने उहाँको प्रवृत्ति अनुसार श्रीमास्केज्यू प्रातःकालमै उठेर, स्नान सन्ध्या गर्नुका साथै पाठ आदि धार्मिक कर्महरूमा संलग्न रहनुहुन्छ।

उहाँ सामाजिक कार्यमा सहयोग गर्नुका साथै धार्मिक काम हरूमा आर्थिक योगदान गर्नुपर्छ भन्ने विचार राख्नुहुन्छ। अतएव उहाँबाट खोलिएको सुभद्रा मीलमा बनाएको शिव पञ्चायन मन्दिरको नियमित पूजाका लागि र धरान बालिका विद्यालयका निमित्त जग्गा दान दिनुका साथै अन्य विविध धार्मिक सामाजिक काममा आर्थिक सहयोग गर्नुभएको छ र गरिरहनुहुन्छ।

श्रीमास्केज्यूको प्रकृति ज्यादै सरल छ। धनवान खानदानी परिवार भएर पनि उहाँलाई बडप्पनको गन्धले कत्ति पनि छोएको छैन। उहाँका छोराहरूले एक एक उद्योग धन्धालाई अपनाएर नेपालको औद्योगिक क्षेत्रमा प्रशस्त नाम कमाउनुभएको छ। समाजमा मास्केज्यूका परिवारको ठूलो प्रतिष्ठा छ। विराटनगर उहाँको प्रमुख निवासस्थान र व्यावसायिक ठाउँ बनेको छ तापनि काठमाडौंमा पनि उहाँका परिवारहरू रहनुहुन्छ। श्रीमती विमला मास्के उहाँकी जेठी बुहारी श्रीसुरेन्द्रकुमार की अर्द्धाङ्गिनी हाल राजसभा स्थायी समितिका सदस्य हुनुहुन्छ। नेपाली महिला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजमा उहाँले जनसेवाको माध्यमबाट प्रशस्त ख्याति अर्जित गर्नुभएको छ।

मानिसको आफ्नो वास्तविक कल्याण गर्ने इच्छा पूर्व-पूर्व जन्मको पुण्य अनुसार नै ज्यादा र कम हुन्छ। ऐलेको पुरुषार्थबाट कम इच्छालाई प्रवल बनाउनुपर्दछ। यसैका लागि यो अति उत्तम मानव चोला मिलेको हो भन्ने धारणा मास्केज्यू राख्नुहुन्छ। केवल खाएर र लगाएर मात्र मनुष्य चोला सार्थक हुँदैन। यहाँबाट परलोक गएपछि पनि मानिसले जिन्दगीलाई आरामका साथ बिताउन पाउनुपर्छ भन्ने भावना लिनुभएर उहाँले जीवनको प्रारंभ कालदेखि नै परलोक सुधारका लागि दान पुण्य पाठ पूजा ईश्वर चिन्तन आदि पुण्यकर्म गर्दै आउनुभएको छ। व्यर्थ खर्च गर्नुभन्दा व्यवहारमा कम खर्च गरेर बचेको पैसालाई परोपकार आदि पुण्य कार्यमा लगाउनुपर्छ भन्ने उहाँको सिद्धान्तलाई लिएर उहाँको जीवनीका लेखक पं० तुलसीराम ढकालज्यूले श्रीमास्केज्यू प्रति "जानेको छ मितव्ययी रहनमा जसले तरीका ठूलो" भनी उद्‌गार व्यक्त गर्नुभएको छ।

अद्वैत संस्थासित सम्पर्क :—श्रीमास्कोज्यूले अद्वैत संस्थासित सम्पर्क २०३२ सालमा मात्र राख्न पाउनुभयो। काठमाडौंमा संस्थासित सम्बन्ध जोर्ने मौका उहाँलाई जब मिल्यो त्यो वेलादेखि नै उहाँ संस्थाको उच्चतर र सरल सिद्धान्तबाट आकृष्ट हुनुभयो। मानिसको जीवन पाएको वेला आफूलाई नचिने ठूली हानि हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनकी आफूले आफूलाई चिनेमात्र मानिस यो संसारबाट सदाका लागि मुक्त हुन सक्छ भन्ने शास्त्रको सिद्धान्तलाई अनुभव गराइदिने एकमात्र संस्था यो नै हो भन्ने कुरामा उहाँलाई सत्संग र श्रीगुरुदेव रचित ग्रन्थहरूबाट पत्यार बढदै गयो। उहाँ काठमाडौं रहनुहुँदा त्रिपुरेश्वरस्थित आफ्नो निवासस्थानबाट प्रतिदिन जस्तो झरी घाम आदिको समयमा पनि नियमितरूपले अद्वैत संस्था सत्संग मन्दिरमा आइरहने र प्रश्न गर्ने आदि गर्न थाल्नुभयो। क्रमशः नेपाली ग्रन्थ र साक्षात्कार पत्रिका पढन थाल्नुभयो।

श्रीमास्केज्यूको स्वभाव छ—सुनेको कुरालाई बुझेर मात्र छोडने। त्यसैले आफूले नबुझेसम्म उहाँ सोधि नै रहनुहुन्थ्यो र सुनेको कुरा नविर्सनका लागि नोट बूकमा टिपेर पनि लिनुहुन्थ्यो। यसरी उहाँलाई अद्वैत संस्थाका उच्चपदाधिकारी श्रीअनन्तलाल सरस्वती, पं० विष्णुप्रसाद न्यौपाने, के० सभापति श्रीगोविन्दराम सरस्वती, उपकुलपति श्रीज्ञानहरि सरस्वती, अद्वैतहृदय श्रीवसन्त-लाल (आनन्दज्ञान) र श्रीज्ञानेश्वर सरस्वती देवेश्वरबाट प्रशस्त वेदान्त सुन्ने बुझ्ने र शंकासमाधान गर्ने मौका मिल्दैगऱ्यो।

यसरी श्रीअरिमर्दनज्यू काठमाडौंबाट विराटनगर जानु भएको वेला पनि उहाँका सत्संगप्रेमी र विद्वानहरूका बीच अद्वैत संस्थाको उद्देश्य बारे प्रकाश पार्नु हुँदै नेपाली ग्रन्थ पढने, पढन लगाउने र आफू को हो ? आफू हो शरीरदेखि अलग भन्ने शंका र संक्षिप्त समाधान दिनु पनि हुन्थ्यो। एवं प्रकार सत्संगको प्रभावले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहाँमा पुण्यको वृद्धि हुँदै गयो। यसप्रकार सत्संगतिर उहाँको झुकाउ हुँदै जानुबाट उहाँका परिवारहरूको पनि अद्वैत संस्था प्रति आस्था बढन लाग्यो। परिवारहरू प्रभावित हुनुको फलस्वरूप संस्थाका परिवारहरूलाई काठमाडौं निवासस्थानमा सादर बोलाउने र आत्माको कुरा सुन्नेपट्टी रुचि बढन थाल्यो । यसैको परिणामले साक्षात्कार पत्रिकाका प्रधान सम्पादक श्रीविष्णुप्रसाद सरस्वतीज्यूसित श्रीमास्केज्यूका वन्धु बान्धवहरूको सम्पर्क बढ्यो।

गत ०३२ फागुनदेखि ०३३ जेष्ठ महिनासम्म श्रीगुरुदेव काठमाडौं राजभयो। ठूलो सतसंग चल्यो। प्रतिबन्धवश इच्छा भएर पनि श्रीमास्केज्यू त्यो वेला विराटनगरबाट काठमाडौं आउन पाउनुभएन। श्रीगुरुदेको दर्शन गर्ने उहाँको मनमा ठूलो आकांक्षा थियो। इच्छा तीव्र भएपछि ,परमात्मा पूरा गरिदिनुहुन्छ। त्यो इच्छा श्रीमास्केज्यूको काशीमा पूरा हुन आयो।

यही साल गएको कार्तिक १६ गते श्रीगुरुदेवको काशीमा सवारी भयो। १९ देखि २५ गते सम्म बालाजी मन्दिरमा श्रीगुरुदेवबाट शंकराचार्यकृत उपदेशपञ्चकको व्याख्यान सहित उपदेश बक्सनुका साथै निवासस्थान हाटकेश्वर भवनमा भगवान शंकरका अरू दुई प्रसिद्ध स्तोत्र गोविन्दाष्टक र श्री दक्षिणामूर्त्यष्टकको व्याख्या लेखाइबक्स्यो। सो अवसरमा नेपालका धेरै अद्वैत संस्थाका परिवारहरू उपदेश ग्रहण गर्न आउनुभयो। सोही मौकामा श्रीअरिमर्दन मास्केज्यू पनि श्रीगुरुदेवको दर्शनार्थ काशीमा पुग्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो। श्रीगुरुदेवको प्रत्यक्ष दर्शन गर्ने उहाँको यो पहिलो सौभाग्य-पूर्ण अवसर थियो। दर्शन पाएपछि उहाँले वाल्यावस्थादेखिको आफ्नो सत्कर्म सफल भएको संझनुभयो। ज्ञानवान पुरुष ईश्वर-बराबर हुनुभएको हुनाले उहाँको दर्शन सेवा र उपदेशबाट क्रमशः पापप्रक्षालन, श्रीबृद्धि र आत्मज्ञान प्राप्त हुन्छ भन्ने शास्त्रको वचन अनुसार श्रीमास्केज्यूले आफ्नो जन्म जन्मान्तरको पापप्रक्षालन भएर गएको महसूस गर्नुका साथै आफू भन्ने देह इन्द्रिय मन वुद्धि र अहंकार हैन, किन्तु आफू हो यिनीहरूको केवल प्रकाशक साक्षी चैतन्य भन्ने कुरा थाहा पाउनुभएर अत्यन्त हर्षित हुनुभयो।

श्रीमास्केज्यू आफ्नो धनबाट अद्वैत संस्थाको केही सेवा गर्न चाहनुहुन्थ्यो। फलस्वरूप उहाँको यो अभिलाषा पूर्ण भयो। श्रीगुरु-देवको आज्ञा पाएर उहाँ श्रीशंकराचार्यका यी प्रसिद्ध तीन स्तोत्रका माथि श्रीगुरुदेवबाट गरिवक्सेको व्याख्यारूप "शंकर लघुग्रन्थत्रय" पुस्तकलाई सम्पूर्ण अर्थ व्यय गरी प्रकाशित गर्न उत्सुक हुनुभयो। पुस्तक प्रकाशनसम्बन्धी अभिभारा श्रीगुरुदेवबाट मलाई बक्सेर धर्मनिष्ठ श्रीडिल्लीराज सरस्वतीलाई सहायकको रूपमा काम गर्न आज्ञा बक्स्यो।

श्रीमास्केज्यूको विस्तृत जीवनी विराटनगर निवासी पं० तुलसीराम ढकालज्यूबाट लेखिएको छ। सो समयमा प्रकाशित हुनेछ। उक्त जीवनीबाट मलाई सामग्री लिन सहायता मिल्यो। अतः श्रीढकालज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९)

यसरी श्रीअरिमर्दन मास्केज्यू अद्वैतसंस्था जस्तो एकमात्र संसार-सागर-तारक प्रतिष्ठानको ग्रन्थप्रकाशन जस्ता उच्चतम कार्य-द्वारा सेवा गर्न पाएकोमा अत्यन्त प्रसन्नता व्यक्त गर्नुहुन्छ। यो पवित्र कार्यबाट सपरिवार उहाँको उत्तरोत्तर सद्बुद्धि बढ्दै जानेछ र फलस्वरूप आफ्नो वास्तव स्वरूप साक्षिचैतन्यलाई जगत्प्रपञ्च-रहित निर्गुण परमेश्वरदेखि अभिन्न भनी बोध गर्न सक्नुहुनेछ।

अन्तमा उहाँका भानिज श्रीवीरमणि प्रधान (विराटनगर)-लाई म धन्यवाद दिन चाहन्छु, जसबाट स्वयं मास्केज्यूलाई र मलाई आवश्यक परमर्श दिएर सन्तुष्ट गर्नुभएको थियो।

—देवेश्वर

अद्वैतसंस्था प्रधानशाखा, वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रोत्रिय ब्रह्मनिष्ठ परमपूज्य श्रीगुरुदेव डा० क्षितीशचन्द्र चक्रवर्तीज्यूद्वारा रचित कर्म, भक्ति, ज्ञान, समाधि, साक्षात्कार, जीवन्मुक्ति एवं विदेहमुक्ति आदि शास्त्रीय विषयको गम्भीर एवं विशद विवेचनालेपूर्ण कृतिहरू

नेपालीमा

(१) अमृतवचन, (२) आत्मप्रकाश, (३) महौषधि, (४) ज्ञानदीप, (५) आत्मविचार, (६) गीतारहस्य, (७) स्वरूप प्रकाश, (८) सुखको बाटो, (९) ईश्वर विज्ञान, (१०) ज्ञान साधन, (११) ज्ञानसर्वस्व, (१२) ज्ञानालोक, (१३) वाशिष्ठामृत, (१४) हस्तामलक, (१५) आत्मनिष्ठा, (१६) वेदान्तरहस्य प्रश्नोत्तरी, (१७) अद्वैत सुधा, (१८) आत्मप्रदर्शन, (१९) वेदान्त विज्ञान, (२०) गीतामृत, (२१) योगसिद्धि, (२२) पराशान्ति, (२३) अद्वैत सर्वस्व, (२४) ज्ञाननिष्पत्ति, (२५) वेदको कर्मकाण्ड र ज्ञानकाण्ड, (२६) गीताको भूमिका, (२७) सुषुप्ति र सृष्टि, (२८) रूरूक्षेत्र र साक्षात्कार, (२९) मोक्षको अनन्यमार्ग, (३०) चतुःसूत्री, (३१) आत्ममनन, (३२) अद्वैत चिन्तामृत, (३३) जीवन्मुक्ति सिद्धि, (३४) आत्मानुसन्धान, (३५) सूत्रप्रस्थान, (३६) ब्रह्मगीता, (३७) जगद्भ्रम-निरसन, (३८) साक्षात्कार रहस्यको विवेचन, (३९) विचारालोक, (४०) गीता गूढार्थदीपिका, (४१) शंकर जीवनी, (४२) भक्ति शिक्षा, (४३) नैतिक शिक्षा, (४४) सुभाषित रत्न, (४५) गीता परिचय, (४६) गीता सार, (४७) अच्युताष्टक, (४८) श्रुति विज्ञान, (४९) चित्त विश्रान्ति, (५०) साधन रहस्य, (५१) नारायणप्रसाद, (५२) मोक्षोपाय गुरुचन्द्रिका, (५३) वाशिष्ठ विज्ञान प्रथम खण्ड, (५४) वाशिष्ठ विज्ञान द्वितीय खण्ड, (५५) शांकर वाशिष्ठ वेदान्तरहस्य, (५६) शत सूत्री, (५७) गीतामा अद्वैतवाद, (५८) हरिस्तोत्र, (५९) योगवाशिष्ठ प्रश्नोत्तरी, (६०) परमार्थ प्रश्नोत्तरी, (६१) सर्वोत्तम ध्यान, (६२) अ[illegible] तात्पर्य, (६३) तत्त्वप्रकाश,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१)

(६४) सनातन धर्म, (६५) कैवल्य कुञ्जिका, (६६) एक जीववाद, (६७) अजातवाद, (६८) श्रुतिसार समुद्धरण, (६९) गीतामृत सार संग्रह, (७०) परमेश्वरको सत्ता, (७१) वशिष्ठ गीता (प्रेसमा), (७२) मनोविज्ञान र मनोनिरास (प्रेसमा), (७३) चित्त र चैतन्य (प्रेसमा), (७४) काष्ठमण्डप र शिवसाक्षात्कार (प्रेसमा), (७५) प्रकीर्ण लेखावली (प्रेसमा), (७६) उपदेश सारसंग्रह (प्रेसमा), (७७) शान्ति-गीता ।

हिन्दीमा

(१) भगवान विश्वनाथका स्वरूप, (२) वेदान्त विज्ञान, (३) क्षेत्रज्ञ, (४) समाधि, (५) सर्वविज्ञान, (६) साधन-सार-संग्रह, (७) तैत्तिरीय उपनिषद्, (८) छान्दोग्य उपनिषद्, (९) आनन्दतत्त्व मीमांसा, (१०) ज्ञाता और ज्ञेय की एकता, (११) वेदान्त परिशीलन, (१२) वाच्यैकता, (१३) सर्वत्याग, (१४) आत्मनिरूपण, (१५) प्रपञ्च प्रतीति, (१६) सृष्टि समीक्षा; (१७) सनातन धर्म, (१८) भक्ति और विचार, (१९) षट्पदी स्तोत्र, (२०) चित्तविश्रान्ति, (२१) योगवाशिष्ठ सार, (२२) लघु वाक्य-वृत्ति, (२३) रामगीता, (२४) भक्ति और ज्ञान, (२५) स्वरूप चिन्तन, (२६) परमात्मवासना और पूर्णानन्द, (२७) भगवत्पूजन, (२८) वेदान्त-विचार, (२९) सफल विचार या यथार्थ ज्ञान, (३०) भक्ति और साक्षात्कार, (३१) सुख और दुःख, ३२) पुरुषापराध और उसकी निवृत्ति ।

□ □

द्रष्टव्य—नं० ६६ देखि ६८, ७१ देखि ७६, ७ देखि ८, १० देखि १२, १७ देखि १८, १९ देखि २३ र २४ देखि ३२ सम्मका ग्रन्थहरू क्रमशः "लघु वेदान्तत्रय", "बृहद् वाशिष्ठ विज्ञान", "उपनिषद्का अनुभव", "वेदान्तरहस्य", "कर्म भक्ति और विचार", "स्वरूपानुभव" र "भक्ति और ज्ञान" नामले ग्रन्थाकारमा प्रकाशित भएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

English Classics : Edited by Shri

(1) The Book of Job

(2) William Blake : Songs of Innocence, S
and The Everlasting Gospel

(3) Carlyle's Sartor Resartus; Heroes & I

(4) Browning's Selected Poems; Critical S
Poems of Robert Browning

(5) Shelley's Prometheus Unbound and

(6) Wordsworth's The Prelude (Bks. I–IXIV; Pr
Poetry)

(7) Milton's Paradise Lost (Bks. I & IV)

(8) Johnson's Life of Pope; Life of Dryden; Life of Gray

(9) Golden Treasury of English Songs & Lyrics (Bks. I-…

Author of

(10) Select English Essays

(11) Essays for M. A. Students

(12) Vision of Reality

(13) Great Panacea

अद्वैत संस्थाबाट प्रकाशित संपूर्ण पुस्तक-
हरूको एकमात्र प्राप्तिस्थान

साझा प्रकाशन

काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu